# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

**२३औं जनयुद्ध दिवस विशेष**

वर्ष ३, अङ्क ३५, पूर्णाङ्क १३० | २०७४ फागुन २ गते बुधबार | Wednesday, 14 Feb 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## युवा सम्मेलन तयारी अन्तिम चरणमा

### नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओलीले सम्मेलन उद्घाटन गर्ने

■ **रातो खबर संवाददाता**/काठमाडौं




नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन राष्ट्रिय युवा जनस्वयम्सेवकको तेस्रो राष्ट्रिय सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको जानकारी सङ्गठनका संयोजक बाबुराम राई 'विवश' ले दिएका छन् । विराटनगरमा फागुन ६ गते हुने सम्मेलनको उद्घाटन ... बाँकी पृष्ठ ११ मा

# 'निराशाको समय गयो !'

# नयाँ कार्यभार पूरा गर्ने दिन आएको छ

■ **रातो खबर संवाददाता**/काठमाडौं






तस्विर : भीम चापागाई

*नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त आयोजनामा मङ्गलबार काठमाडौँमा आयोजित २३ औँ जनयुद्ध दिवस समारोहका वक्ता (बायाँ) र सहभागी ।*

जनयुद्धको २३ औं वार्षिकोत्सवको अवसर पारेर नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवले अब निराश हुने समय गएको बताउनुभएको छ। उहाँले अब नेपाली क्रान्तिको नयाँ कार्यभार पूरा गर्ने दिन आएको पनि बताउनुभएको छ।

जनयुद्धको २३ औं वार्षिकोत्सवका अवसरमा रातो खबर साप्ताहिकलाई दिनुभएको लामो अन्तर्वार्तामा महासचिव विप्लवले उक्त कुरा व्यक्त गर्नुभएको हो । विगतका ११ वर्षहरूमा दुईवटा दूरगामी महत्वका घटना भएको प्रसङ्ग उठाउँदै उहाँले भन्नुभएको छ, ' पहिलो, महान् जनयुद्धलाई साम्राज्यवादी, दलाल पुँजीवादी, संशोधनवादी, आत्मसमर्पणवादी, विसर्जनवादीहरूको साँठगाँठमा विजर्सन गर्ने षड्यन्त्र गरियो। त्यसले गर्दा नेपाली जनताले रगत बगाएर प्राप्त गरेका उपलब्धिहरू गुम्न पुगे। देशमा प्रतिक्रान्ति लाद्ने धृष्टता गरियो । जनयुद्धको नेतृत्वमा रहेका प्रचण्ड–बाबुरामहरूले भयानक गद्दारी गर्दै दलाल पुँजीवादी र साम्राज्यवादीसामु आत्मसमर्पण गर्न पुगे । क्रान्तिमा बेहिच्किचाहट बलिदान गर्ने सहिद तथा बेपत्ता परिवार, घाइते योद्धा र श्रमिक जनतालाई निराशाको भुमरीमा डुबाउन खोजे ! नेपालमा महान् जनयुद्धबाट समाप्त हुनै थालेको प्रतिक्रियावादी संसदीय व्यवस्थालाई फर्काएर पुनर्स्थापना गरियो। दोस्रो, क्रान्तिप्रति गरिएको गद्दारी र प्रतिक्रान्तिकारी हर्कतका विरुद्ध क्रान्तिकारीहरूको विद्रोह भयो । साम्राज्यवादी, दलाल पुँजीवादीहरूका घेराबन्दी चिर्दै साथै आत्मसमर्पणवादी र विसर्जनवादीहरूका अवरोधहरूलाई धुजाधुजा पार्दै क्रान्तिकारी नेता, कार्यकर्ता र श्रमिक जनताले यो विद्रोह गर्‍यौं र नेपाली क्रान्तिलाई समाप्त पार्न चाहने प्रतिक्रान्तिकारी षड्यन्त्रलाई ध्वस्त पारिदियौं । हामीले

**महासचिव विप्लवको विशेष अन्तर्वार्ता पृष्ठ ३**

क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी निर्माण गर्‍यौं, क्रान्तिलाई पूरा गर्ने 'एकीकृत जनक्रान्ति' को कार्यदिशा निर्माण गर्‍यौं। जनताको जनमुक्ति सेना निर्माण गर्‍यौं। जनसत्तालाई पुनः सङ्गठित गर्‍यौं। क्रान्तिका आवश्यक साधनहरू निर्माण गर्‍यौं र प्रतिक्रियावादी दलाल संसदीय व्यवस्थाविरुद्ध एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेका छौं । यो सफलतापूर्वक अगाडि बढ्दैछ । सङ्क्षेपमा भन्दा प्रतिक्रियावादी र आत्मसमर्पणवादीहरूले क्रान्ति समाप्त गर्न चाहेका थिए तर त्यो हामी क्रान्तिकारीहरूको सचेत पहलमा सफल हुन पाएन । क्रान्ति बचेको छ र पुनः अगाडि बढेको छ। हामीलाई लाग्छ यी दुवै नकारात्मक र सकारात्मक घटनाहरू विश्व राजनीतिमा दर्ता भएकाछन् ।'

जनताको बीचमा रहेर जनयुद्ध दिवस मनाइरहनुभएका विप्लवले अगाडि भन्नुभएको छ, 'जनयुद्ध दिवस भव्य उत्साह र उमङ्गका साथ मनाऔं ! निराशाको समय गयो ! नयाँ कार्यभार पूरा गर्ने दिन आएको छ । जनयुद्ध र जनविद्रोहको उच्च संश्लेषण ' ... बाँकी पृष्ठ ११ मा

## एनसेलमाथि देशभर जनकारबाही

■ **झनक श्रेष्ठ**/काठमाडौं



२३ औं जनयुद्ध दिवसको पूर्वसन्ध्यामा नेकपाको आह्वानमा जनताले सोमबार राती राजस्वमारा भ्रष्ट एनसेल कम्पनीमाथि राजधानी काठमाडौँलगायत देशव्यापी आक्रमण गरेको समाचार प्राप्त भएको छ। रातो खबरका जिल्ला संवाददाताहरुले मुलुकका विभिन्न जिल्ला र स्थानमा रहेका एनसेलका टावरहरुमाथि नेकपाका कार्यकर्तासहित जनताहरुले आक्रमण गरी चेतावनी दिएको बताएका छन् ।

रामेछाप संवाददाताका अनुसार नेकपाका कार्यकर्ताहरुले रामेछापको पुरानो सदरमुकाम रामेछापडाँडा र लखनपुरको थापागाउँमा रहेका एनसेल टावरमा आगजनी गरेका छन् । यसैबीच दोलखा जिल्लाको सदरमुकाम चरीकोटनजिकै चरीघ्याङडाँडामा रहेको एनसेल टावरमाथि नेकपाका कार्यकर्ताले कारबाही गरेको जानकारी दोलखा संवाददाताले जनाएको छ।

यसै सिलसिलामा सोलुखुम्बु जिल्लाको दूधकुण्ड नगरपालिका लिङ्ला पत्ताले डाँडामा रहेको टेलिफोन सेवाप्रदायक संस्था एनसेलको टावरमा सोमबार राती तोडफोड र आगजनी गरिएको छ। त्यसैगरी सुनसरीको इटहरी उपमहानगरपालिका ११ खनार, सिन्धुलीको कमलामाई नगरपालिका २ चपौली, धनुषाको मिथिला बिहारी नगरपालिका २ ... बाँकी पृष्ठ १० मा

## नेकपाका सल्लाहकारमाथि सामन्तीको षड्यन्त्र

■ **रातो खबर संवाददाता**/विराटनगर

नेकपाका केन्द्रीय सल्लाहकार सदस्य लव प्रधानलाई ४० वर्षदेखि बस्दै आएको थातथलोबाट उठाउने षड्यन्त्र भएको खबर छ। प्रधान विराटनगर महानगरपालिका- ९ स्थित मुसहर टोलमा रहेको ऐलानी जग्गामा ४० वर्षदेखि हकभोग गर्दै आएका छन् । स्थानीय फटाहा विराटनगरकै विजय मल्लले जाली कागजात बनाएर प्रधानको बास उठाउने षड्यन्त्र गरेका छन्। विराटनगरका पुराना वामपन्थी नेता प्रधान हाल विराटनगर ट्राफिक चोक, गुद्रीबजारको उत्तरमा करिब ०-१८-० धुर ऐलानी सरकारी पर्ती जग्गामा बस्दै आएका छन् । जग्गाको मूल्य बढ्दै गएपछि सँधियार रहेका विजय मल्लले जालसाजी गर्न थालेका हुन्। मोरङ जिल्ला अदालत र पुनरावेदन अदालतले पीडित पक्ष लव प्रधानले दाबी गरेभैँ ऐलानी (सरकारी जग्गा) भएको कुरा पुष्टि गरी निवेदककै श्रीमती कृष्णकुमारी प्रधानका नाममा बसोबास र चारकिल्ला प्रमाणित गरिदिएको थियो । धनाढ्य, सामन्ती विजय मल्लले त्यस क्षेत्रका अनेक व्यक्तिलाई उठीबास गराइसकेका छन्। दुई तहका अदालतसमेतले विजय मल्लले जालसाजी तथ किर्ते गरेर उक्त घडेरी हडप्न खोजेको प्रमाणित गरिदिएका थिए । त्यसपछि पीडक मल्लले आफ्ना नातेदार न्यायाधीश भएको मौका पारेर लाखौं घूस खुवाई आफ्नो पक्षमा फैसला गराउन सफल भए। पछिल्लो सर्वोच्चको फैसलाबमोजिम घर भत्काउन आएको प्रशासनको टोलीलाई स्थानीय र नेकपाका कार्यकर्ताले रोकेका थिए। पीडित प्रधानदम्पतीले सर्वोच्चको फैसला त्रुटिपूर्ण र अन्यायपूर्ण भएको जिकिर गर्दै पुनरावेदन गरेका छन्।



*सल्लाहकार लव प्रधान*

मोरङ नापी शाखाले पीडित लव प्रधानको परिवारलाई बसोबास प्रमाणित गरिदिएको, ४० वर्षदेखि हकभोग गर्दै आएको, अन्यत्र पीडितको विकल्पसमेत नभएकाले विजय मल्लको जालसाजी न्यायपूर्ण समाजका लागि न्यायपूर्ण र स्वीकार्य हुँदैन । राज्यका तीनवटा निकायले चारकिल्ला गरी सो जमिन ऐलानी (सरकारी जग्गा) भएको प्रमाणित गरेको र नापी कार्यालयले समेत प्रमाणित नजिर हुँदाहुँदै ठूलो रकमको चलखेलमा जग्गा हडप्ने मल्लको षड्यन्त्र निन्दनीय भएको स्थानीयको धारणा छ।

## देशभर जनयुद्ध दिवस मनाइयो

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेकपाले देशभर २३ औं जनयुद्ध दिवस सम्पन्न गरेको छ । दाङ संवाददाता जानकी दहितका अनुसार जनयुद्ध दिवसका अवसरमा नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लाका विभिन्न ठाउँमा दीप प्रज्वलन तथा कोणसभा सम्पन्न गरेको छ। फागुन १ गते महान् जनयुद्ध दिवसको पूर्वसन्ध्यामा साँझ जिल्लाका १० ठाउँमा एकैसाथ सहिदहरूको सम्झनास्वरूप दिप प्रज्वलन तथा कोणसभा कार्यक्रम सम्पन्न गरेको हो । दाङका तुलसीपुर, घोराही, लमही, भालुबाङलगायत ठाउँहरूमा जनयुद्ध सुरुआतको दिनलाई सम्झना गर्दै बाँकी कार्यभार पूरा गर्ने उद्कोषका साथ दीपावली तथा कोणसभा कार्यक्रम गरिएको नेकपा दाङले जनाएको छ । नेकपा तुलसीपुर नगर कमिटीको आयोजनामा तुलसीपुको वीरेन्द्रचोकमा दीप प्रज्वलनपछि तुलसीपुरका इन्चार्ज किरण डाँगीले सम्बोधन गर्नुभएको छ। कार्यक्रमको सञ्चालन जिल्ला सचिवालय सदस्य विकास वलीले गर्नुभएको थियो।

यसैबीच घोराहीमा नेपाल कम्युनिस्ट पार्टी र नेकपा क्रान्तिकारी माओवादीको संयुक्त आयोजनामा दीप प्रज्वलन तथा कोणसभामा नेकपाका घोराही इन्चार्ज बिहानी थारू र नेकपा क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी रामजी चौधरीले सम्बोधन गर्नुभएको थियो। नेकपा दाङका सेक्रेटरी विक्रमले २३ औं जनयुद्ध दिवसका अवसरमा जारी गर्नुभएको शुभकामना सन्देश वाचन गरिएको थियो । कार्यक्रमको सञ्चालन घोराही सेक्रेटरी जनक विकले गर्नुभएको थियो। त्यस्तै लमही भालुबाङमा पनि दीप प्रज्वलन गरिएको थियो।

बुटवल : शिव डुम्रेका अनुसार बुटवलमा २३ वटा मैनबत्ती प्रज्वलित थिए, जिल्लाभरका विभिन्न पार्टी, संस्था, सङ्गठनका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति, सयौं कार्यकर्ताहरूको माझमा अबिरको रातो टीका लगाएर औपचारिक कार्यक्रम गरी नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीले मङ्गलबार जनयुद्ध दिवसको स्मरण गरेको छ।

सँगै जनयुद्ध लडेका कतिपय सारथीहरू फरक ठाँटबाँटमा देखिन्थे भने कतिपय उस्तै थिए । जनयुद्धमा लडेका घाइतेदेखि सहिदका परिवारसम्मको उपस्थिति रहेको कार्यक्रममा धेरैजसो वक्ताले जनयुद्धले जति उपलब्धि प्राप्त गर्नुपर्ने थियो त्यो नगरेको बताएका थिए।

कार्यक्रम आयोजक नेकपाका लुम्बिनी ब्युरो सदस्यसमेत रहेका रूपन्देही जिल्ला इन्चार्ज शरद वलीले भने जनयुद्धलाई धनयुद्धमा परिणत गर्नेहरूले जनयुद्ध बिर्से पनि आफूहरूले जनयुद्धको उपलब्धि, जनताको मर्म र भावनालाई एकीकृत गरेर एकीकृत ... बाँकी पृष्ठ ११ मा

## जनयुद्धको २३ औँ वार्षिकोत्सव–जिन्दावाद !

**देश/परिवेश**

■ सन्तोष बुढामगर



१. **जनयुद्धको स्मरण**

नेपालको इतिहासमा जनयुद्ध एउटा स्वर्णिम इतिहास बनेर अङ्कित भएको छ । तत्कालीन परिवेशमा विद्यमान राजतन्त्रात्मक संसदीय व्यवस्था अन्त्य गरी नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने ७ बुँदे प्रतिबद्धतासहित क्रान्तिको शङ्खघोष गरिएको दिन थियो २०५२ फागुन १ गते । यसले २२ वर्ष पूरा गरेर २३ औं वर्षमा प्रवेश गरेको छ। तर अहिले जनयुद्धले रूप बदलेको छ। कसैको दिलदिमागमा जनयुद्ध मर्‍यो वा मारियो। उनीहरूको नजरमा जनयुद्ध अब छैन, तिनको दिलदिमागमा जनयुद्ध 'भूत' बनेर आतङ्कको विषय बनेको छ। अध्यात्मवादीहरू मरेर पनि तर्साउने अदृश्य वस्तुलाई 'भूत' भन्दछन्। उनीहरूको भनाइमा मान्छे मर्छ तर उसको आत्मा मर्दैन बरु अर्कोमा रूपान्तरण हुन्छ । कम्युनिस्टले यो त मान्दैन तर यसरी अर्थ्याउने हो भने पनि 'जनयुद्धको आत्मा मरेको छैन, त्यो अर्कोमा रूपान्तरण भइसकेको छ अर्थात् अर्को वस्तुमा विकास भएको छ।' भौतिकवादीहरूको भनाइमा 'जनयुद्धको अस्तित्व अझै छ। यसको सारतत्व मरेको छैन, बरु अर्को भौतिक वस्तुमा बदलिएको छ।' अर्थात् हाम्रो अर्थमा 'जनयुद्ध एकीकृत जनक्रान्तिमा विकास भएको छ। एकीकृत जनक्रान्ति जनयुद्धको विकास हो।' त्यसैले जनयुद्धको घाँटी रेट्ने र रेट्न खोज्नेहरूलाई आज जनयुद्धको 'भूत' ले सताइरहेको छ, पछ्याइरहेको छ र तर्साइरहेको छ। उनीहरूको सपना-विपना सबैतिर जनयुद्धको भूत आतङ्कको रूपमा छ। एक दिन त्यो दिन पनि आउने छ, जनयुद्ध अर्को रूपमा वर्तमान बनेर झुल्किनेछ। उनीहरूको मृत्यु वा अवसानको कारण पनि त्यही 'जनयुद्ध' नै हुनेछ।

यो सत्य हो, जनयुद्ध नेपालको तत्कालीन सामाजिक अन्तरविरोधहरूको हल गर्न सुरु गरिएको भीषण वर्गसङ्घर्ष थियो । यसको उत्कर्षको अवधि १० वर्ष रह्यो । यसपछि जनयुद्धलाई तत्कालीन नेतृत्वले जानीजानी 'कोमा' मा हाल्यो । जनयुद्ध अदृश्य भयो । दस वर्षको शान्तिकालीन भीषण अन्तरसङ्घर्ष र दुई लाइन सङ्घर्षको शल्यक्रियापछि यसको एउटा नक्कली रूप जनयुद्धको कचेराका रूपमा एकीकृत माओवादी बनेर संसद्वादी धारामा देखा पर्‍यो भने अर्को सक्कली रूप र सारतत्व नेकपा माओवादी हुँदै आठौँ महाधिवेशनबाट 'नेपाल कम्युनिस्ट पार्टी' भएर क्रान्तिकारी धारमा देखा पर्‍यो । संसदीय धारका रूपमा देखा परेको माओवादी धार दलाल र आत्मसमर्पणवादी, पलायनवादी, विसर्जनवादी, विचलनवादमा गएर वैचारिक राजनीतिक हिसाबले एमालेमा मिल्न गएको छ, साङ्गठनिक रूपले औपचारिकता दिन मात्रै बाँकी छ। यो क्रमशः पृष्ठ ९ मा

## सम्पादकीय

# २३ औँ जनयुद्ध दिवस र ७ बुँदे प्रतिबद्धता

नेपाली जनताले सामन्ती दासता, पुँजीवादी शोषणउत्पीडन, साम्राज्यवादी दोहन र सबैखाले विभेदबाट मुक्तिका लागि हतियार उठाएको २२ वर्ष पूरा भएर २३ वर्ष लागेको छ । २०५२ साल फागुन १ गते नेकपा (माओवादी) को आह्वान र नेतृत्वमा आरम्भ भएको जनयुद्ध २२ वर्ष पूरा भएर २३ वर्ष लागेको हो । माओवादीको एउटा धोकेबाज नेतृत्व महान् सहिदहरूको रगत लतपतिएको रक्तरञ्जित झन्डा फालेर वर्गदुस्मनसामु लम्पसार परे पनि नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशाबाट पृथक रूपमा जनयुद्ध जारी राखेको छ । नेकपाको आह्वानमा २३ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा भ्रष्ट, दलालहरूमाथि जनकारबाही गर्नुका साथै राजस्वमारा एनसेलमाथि देशव्यापी आक्रमण गरेर पृथक रूपमा जनयुद्ध जारी रहेको सङ्केत प्रस्ट रूपमै दिएको छ । नेकपाले २३ औँ जनयुद्ध दिवसको पूर्वसन्ध्यामा हिजोको जनयुद्धका पहलकर्तामध्येका दलाल, भ्रष्ट र अवसरवादी तत्वहरूले बनेको माके समूहलाई दलाल सामाजिक पुँजीवादी ठहर गर्दै सबैखाले दलाल र भ्रष्टहरूमाथि निर्ममतापूर्वक सङ्घर्ष गर्ने र प्रतिक्रियावादी सत्ताको चिहानमा वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्ने निष्कर्ष पनि निकालेको छ ।

विश्वमै कम्युनिस्ट आन्दोलन प्रतिकूल बन्दै गएको/त्यस्तो भ्रम परेको समयमा नेपाली जनताले प्रतिक्रियावादी सत्ताविरुद्ध हतियार उठाएर वसन्ते गर्जन गरेका थिए । नेपालका मात्र होइन, संसारकै सर्वहारावर्ग जनयुद्धको आरम्भसँगै हर्षित बनेको थियो । सर्वहारावर्गको हर्षलाई सफलतामा परिणत गर्दै जनयुद्धका करिब ११ वर्षमा नेपाली जनताले जनवादी सत्ताको अभ्यास गरे । सत्ताको रक्षा र पूरै सत्ता कब्जाका लागि जनमुक्ति सेना निर्माण भयो । जनताले रगतसँग साटेर हतियार कब्जा गऱ्यो र जनसेनालाई दियो अर्थात् जनताको सेनाले बर्बर हतियारको आडमा टिकेको राज्यसत्ता, वर्गवैरीको सत्ताको रक्षा गरिरहेको हतियार कब्जा गऱ्यो र जनतालाई सुम्पियो । फलस्वरूप नेपालमा जनताको सेना, जनताको हतियार, जनताको सत्ता, जनताको विचार निर्माण भयो । मुलुकको झन्डै दुई तिहाइ भूभाग जनताका पक्षमा आयो । यसका लागि नेपाल आमाका १० हजारभन्दा बढी सुन्दर र होनहार छोराछोरीको रगत बग्यो । हजारौँ योद्धा बेपत्ता बनाइए । हजारौँ अङ्गभङ्ग र घाइते भए । लाखौँ जनताले क्रूर राज्यसत्ताका अकथनीय दमन र प्रताडना भोग्नुपऱ्यो । जनताले सबै किसिमको त्याग, शौर्य, वीरता र बलिदान गरेर जनयुद्धलाई महान् बनाए ।

जनयुद्ध आरम्भ गर्दा माओवादीले सातबुँदे प्रतिबद्धता सार्वजनिक गर्दै पहिलो बुँदामा भनेको थियो, 'हाम्रो देशको विशिष्टताअनुसार गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धका रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचलित रहने प्रतिज्ञा गर्दछ ।' त्यसैगरी अर्को बुँदामा 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो भन्ने प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो कटिबद्धता जाहेर गर्दछ' भनिएको थियो । माओवादीले पार्टीको यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वंस गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातिको स्वर्णिम भविष्य- साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुने प्रतिबद्धता सार्वजनिक गर्दै एकपटक हतियार उठाएपछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौँ भन्ने उद्घोषसमेत गरेको थियो । माओवादीले भनेको थियो, 'यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादी वर्गलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन । यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्नपुँजीवादी, सङ्कीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमबाट सम्पूर्ण रूपले मुक्त रहनेछ ।'

तर विडम्बना ! त्यतिबेलाका युद्धनायक प्रचण्ड जनयुद्धका सबै प्रतिबद्धताहरू रछ्यानमा मिल्काउँदै र हजारौँ सहिदको रगतसँग प्रतिक्रियावादी सत्ता साटफेर गर्दै यतिबेला दलाल संसद्वादको रक्षक बनेका छन् । बाबुराम त मार्क्सवादी धाराबाटै विचलन भइसकेका छन् । शीर्ष नेतामध्येका एक बादल केही समय प्रचण्डलाई घुर्क्याउँदै फेरि त्यही प्रतिक्रियावादी सत्ताको जुठोपुरो चाट्न पुगेका छन् । सारमा जनयुद्धको एउटा तप्का पूर्ण रूपले दलाल संसद्वादमा पतन भएको छ र उसले कम्युनिस्ट पार्टीकै नाउँमा भ्रम पार्दै दलाल संसद्वादलाई लिपपोत गरी जनतामा कथित समाजवादको नारा बाँडिरहेको छ । क्रान्तिकारी तप्का सामाजिक दलाल पुँजीवादमा पतन भएको माके समूह र एमाले समूहका सबैखाले भ्रमबाट मुक्त भई वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्तिको बाटोमा दृढतापूर्वक अघि बढ्नु आवश्यक छ ।

जनयुद्ध आरम्भ गर्दा नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहने, सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्ने, पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादविरोधी सबै तह र तप्काका जनसमुदायलाई संयुक्त पारी सशस्त्र सङ्घर्ष सञ्चालन गरिने, कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र सङ्घर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरिब किसानहरूमाथि भर परेर चल्ने र कहिल्यै र कुनै पनि हालतमा पार्टी कुनै देशी एवम् विदेशी प्रतिक्रियावादी गुटहरूको दबाब, धम्की र प्रलोभनमा नपर्ने उद्घोष गरिएको थियो तर त्यसको ठीक विपरीत माके समूह यतिबेला भारतीय साम्राज्यवाद र अमेरिकी उत्तरसाम्राज्यवादको टाङमुनि छिरी उसकै निर्देशनमा क्रान्तिकारी तप्कालाई आतङ्ककारी घोषणा गर्दै दमन गर्ने नीति अख्तियार गरिरहेको छ । प्रतिबद्धताविरुद्ध विदेशी शक्तिहरूको इसारामा भ्रष्ट नेताहरूले जनयुद्ध विघटन गर्नुका साथै जनसत्ता, जनसेना, जनअदालत विघटन गरे र क्रान्तिकारी तप्का र मुक्तिकामी जनताको आशा र भरोसामाथि तुसारापात गरे । जनयुद्धको एउटा तप्का प्रतिक्रियावादमा पतन भए पनि नेपाली जनताको आशाको केन्द्रका रूपमा नेपाल कम्युनिस्ट पार्टीले फेरि जनतालाई क्रान्तिकारी आशावाद सञ्चार गरेको छ । जनयुद्ध आरम्भ गर्दा भनिएको 'युद्धका आफ्नै नियमअनुसार यो सरल रेखामा होइन, जटिल बक्ररेखामा अघि बढ्नेछ । लेनिनको 'क्रान्ति आफैँले आफ्नो विकास क्रममा सधैँ नै असाधारण जटिल परिस्थितिको सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात् गरेर जानु अनिवार्य छ । जित र हारको, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ । खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठीक ढङ्गले पक्डेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौँ' उत्कर्ष वाक्य अब माके वा अरू कुनै समूहबाट पूरा हुने कल्पना गर्न सकिँदैन । यसका लागि क्रान्तिको नयाँ कार्यदिशा एकीकृत जनक्रान्तिलाई केन्द्रमा राखेर सबैखाले दलाल, भ्रष्ट, कालोबजारिया, दलाल र गद्दारहरूका विरुद्ध विस्फोट भएर मात्र नेपाली जनताको विजय सुनिश्चित छ । महान् जनयुद्ध जिन्दावाद !

# मार्क्सवादी साहित्यमा जनयुद्धको योगदान

**हत्या, आतंक, लुटपाट, झुट्टा मुद्दा लादिरहेको थियो । सत्ताको भत्ताले मातेका राजधानीका सरकारका बौद्धिक कारिन्दाहरू शान्ति र विकासको वकवास गर्दै थिए । त्यसको विरुद्ध मुखभरिको जवाफमा दाङका कवि यज्ञबहादुर डाँगीले 'भो शान्तिको कुरै नगर' कविता लेखे । त्यो कविताले समकालीन प्रवृत्ति र क्रान्तिकारी मनोविज्ञानको राम्रो प्रतिनिधित्व गरायो ।**



**अनिल शर्मा**

नेपालको मार्क्सवादी साहित्यमा जनयुद्धले गहिरो छाप र योगदान पुऱ्याएको छ । नेपालमा मार्क्सवादी विश्वदृष्टिकोणमा टेकेर गरिने जनपक्षीय तथा देशभक्तिपूर्ण साहित्यलाई प्रगतिवादी साहित्य भन्ने गरिएको छ । भारतमा मार्क्सवादी साहित्यलाई प्रगतिवादी साहित्य भनिएको र त्यसैको प्रभावस्वरूप नेपालमा पनि मार्क्सवादी साहित्यलाई 'प्रगतिवादी' पदावली प्रयोग गरिएको छ । प्रगतिवादी साहित्यको नाममा सामाजिक दलाल पुँजीवादी प्रवृत्तिको जगजगी भएको आजको परिस्थितिमा 'प्रगतिवादी' जस्तो अमूर्त पदावली भन्दा 'मार्क्सवादी' साहित्य प्रयोग गर्नु नै उचित हुन्छ । यहाँ महान् जनयुद्धको योगदान नेपालको मार्क्सवादी साहित्यमा कस्तो पऱ्यो भन्ने सन्दर्भमा संक्षिप्त चर्चा गरिनेछ ।

नेकपाको स्थापना २००६ सालमा भयो । त्यसयतादेखि नै नेपाली क्रान्तिको लागि विभिन्न समय र स्थानमा प्रयासहरू भएका छन् । जनसंघर्ष र वर्गसंघर्षको लामो इतिहास छ । अनेकौं जनविद्रोह र बलिदान भएका छन् । नेपालको जनयुद्ध नेपालका सबै जनसंघर्ष र वर्गसंघर्षको निरन्तरता र उत्कर्ष हो । यो आकस्मिक घटना थिएन । देशीय प्रतिक्रियावाद र साम्राज्यवादको अथाह अपमान, ज्यादती, शोषण, राष्ट्रघात, हत्या र आतङ्कको विरुद्ध योजनाबद्ध र कष्टसाध्य प्रतिरोध युद्ध थियो । त्यही प्रतिरोध युद्धको एक पोयोका रूपमा अर्थात् निश्चित राजनीतिक लक्ष्यको पुर्तीको लागि विचारधारात्मक संघर्षको प्रभावकारी साधनको रूपमा कला, साहित्य र संस्कृतिले ऐतिहासिक भूमिका निर्वाह गरेको छ ।

२०४६ सालमा जनताले गणतन्त्र नेपालको माग गर्दै सडकमा उत्रिए । चैत २४ गते जनता सिधै गणतन्त्रको माग गर्दै राजदरबारको विरुद्ध उत्रिए । राष्ट्रिय जनआन्दोलन संयोजन समितिको आयोजनामा सो दिन नेपाल बन्दको आयोजना गरिएको थियो । त्यसदिन वाममोर्चा र कांग्रेसको कुनै कार्यक्रम थिएन, न त लाखौं जनता विद्रोहमा उत्रिँदा उनीहरूसँग कुनै दृष्टिकोण र योजना नै थियो । वाममोर्चा र कांग्रेसको कार्यक्रमबाट जनता बाहिर गइसकेको अवस्थामा कर्फ्यू लगाएर राजदरबारमा राजा, कांग्रेस र वाममोर्चाको बीचमा धोकापूर्ण सम्झौता भयो । आन्दोलनकारी शक्तिहरू विभाजित भएको हुनाले जनआन्दोलनको राप सेलाउन गयो । जनआन्दोलनको राय घट्दै सेलाउँदै जाने क्रममा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू बढ्दै गए । जनआन्दोलनमाथि धोका भएको महसुस हुँदै गयो । माओवादी धाराका पार्टीहरू संगठित भए । आत्मगत तयारीको अभावमा जनआन्दोलन धोकामा टुङ्ग्याउन दलाल पुँजीवाद र संशोधनवाद सफल भएको मर्मबोध गरियो । चारओटा क्रान्तिकारी शक्तिहरूको बीचमा एकीकरण भई नेकपा (एकता केन्द्र) बन्यो । त्यसको वैधानिक मोर्चा संयुक्त जनमोर्चा, नेपालको आयोजनामा २०४८ सालमा देशव्यापी जनसंघर्ष आह्वान गरियो । चैत २४ गते नेपाल बन्दको कार्यक्रम थियो । चैत २३ गते काठमाडौंको राँके जुलुसमा हजारौं नागरिक उपस्थित भए । सो जुलुसमा सर्वसाधारणको ठूलो संख्यामा उपस्थिति थियो । नेपाल बन्दको अघिल्लो दिन नै सरकारले अनाहकमा गोली चलायो । दर्जनौं नागरिकको हत्या भयो । सरकारले घटनाको छानबिनसम्म गरेन । २०४६ सालमा धोकापूर्ण सम्झौता गरिनु र २०४८ सालको शान्तिपूर्ण जनसंघर्षलाई दमन गरे पनि तत्कालीन नेकपा (एकता केन्द्र) सशस्त्र संघर्षमा जाने निर्णय गऱ्यो । त्यसपछि सो विचार र राजनीतिसँग सहमत लेखक-कलाकारहरूले जनयुद्धको पक्षमा पैरवी गर्न थाले ।

सशस्त्र युद्धमार्फत् क्रान्ति सम्पन्न गर्नुको विकल्प नरहेको धारणाबाट प्रभावित भएर लेखन प्रक्रिया त्यसअघि नै भएको हो । दशकौं अगाडि क. चैतन्यले 'लाहुरेको व्यथा' खण्डकाव्यमा सशस्त्र संघर्षद्वारा जनताको सत्ता निर्माण गर्नुपर्ने कुरामा जोड दिएका थिए । त्यसैगरी, जनकवि गोकुल जोशीले लामो अभियान चलाए । आगो ओकल्ने कवि युद्धप्रसाद मिश्रले 'भोका र नाङ्गा उठ' 'रक्तक्रान्तिको ज्वालामुखीमा' लगायतका गीतमा सशस्त्र सङ्घर्षको आह्वान गरेका थिए । त्यसैगरी २०४६ सालपछि जनचाहनामा धोका भएको र शासकहरूलाई हिंसात्मक बलद्वारा फालेर जनताको व्यवस्था ल्याउनुपर्ने आवाज किसानका कवि केवलपुरे किसानले उठाए । 'द्वाङ द्वाङी ठोक्नुपर्छ' जस्ता उनका कविताहरूले जनविद्रोहको पैरवी गरेका छन् । त्यसैगरी कवि तथा लेखक पारिजातको 'अनिंदो पहाड' (उपन्यास) र अरू कैयौं कविता र निबन्धहरूले जनसत्ताको जनमत निर्माण गरेका थिए । २०४८ सालअघि नै सत्ताको प्रश्नमा अझ तिखारिएर आहुती देखापरे । उनको उपन्यास 'नयाँ घर' र उनकै कवितासंग्रह 'तपस्वीका गीतहरू' ले क्रान्तिको आवश्यकतालाई अझ उजिल्याए । 'गुँइठाको आगो', 'कैदी नम्बर १५००' त्यसका उदाहरण हुन् । त्यसभन्दा अगाडि २०४२ सालमा कांग्रेसी मण्डले गिरोहले विद्यार्थी नेता मित्रमणि आचार्यको हत्या गरेपछि केन्द्रीय कारागारमै कवि कृष्ण सेन 'इच्छुक' ले 'शोकाञ्जली' खण्डकाव्य लेख्नुभएको थियो, जसमा इच्छुकले हत्याको बदला लिने प्रण गर्नुभएको छ ।

जसरी जनयुद्धको तयारीस्वरूप जनसंघर्ष र वर्गसंघर्ष चल्दै थियो, त्यसैगरी कला-साहित्यको धार पनि तिखारिँदै थियो । त्यसैबेला लोकप्रिय कवि पूर्णविरामको 'गोविन्दले ठीक भन्यो' कवितासंग्रह प्रकाशित भयो । त्यो कवितासंग्रहले क्रान्तिको अपरिहार्यतालाई अझ पुष्टि गऱ्यो । त्यसबेला क्रान्तिमा बल प्रयोगको औचित्यको विषयमा मार्क्सवाद र संशोधनवादको बीचमा तात्तातो बहस चलिरहेको थियो । ग्रामीण इलाकामा कांग्रेसको सत्ता-उन्माद चरम सीमामा थियो । हत्या, आतंक, लुटपाट, झुट्टा मुद्दा लादिरहेको थियो । सत्ताको भत्ताले मातेका राजधानीका सरकारका बौद्धिक कारिन्दाहरू शान्ति र विकासको वकवास गर्दै थिए । त्यसको विरुद्ध मुखभरिको जवाफमा दाङका कवि यज्ञबहादुर डाँगीले 'भो शान्तिको कुरै नगर' कविता लेखे । त्यो कविताले समकालीन प्रवृत्ति र क्रान्तिकारी मनोविज्ञानको राम्रो प्रतिनिधित्व गरायो । गीत, गजल, अपेराको क्षेत्रबाट पनि सशक्त रूपमा सृजनाहरू आइरहेका थिए । ध्रुव ज्ञवालीको स्वरमा 'क्रान्तिकारी नेपाल मुक्त गराइदेऊ ...' बोलको गीत अत्यन्त लोकप्रिय भयो । मणि थापा, खुसीराम पाख्रिन, हितमान शाक्य, अञ्जना गुरुङ, कन्हैया, लिला थापा, चुनु गुरुङ, सीता शर्मालगायतका कवि-कलाकारको फौजले सिस्नोधारी माड्दै अघि बढे । त्यसैगरी समालोचनाको क्षेत्रमा डा. ऋषिराज बराल, घनश्याम ढकाल, ताराकान्त पाण्डे, गोविन्द पौडेल लागिरहेका थिए ।

२०५२ फागुन १ गतेबाट विश्व सर्वहारावर्गको एउटा टुकुडीको रूपमा नेकपा (माओवादी) को नेतृत्व नेपालमा महान् जनयुद्ध सुरु भयो । त्यसले नेपाली समाजको शक्ति सन्तुलनमा नै परिवर्तन ल्यायो । आम सामाजिक चेतनामा गुणात्मक परिवर्तन ल्यायो । नेपालको प्रतिष्ठा उकासियो । पैतलामुनि दबाइएका दलित, महिला, अबला, सुकुमबासी, हरुवा-चरुवा जागे । गुण र मात्राको दृष्टिले मात्र होइन; साहित्य-कलाका नयाँ विधाहरूले थप प्राण पाए । नयाँ मूल्यहरू स्थापित भए । बिम्ब र प्रतीकहरू बदलिए । संस्कृत भाषा र विदेशी बिम्बको स्थानमा सहिद, बेपत्ता, योद्धा, भरुवा, आँसी-कोदालो, वीरता, शौर्य, बलिदान र पाखा-पखेरा आउन थाले । बदलियो- साँच्चै बदलिन थाल्यो नेपाली साहित्य ।

जनयुद्धको भावभूमिमा सबैभन्दा धैरै मात्रा र गुण दुवैको दृष्टिले कविता अगाडि देखा पर्दछ । कविताको क्षेत्रमा पूर्णविराम, नन्दीश अधिकारी, अनिल शर्मा, रोहित कोइराला, डी कौडिन्य, रोशन जनकपुरी, चेतकान्त, चुनु गुरुङ, ईश्वरचन्द्र ज्ञवाली, राजबहादुर कुवँर, गंगा श्रेष्ठ, खेम थपलिया, सत्या पहाडी, शोभा दुलाल, अशोक सुवेदी, शारदा श्रेष्ठ, अनिल श्रेष्ठ, मोदनाथ मरहट्ठा, जगतबहादुर श्रेष्ठ, नमूना यात्री, शिव श्रेष्ठ, खुसीराम पाख्रिन (गीत), नेत्रविक्रम चन्द (गीत), रीतबहादुर खड्का, कान्छा लामा, युद्धप्रसाद रायमाझी, देवीबहादुर थापा 'मनासलु' लगायत छन् । तिनीहरूमध्ये पूर्णविरामको 'ए, मेरो लेकाली फूल', कृष्ण सेन 'इच्छुक' को ' बन्दी र चन्द्रागिरि' र चुनु गुरुङको 'बेलिसरा' उल्लेख्य छन् । यी कवितासंग्रहले समकालीन नेपाली मार्क्सवादी कविताको मानककै रूपमा उपस्थिति जनाएका छन् । इच्छुक प्रतिष्ठानद्वारा प्रकाशित 'जनयुद्धका कविताहरू' उक्त पंक्तिको महत्वपूर्ण उपस्थिति हो । योद्धा र सहिदहरूका छानिएका रचनाहरूको यो संग्रह नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशित भएको छ । कविताकै उप-विधाको रूपमा आएको गीत तथा गजलको उपस्थिति पनि कमजोर छैन । क्षितिज परिवार, सामना परिवार, चुनु-शिल्पा परिवारलगायतका सांस्कृतिक परिवारहरूले जनचेतना, भावना र जनमत निर्माणको क्षेत्रमा अतुलनीय भूमिका निर्वाह गरेका छन् । आततायी सत्ताले कृष्ण सेन, शिव श्रेष्ठ, डी कौडिन्य, रोहित कोइराला, कान्छा लामा, भगत राय, नमूना यात्री, चुनु गुरुङ, शारदा श्रेष्ठ, रीतबहादुर खड्कालगायतको हत्या गऱ्यो । प्रतिक्रियावादी सत्ताले अनेकोट, भाबाङलगायत दर्जनौं स्थानमा सामूहिक हत्या गरेको छ ।

नेपालका कवि लेखकहरू लु सुन र गोर्कीकालीन युगभन्दा अगाडि बढेर सोनी सहिद फेदरियो मारिया लोर्काको उत्तराधिकार बने । कवि-लेखकहरू वैचारिक सांगठनिक रूपले प्रतिबद्ध हुन् कि स्वतन्त्र ? भन्ने बहस चलिरहेको बेला नेपालका कवि-कलाकारहरूले सिर्जना र वर्गसंघर्ष दुवैको नेतृत्व गरेर देखाए । प्रतिध्रुवीय धारालाई तिनले निस्तेज पारे ।

जनयुद्धको समयमा कवितापछि मात्रा र गुण दुवै दृष्टिले सबैभन्दा धैरै लेखिएको विधा संस्मरण हो । जनयुद्धको कारण यो विधाले अलग, स्वतन्त्र विधाको माग गर्ने स्तरमा आकार ग्रहण गरेको छ । निबन्ध विधाकै उप-विधाको रूपमा मानिने संस्मरण-अनुभूति विधालाई अब त्यहीं छोडिराख्नु उचित देखिन्न । आत्मकथा र संस्मरणलाई उस्तै मान्नेहरूको पनि कमी छैन । तर यी दुईमा ठूलो अन्तर छ । आत्मकथा आत्मपरक र स्मृतिपरकता प्राधान्य हुन्छ । संस्मरणमा आत्मपरकताभन्दा समसामयिकता र समकालीनता प्रधान्य हुन्छ । जनयुद्धमा लेखिएका संस्मरणले सामूहिकता त्यसको मर्मको रूपमा पस्किएका छन् । यो अनुभूति प्रधान हुने भएका कारण नियात्राभन्दा मौलिक रूपले भिन्न रहेको छ ।

जनयुद्धका संस्मरणहरूमा अनिल शर्माको 'सम्झनामा भारतीय जेल', उमा भुजेलको 'बन्द पर्खालदेखि खुला आकाशसम्म', शोभा कट्टेलको 'समरका स्मृतिहरू', गंगा श्रेष्ठको 'गढीदरबारदेखि सिंहदरबारसम्म' लगायतका छन् । संस्मरण विधामा फुटकर रूपमा छरिएर रहेका रचनाहरू अनगिन्ती छन् । तिनमा कृष्ण सेन 'इच्छुक', रीतबहादुर खड्का, शिव श्रेष्ठ, चुनु गुरुङ, राजकुमार कुवँर, मोदनाथ मरहट्टा, पोषराज पौडेल, पूर्णबहादुर अधिकारी, गंगा लामा, प्रकाश खनाल, बलराम तिमल्सिना, खुसीराम पाख्रिन, नेत्रविक्रम चन्द, दीनानाथ शर्मा, सिपी गजुरेल, ईश्वर रिजाल, अनिल श्रेष्ठ, खिमा रिजाल, माइला लामा, झङ्कार मगर, हेमन्तप्रकाश ओली, शिव श्रेष्ठ, नमूना यात्री, एकराज भण्डारी, अशोक सुवेदीलगायत छन् । इच्छुक प्रतिष्ठानद्वारा जनयुद्धको भावभूमिमा लेखिएका संस्मरणहरूको संग्रह 'जनयुद्धक संस्मरणहरू' प्रकाशित भएको छ । एउटा सानो संग्रहमा जनयुद्धको समयमा अथवा जनयुद्धको भावभूमिमा लेखिएका प्रतिनिधि सिर्जनाहरू समेट्न सम्भव थिएन । सो संग्रहले विषयको साङ्गोपाङ्गो चित्र मात्र दिएको छ ।

जनयुद्धको समय वा जनयुद्धलाई विषयीका रूपमा लेखिएको अर्को विधा हो निबन्ध । विचारप्रधान निबन्धलाई 'लेख' भन्ने गरिएको छ । जनयुद्धको इतिहासलाई आधार बनाएर डा. ऋषिराज बरालको 'प्रियजनहरूको सम्झनामा' प्रकाशित छ । त्यसैगरी अनिल शर्माको 'रसुवामा दुखिरहेको कर्णाली, जगतबहादुर श्रेष्ठको 'जगतबहादुर श्रेष्ठका निबन्धहरू' लगायत छन् । साथै, पुष्पकमल दाहाल, बाबुराम भट्टराई, दीनानाथ शर्मा, देवेन्द्र पौडेल, गोपाल किराती, गंगानारायण श्रेष्ठ, मौहन वैद्य, धर्मेन्द्र बास्तोला, नेत्रविक्रम चन्द, खड्गबहादुर विश्वकर्मा, नारायण शर्मालगायतका विचारप्रधान सामग्री पनि यथेष्ट छन् ।

जनयुद्धमा सबैभन्दा कम लेखिएको विधा उपन्यास हो । जनयुद्धको भावभूमिमा लेखिएका उपन्यासमध्ये डा.ऋषिराज बरालको 'समरगाथा', घनश्याम ढकालको 'रातो आकाश', गंगा श्रेष्ठको 'ज्वालामुखीमाथिको यात्रा', विष्णु भण्डारीको ' पहेंलो घाम', र कमल निओलको 'मुक्तिमार्ग हुन् । कुनै पनि उपन्यासहरू अपेक्षाकृत गुणात्मक छैनन् । मात्रा र गुण दुवै दृष्टिले यो विधा कमजोर रहेको छ । चीन, रुसलगायतका अनुभव हेर्दा क्रान्तिकाल समाप्त भएपछिको शान्ति र पुनर्निर्माणकालमा गृहयुद्धकालको भावभूमिमा गुणात्मक प्रकृतिको सिर्जना भएको देखिन्छ । नेपालको सन्दर्भमा त्यस्तो चित्र अझैसम्म पनि देखिएको छैन ।

जनयुद्धको भावभूमिमा खट्किएको अर्को विधा नाटक हो । यो विधामा खेम थपलिया एक मात्र नक्षत्र हुन् भन्दा फरक परोइन । उनको 'युद्ध र शान्ति', 'नागार्जुन एक्सप्रेस', 'प्रगतिवादी एकाङ्की नाटक', 'सपनाका सपनाहरू', 'उनी मरेका छैनन्' र 'दाना' प्रकाशित छ । 'उनी मरेको छैनन्' नाटक मञ्चनसमेत भएको छ । आज नाटक विधाले ठूलो संकट झेलिरहेको अवस्था छ । नाटक विधा पठनीयभन्दा दर्शनीय र श्रवणीय विधा हो । त्यसका लागि प्रविधि नाट्यशाला, सामूहिक कर्म, ठूलो संख्यामा दर्शकको आवश्यकता पर्छ । नाटक विधाकै उपविधाको रूपमा चलचित्र, श्रव्यदृश्य अगाडि आएका छन् र तिनीहरूले व्यावसायिकता ग्रहण गरिसकेको अवस्था छ । चलचित्रमा भन्दा नाटकमा बढी जीवन्तता हुन्छ । मञ्चमा प्रवेश गरेपछि छाँटकाँट गर्ने अर्थात् सम्पादनको अवसर हुँदैन । पुँजीवादी समाज व्यवस्थामा गैर-व्यावसायिक क्षेत्रमा लगानी गर्ने भएको कारण पनि नाटक विधा संकटमा परेको छ । जनयुद्धको समयमा पनि यो विधामा त्यति प्रगति भएन ।

जनयुद्धको भावभूमिमा कवितापछि मात्रा र गुणमा प्रगति भएको विधा कथा हो । यो क्षेत्रमा सिपी गजुरेल, डा. ऋषिराज बराल, गंगा श्रेष्ठ, दीनानाथ शर्मा, रविकिरण निर्जीव, पूर्णबहादुर अधिकारी छन् । यस विधामा फुटकर रचनाहरू प्रशस्त लेखिएका छन् । लघुकथाहरू भने कमै लेखिएको देखिन्छ भने 'विज्ञान कथा' झनै कमजोर छ । कथा विधा एउटा लोकप्रिय विधा हो । यसका प्रशस्त पाठकहरू छन् । तर मात्रा र कोण दुवै कोणबाट हेर्दा जुनस्तरमा कथा विधाको समृद्धिको अपेक्षा गरिएको हुन्छ, त्यो स्तरमा उपस्थिति भएको छैन । प्रतिध्रुवीय चुनौतीको सामना गर्न सक्नेगरी कथा विधाले आकार ग्रहण गरेको छैन; न त त्यसको कारणले विषयमा आवश्यक चर्चा नै भएको छ ।

जनयुद्धले प्रगति गरेको अर्को विधा शब्द-चित्र तथा रिपोतार्ज हो । यो क्षेत्रमा डा. ऋषिराज बरालको महत्वपूर्ण योगदान छ । 'सलाम रोल्पा' र 'फेरि लाल भञ्ज्याङमा उभिएर' महत्वपूर्ण रचना हुन् । 'सेनजी, एउटा कथा भन्छु है' उनको लोकप्रिय शब्दचित्र हो । यो क्षेत्रमा सिपी गजुरेल, अनिल शर्मा, गंगा श्रेष्ठ, हेमन्तप्रकाश ओली, अम्बिका चन्द, अनिल श्रेष्ठलगायतका रचनाहरू प्रकाशित छन् । यो क्षेत्रमा सहिदहरू रीतबहादुर खड्का र इच्छुकका केही रचनाहरू फुटकर प्रकाशित भएका छन् । त्यसैगरी कतिपय संस्मरण अनुभूतिका रचनाहरू शब्दचित्र हुन् कि संस्मरण विधागत मूल्यको दृष्टिले पर्गेल्नै गाऱ्हो हुने खालका देखिन्छन् ।

जनयुद्धको आवश्यकताको कारण कम चर्चा भएको तर नेपालको मार्क्सवादी साहित्यलाई समृद्ध पार्न सहयोग गरेको क्षेत्र अनुवाद साहित्य हो । चीन सोभियत संघ र जनवादी जनगणतन्त्र कोरियाले नेपाली भाषामा रचना तथा कृतिहरू प्रकाशित गर्दै आएका छन् । वामपन्थी बुद्धिजीवी र प्रकाशकले पनि त्यसमा योगदान गरेका छन् । जनयुद्धको आवश्यकता र त्यसको भावभूमिमा विदेशी भाषाका रचनाहरू अनुवाद भएका छन् । ती शोधपूर्वक र साहित्यपरक दुवै मूल्य भएका छन् । त्यस क्षेत्रमा धर्मेन्द्र बास्तोला, इन्द्रमोहन सिग्देल, हेमन्तप्रकाश ओली, डा. ऋषिराज बराल, अनिल शर्मा, तिलक केसी, देवेन्द्र तिम्लालगायत छन् । अनुवाद साहित्यमा अंग्रेजी र हिन्दी भाषाका रचनाहरू नेपाली भाषामा भाषान्तर गरेर मार्क्सवादी साहित्यलाई समृद्ध पार्ने कार्य भएको छ । भाकपा माओवादी र आरसीपी अमेरिकाका वैचारिक रचनाहरू, पत्राचारहरू, विश्वका विभिन्न पार्टीका रचना र दस्तावेजहरूको खोजी गर्नु, भाषान्तरण गर्नु र नेपाली पाठकका लागि पस्कनु सजिलो काम होइन । तर पनि यो क्षेत्रमा जे जति काम भएको छ, जनयुद्धको ऊर्जा र आवश्यकताको कारण महत्वपूर्ण कामहरू भएका छन् ।

जनयुद्धको कारण जातीय, क्षेत्रीय, समुदायगत जागरण भएको छ । विभिन्न स्थानीय भाषामा विभिन्न विधा, शैली, बिम्ब र प्रतीकहरू अगाडि आएका छन् । थारु, मगर, मैथिली, तामाङ, राई, लिम्बु, गुरुङजस्ता स्थानीय देउडासम्मका गीत र नृत्यहरू सिर्जना भएका छन् । बुर्जुवावर्गले अपहरण गरेको कला-साहित्यको कुनै पनि विधा र क्षेत्र जनयुद्धले नखोसेको, हकदावी नगरेको र हस्तक्षेप नगरेको छैन । मार्क्सवादी साहित्यको लागि यो गौरवको विषय हो ।

मार्क्सवादी साहित्यमा जनयुद्धले पुऱ्याएको महत्वपूर्ण पाटो समालोचनाको पाटो हो । यो क्षेत्रमा मोहन वैद्य, डा. ऋषिराज बराल, घनश्याम ढकाल, ताराकान्त पाण्डे, गोविन्द पौडेललगायत छन् । समीक्षात्मक पाटोमा पनि अनेकौं नयाँ तथा युवा लेखकहरूले कलम चलाएका छन् । जसमा अनिल शर्मा, खेम थपलिया, अशोक सुवेदी, मोदनाथ मरहट्टा, नारायण शर्मालगायत छन् । जनयुद्ध र त्यसको भावभूमिमा लेखिएका रचनाहरूको समालोचना समेटिएको कृति 'मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य' प्रकाशित भएको छ । त्यो सबल पक्ष हो । तर सो कृतिमा जनयुद्धसँग कुनै साइनो नभएका र कतिपय जनयुद्धका विपक्षमा उभिएका पात्रहरूका रचनालाई पनि जनयुद्धको साहित्य भनेर जनयुद्धका रचनाहरूको विद्रूपीकरण गरिएको छ । राजनीतिक विचारधारात्मक रूपमा प्रकट भएको सुधारवाद, विसर्जनवाद र वर्गसमन्वयवाद सो कृतिमा पनि प्रकट भएको छ । यस्ता थुप्रै सीमाहरूको साथमा समालोचनाको क्षेत्रमा पनि जनयुद्धको उपस्थिति प्रतिध्रुवीय उपस्थितिभन्दा कमजोर छैन । यद्यपि संख्यात्मक रूपमा प्रश्न रहला ।

जनयुद्धभन्दा अगाडि चलचित्र तथा श्रव्यदृश्यको क्षेत्रमा 'बलिदान' र 'ठूली' (नाटक) मात्र थिए भन्दा हुन्छ । यस अवधिमा कमजोर नै भए पनि चलचित्र तथा श्रव्यदृश्य निर्माण भएका छन् । चलचित्रकला क्षेत्रमा 'आगो', 'लाल सलाम', 'सहिद', 'जनयुद्ध' आदिको महत्वपूर्ण उपस्थिति छ । जे होस्, नेपाली मार्क्सवादी साहित्यमा जनयुद्धको यथेष्ट योगदान रहेको कुरामा दुईमत छैन ।

# निराशाको समय गयो ! नयाँ कार्यभार पूरा गर्ने दिन आएको छ

» *महासचिव कमरेड, जनयुद्धको २३ औँ वार्षिकोत्सवकाउपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना !*

हार्दिक धन्यवाद ! गौरवपूर्ण जनयुद्धको २३औँ वार्षिकोत्सवका अवसरमा आदरणीय सहिद तथा बेपत्ता परिवार एवम् घाइते योद्धाहरू, सबै पार्टी पङ्क्ति, नेपाली श्रमिक जनता र तपाईंहरूलाई धेरैधेरै शुभकामना !

» *महान् जनयुद्ध सुरु गरेको २२ वर्ष पुगेर २३ वर्ष लागेको छ । जनयुद्धको पहलकर्तामध्येको एकजना तपाईं पनि हो । जनयुद्धको तयारी कसरी गरिएको थियो ? मतलबराजनीतिक, वैचारिक, साङ्गठनिक र सङ्घर्षको तयारी कसरी गरिएको थियो ?*

यो सही कुरा हो, जनयुद्ध नेपाली राजनीतिक इतिहासमा अद्वितीय परिघटना हो । त्यसको तयारी आफैँमा नयाँ, चुनौतीपूर्ण, महान् र रोमाञ्चकारी खालको थियो । हामीसँग भौतिक साधनहरू खासै थिएनन् तर हामीमा क्रान्ति सफल गर्ने, सत्ता जित्ने र नेपालमा वैज्ञानिक नयाँ जनवादी व्यवस्था स्थापना गर्ने सुन्दर सपना र अदम्य साहस थियो । तुलनै गर्न नसकिने आत्मविश्वास, इच्छाशक्ति र समर्पणभाव थियो जुन सम्झिँदा अहिले पनि मन रोमाञ्चित हुन्छ । त्यसबेला पार्टीले एक वर्षको अवधिसम्म चार तयारी चलाएको थियो : वैचारिक-राजनीतिकरूपले पार्टीलाई प्रशिक्षित गर्नु र जनतालाई बोध गराउनु, सङ्गठनलाई क्रान्ति हाँक्न सक्ने अनुशासित र जुझारु बनाउनु, प्रविधिमा आधारभूत तयारी गर्नु र सङ्घर्षलाई सङ्गठित गर्नु । आफ्नो सापेक्षतामा यी काम पूरा पनि भएका थिए र जनयुद्धको पहल गरिएको थियो । संयोगले मैले पनि त्यसमा स्थानीयतहको नेतृत्व गर्ने मौकापाएको थिएँ । त्यो दिन फेरि कहिल्यै पाइनेछैन ।

» *दस वर्षको दौरानमा भएका मुख्य उपब्धिहरू केके हुन् र तिनीहरूले नेपालको सिङ्गो राजनीतिमा कस्तो प्रभाव पारेको थियो ?*

जनयुद्धका मुख्य उपलब्धिहरू ६–७वटाछन् । पहिलो र सबैभन्दा मुख्य उपलब्धि नेपाली जनताले पहिलोपटक आफ्नै बल र सहभागितामा जनसत्ता निर्माण गर्न सके । देशको धेरै भूभाग(सबैले भनेअनुसार ८०प्रतिशत)मा जनसत्ता निर्माण भयो । दोस्रो, जनताले आफ्नै शक्तिमा, आफ्नै छोराछोरीको जनमुक्ति सेना निर्माण गर्न सफल भए । जुन जनमुक्ति सेनाले साधारण साधनहरूको बलमा ठूलाठूला युद्धहरूमा विजय हासिल गर्न सक्यो । तेस्रो, जनताको सत्ता मातहतमा जनताको न्यायनिसाफ गर्ने जनअदालत गठन गर्न सफल भए । जनअदालतहरू निकै लोकप्रिय र प्रभावकारी पनि रहे । चौथो, जनप्रशासननिर्माण भए । ती संस्थाहरूले जनतालाई कुनै पनि लेनदेन, कारोबार, सरसहयोगलाई जनताकै घरमा बसेर सहयोग गरे । जस्तोकि जग्गाजमिन, सरसापटी, बनरक्षाआदिआदि । पाँचौँ, सामाजिक क्षेत्रका धेरै कार्यहरू जनताहरूले सहजैप्राप्त गर्ने भए । जनसुरक्षा, शिक्षा, स्वास्थ्य, यातायात, बिजुली, बस्ती विकास, नयाँ समाज कम्युन र सहकारीको निर्माण, समाजसुधार(जाँडरक्सी, जुवातास, गुन्डागर्दीको नियन्त्रण) भए । छैटौँ, जनसत्ताले आफ्नै आर्थिक नीति र कार्यक्रमहरू अगाडि बढायो । बैङ्क, सहकारी, उद्योग, कलकारखाना(साबुन उद्योग, कपडा उद्योग, गार्मेन्ट उद्योग, खाजाउद्योग आदि) सञ्चालन गर्‍यो । यीबाहेक र मसिना कार्यहरू यतिधेरै गरियो जसको विस्तारमा यहाँ चर्चानै छैन ।

» *जनयुद्धअन्त्यको घोषणा गरेर संसदीय राजनीतिक प्रणालीभित्र प्रवेश गरेको पनि ११ वर्ष भयो । अहिले भएका यी परिघटनाहरूलाई कसरी हेरिराख्नुभएको छ ?*

राम्रो प्रश्न हो । यो अवधिमा दुईवटा दूरगामी प्रभाव पार्ने घटनाहरूभए : पहिलो, महान् जनयुद्धलाई साम्राज्यवादी, दलाल पुँजीवादी, संशोधनवादी, आत्मसमर्पणवादी, विसर्जनवादीहरूको साँठगाँठमा विजर्सन गर्ने षड्यन्त्र गरियो । त्यसले गर्दा नेपाली जनताले रगत बगाएर प्राप्त गरेका उपलब्धिहरू गुम्न पुगे । देशमा प्रतिक्रान्ति लाद्ने धृष्टता गरियो । जनयुद्धको नेतृत्वमा रहेका प्रचण्ड–बाबुरामहरूले भयानक गद्दारी गर्दै दलाल पुँजीवादी र साम्राज्यवादीसामु आत्मसमर्पण गर्न पुगे । क्रान्तिमा बेहिच्किचाहट बलिदान गर्ने सहिद तथा बेपत्तापरिवार, घाइते योद्धा र श्रमिक जनतालाई निराशाको भुमरीमा



डुबाउन खोजे ! नेपालमा महान् जनयुद्धबाट समाप्त हुनै थालेको प्रतिक्रियावादी संसदीय व्यवस्थालाई फर्काएर पुनर्स्थापना गरियो । दोस्रो, क्रान्तिप्रति गरिएको गद्दारी र प्रतिक्रान्तिकारी हर्कतका विरुद्ध क्रान्तिकारीहरूको विद्रोह भयो । साम्राज्यवादी, दलाल पुँजीवादीहरूका घेराबन्दी चिर्दै साथै आत्मसमर्पणवादी र विसर्जनवादीहरूका अवरोधहरूलाई धुजाधुजा पार्दै क्रान्तिकारी नेता, कार्यकर्ता र श्रमिक जनताले यो विद्रोह गर्‍यौँ र नेपाली क्रान्तिलाई समाप्त पार्न चाहने प्रतिक्रान्तिकारी षड्यन्त्रलाई ध्वस्त पारिदियौँ । हामीले क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी निर्माण गर्‍यौँ, क्रान्तिलाई पूरा गर्ने 'एकीकृत जनक्रान्ति' को कार्यदिशा निर्माण गर्‍यौँ । जनताको जनमुक्ति सेना निर्माण गर्‍यौँ । जनसत्तालाई पुनः सङ्गठित गर्‍यौँ । क्रान्तिका आवश्यक साधनहरू निर्माण गर्‍यौँ र प्रतिक्रियावादी दलाल संसदीय व्यवस्थाविरुद्ध एकीकृत जनक्रान्ति सञ्चालन गरिरहेका छौँ । यो सफलतापूर्वक अगाडि बढ्दैछ । सङ्क्षेपमा भन्दा प्रतिक्रियावादी र आत्मसमर्पणवादीहरूले क्रान्ति समाप्त गर्न चाहेका थिए तर त्यो हामी क्रान्तिकारीहरूको सचेत पहलमा सफल हुन पाएन । क्रान्ति बचेको छ र पुनः अगाडि बढेको छ। हामीलाई लाग्छ यी दुवै नकारात्मक र सकारात्मक घटनाहरू विश्व राजनीतिमा दर्ता भएकाछन् ।

» *अहिले आएर जनयुद्धका मुख्य योजनाकार भनेर चिनिने प्रचण्ड, बादल र बाबुरामहरूले जस्तो बाटो तय गरिराख्नुभएको छ, यस्तो यात्रामा हुनुको मुख्यकारण के होला ?*

के साँचो हो भने प्रचण्ड, बादल, बाबुराम जनयुद्धका मुख्य पात्रहरू हुन् । विडम्बना ! उनीहरू आज जनयुद्धलाई आतङ्कवादी भनेर नरसंहार मच्चाउने दलाल संसद्वादीका भतुवा र मतियार बन्न पुगेकाछन् । यो राजनीतिक इतिहासमा एउटा प्रहसन बन्न पुगेकोछ । यसो हुनुको पछाडि खासमा प्रचण्ड, बादल र बाबुराममा रहेको निम्नपुँजीवादी अवसरवाद मुख्य कारण देखिन्छ । उनीहरूले जनयुद्धको तयारी र २०५६ सालसम्म क्रान्तिकारी भूमिका नै पूरा गरेका हुन् तर जब क्रान्तिको भीषणता देखे तब उनीहरू भारतको शरणमा पुगेछन् । यो कुरा पार्टीलाई थाहा थिएन । सजिलै सत्ताको चाहना राख्नु, आफू बलिदानका लागि तयार हुन नसक्नु, क्रान्तिलाई अन्तिमसम्म पुर्‍याउनेमा कायरता देखा पर्नु यसको समस्या हो । दोस्रो, उनीहरू जब शान्तिप्रक्रियामा पुगे त्यसपछि जनतामा फर्किएर क्रान्ति हाँक्ने सम्भावना नदेख्नु वा पुँजीवादी सत्ताको स्वाद पाएपछि त्यसबाट बाहिर आउन तयार नहुनु, बरु आत्मसमर्पणतिर जानु समस्या भयो । तेस्रो, साम्राज्यवादी र दलाल पुँजीवादीहरूको घेरालाई तोडेर क्रान्ति बढाउने मनोबल नहुनु समस्या भयो । जब मान्छेले आदर्श बिर्सेर पदप्रतिष्ठा, सुखसुविधा, धनपैसातिर मन डुलाउँछ तब क्रान्तिमा टिक्ने कुनै सम्भावना नै रहँदैन । ऊ एक नेताको हैसियतबाट दासको स्तरमा गिर्न पुग्छ । प्रचण्ड, बादल र बाबुरामको हालत अहिले दासको भन्दा फरक छैन ।

» *हिजो जनयुद्धको माध्यमबाट नयाँ जनवादी क्रान्ति सफल गर्दै समाजवाद हुँदै साम्यवादमा पुग्ने लक्ष्य लिइएको थियो । तर अहिले यही संसदीय व्यवस्थामा उनीहरूले समाजवाद लागू गर्ने कुरा गरिराखेका छन् । के यो व्यवस्थामा समाजवाद सम्भव छ ?*

उत्तर– एकपटक संशोधनवादी वर्नेस्टेनको सन्दर्भमा लेनिनले भन्नुभएको थियो,'आफू त डुब्योडुब्यो मार्क्सलाई समेत सामान्य उदारवादीको तहमा झार्ने कोसिस गर्‍यो ।' यहाँ प्रचण्ड र बाबुरामहरूले समाजवादको हल्ला गर्दा भन्नुपर्ने हुन्छ- यिनीहरू आफू त डुबेडुबे, वैज्ञानिक समाजवादलाई महान् उचाइबाट दलाल पुँजीवादको तहमा झार्ने खेलो गर्दैछन् । दलाल पुँजीवादले नेपाली अस्मितामाथि लुट मच्चाएको बेला यसलाई 'समाजवाद' भन्नु अपराधमाथिको ढाकछोप गर्ने कुकर्म मात्र हो । सबैलाई थाहाछ- यो संसदीय व्यवस्था हो र त्यो पनि दलाल चरित्र बोकेको संसदीय व्यवस्था हो । तर यहाँ एकीकृत जनक्रान्तिबाट जन्मलिँदै गएको वैज्ञानिक समाजवादी सत्ता भने नयाँ भविष्य बोकेर आउँदैछ ।

» *उनीहरूले भन्दै गरेको समाजवाद र यहाँहरूले भन्ने गर्नुभएको वैज्ञानिक समाजवादका बीचमा के तात्विक भिन्नता रहेको छ ?*

संसद्वादको वरिपरि चक्करमारेर टोपीमा समाजवाद लेख्न चाहने प्रवृत्तिहरू आज मात्र होइन, मार्क्स–एङ्गेल्सको समयमा पनि थिए । त्यति बेला उहाँहरूले पाँचखालका समाजवादीको चर्चा गर्नुभएको थियो : पहिलो, सत्ता गुमाएका सामन्ती वर्गले सत्ता गुमाएपछि जनताको सहानुभूति पाउन दिएको समाजवादको नारा जो पुँजीवादभन्दा पनि खराब थियो । दोस्रो, क्रान्तिमा क्षतिभोगेपछि विरक्तिएका बुर्जुवाहरूले भन्ने समाजवाद जो निम्नपुँजीवादी र पुँजीवादी थिए उनीहरूको समाजवाद, जसको दाउश्रमिकको सहानुभूति पाउने मात्र थियो । तेस्रोमा ईश्वर-प्रभुको इच्छाअनुसार निर्माण गर्न चाहने धर्मभीरुहरूको समाजवाद जसलाई क्रिस्चियन समाजवाद भनिन्थ्यो, जसको सोचाइजनतालाई लुट्ने सामन्ती, पुरेतहरूले श्रमिक वर्गलाई अरू अन्धोबनाउनका लागि मात्र प्रयोग गरिएको समाजवाद थियो । चौथो, जर्मन 'सच्चा समजावाद' भन्ने थियो । यो पनि पुँजीपति वर्गको रक्षा गर्न, संसदीय व्यवस्थालाई नै सुदृढ गर्न श्रमिक वर्गलाई झुक्याउन ल्याइएको समाजवाद थियो । पाँचौँ, काल्पनिक समाजवाद थियो जसको उद्देश्य शासकहरूलाई सम्झाएर, मानवीयता बुझाएर, नयाँसमाजको निर्माण गरेर समाजवाद निर्माण गर्ने थियो । यो उद्देश्य पवित्र हुँदाहुँदै पनि वर्गस्वार्थले भरिएको कठोर वर्गसत्ताभित्र कल्पना मात्र हुन्थ्यो । यी सबैका अवैज्ञानिकता र असम्भावनाबारे प्रस्ट्याउँदै मार्क्स–एङ्गेल्सले वैज्ञानिक समाजवादी सिद्धान्त अनुसन्धान गर्नुभएको हो । वैज्ञानिक समाजवादले समाजको सबैभन्दा निःस्वार्थ, मेहनती र क्रान्तिकारी वर्ग- सर्वहारावर्गलाई वैज्ञानिक विचार-सिद्धन्तद्वारा प्रशिक्षित गर्दै सङ्गठित गर्नुपर्नेमा जोड दिनुभयो । साथै कम्युनिस्ट पार्टीको नेतृत्वमा श्रमिक वर्गको बलमा लुटेरा पुँजीवादी सत्ताका विरुद्ध क्रान्ति गर्नुपर्ने र क्रान्तिद्वारा सर्वहारावर्गको सत्ता जो अधिनायकत्वसहित हुन्छ त्यो स्थापना गर्नुपर्ने विचार दिनुभयो । यस्तो वैज्ञानिक समाजवादले मात्र मानव जातिलाई आजसम्मका सबै

... बाँकी पृष्ठ ११ मा

# क्रान्तिप्रति प्रतिबद्ध छौँ



■ **मोहन वैद्य 'किरण', महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)**

जनयुद्धको तयारीको कुरा गर्दा हामीले पञ्चायती व्यवस्थाको अन्तिमअन्तिम कालदेखि नै वैचारिक तयारी सुरु गर्न थालेका हौँ । त्यतिबेलाको अवस्था भनेको पञ्चायती व्यवस्था हो । त्यसका विरुद्ध ०४६ सालमा ठूलो ऐतिहासिक जनआन्दोलन भयो । त्यसका साथै संवैधानिक राजसंस्था स्थापना भयो । संसदीय बहुदलीय व्यवस्था आयो । यही अवस्थामा आएर हामीले संवैधानिक राजतन्त्र आएर, गणतान्त्रिक व्यवस्था आएर जनताका समस्या समाधान हुँदैनन्, नयाँ जनवादी क्रान्ति गर्नुपर्छ । त्यो दीर्घकालीन जनयुद्धको बीचबाटै हुनसक्छ भन्ने मान्यताका आधारमा हामीले तयारी गर्दै गर्‍यौँ । यो तयारी असाध्यै बढी वैचारिक फाँटको भयो । वैचारिक फाँट भन्नाले दक्षिणपन्थी संशोधनवादका विरुद्ध, नेपाली काङ्ग्रेस रिकर्ड सुनेर राख्नु होला मा रहेको र त्यो बेला फेरि एमालेचाहिँ जनताको बहुदलीय जनवाद लिएर आयो । एक, बहुदलीय जनवादको विचारको समस्या लामो भयो । त्यसका साथसाथै मिलिटि रिकर्ड सुनेर राख्नु होला का बारेमा पनि सबै अनुभवहरूको संश्लेषण अब कसरी जाने भन्ने एउटा आवश्यक छलफल, बहस र तयारीका बीचबाट जनयुद्ध अगाडि बढाएका हौँ । लामो तयारी हो भनेर बुझ्दा हुन्छ ।

अरू धेरै नबताऔँ । केही प्राविधिक तालिम त पहिल्यै गरेका थियौँ । वैचारिक तालिम पनि गरेका हौँ । यस सन्दर्भमा केही कतिपय तालिम सुरुमै भएका थिए ।

अन्तर्राष्ट्रिय आन्दोलनका सन्दर्भमा त्यो बेला रिमको गठनको तयारीको प्रक्रियाको बेला थियो । रिममा पनि सामेल भइयो । त्यो बेला मार्क्सवाद-लेनिनवाद-माओवाद भन्ने सायद दोस्रो कम्युनिस्ट पार्टी हाम्रै हो । पहिलोचाहिँ पेरू कम्युनिस्ट पार्टीले, त्यसपछि हामीले मानेका हौँ र अन्तिममा आइसकेपछि आरसीपी अमेरिकाले मानेको हो । अन्तिममा आइसकेपछि रिममा सामेल भएन भारतीय कम्युनिस्ट पार्टी, यद्यपि भारतीय कम्युनिस्ट पार्टी (माले) र पिपुल्स वार ग्रुपले मार्क्सवाद-लेनिनवाद-माओवाद माने । मार्क्सवाद-लेनिनवाद-माओवाद एउटा महत्वपूर्ण सैद्धान्तिक हतियार हो । पहिलो कुरा रिमलाई नयाँ ढङ्गले बनाउनुपर्छ भन्ने स्पिरिटका साथ अगाडि बढेको हो । त्यो बेला ठिकैठिकै थियो । अब तेस्रो के हो भने हामीले कसरी अगाडि बढ्ने भन्ने विषयमा ठ्याक्कै भौतिक ऊर्जा प्रदान गर्ने काममा पेरू कम्युनिस्ट पार्टीले गर्‍यो । यद्यपि हामीले जनयुद्ध सुरु गर्ने बेला त्यहाँ करिबकरिब शिथिल हुँदै गइरहेको थियो । पेरू र भारतको जनयुद्ध पनि हो । त्यो बेला भारतीय कम्युनिस्ट पार्टी (माले) लाई पीडब्लूजी (पिपुल्स वार ग्रुप) भनिन्थ्यो । नक्सलाइटको एउटा धाराले जनयुद्ध सुरुआत गरेको थियो । उनीहरूले पनि हामीलाई सहयोग गरेका हुन् ।

हामीले एकताकेन्द्र निर्माण गर्ने सिलसिलामा रूपलालजीहरूसँग पञ्चायती कालको अन्त्यअन्त्यतिर करिबकरिब एकता गरिसकेका थियौँ । त्यसपछि उहाँहरूको सर्वहारावादी श्रमिक सङ्गठन, लामाजीहरूको नेपाल कम्युनिस्ट पार्टी (चौम), विद्रोही मसालका रूपमा बाबुरामजीको नेकपा (मसाल) सँग एकता गर्‍यौँ । ०४८ सालको महाधिवेशनमा दीर्घकालीन जनयुद्धको कार्यदिशा र मार्गनिर्देशक सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद पारित गर्‍यौँ । जनयुद्धको तयारीको दिशामा जानुपर्छ भन्ने किसिमको जनरल लाइन हामीले एकताकेन्द्रको महाधिवेशनमा पास गरेपछि पार्टीभित्र पनि भीषण दुई लाइन सङ्घर्ष चल्यो । लामाजीहरू जनयुद्धतिर जान मान्नुभएन । त्यहाँबाट उहाँहरू अलग्गिनुभयो । अनि हामी अलग भयौँ । त्यो बेला हामीले वैधानिक सङ्घर्ष पनि गरेका थियौँ । चुनावमा पनि हामी उठ्यौँ । ठीक जनयुद्धमा जाने बेला फेरि बहिष्कार गरेर आफ्नो तयारीहरू पूरा गर्दै जनयुद्धको प्रक्रियामा अगाडि बढ्यौँ ।

यस हिसाबले हेर्दा पञ्चायती कालबाट सुरु भएको एउटा विचारधारात्मक, राजनीतिक र फौजी तयारीहरूका बीचबाट हामीले २०५२ साल फागुन १ गते महान् जनयुद्धको ऐतिहासिक पहल गर्‍यौँ ।

महान् जनयुद्धको जुन थालनी गरियो त्यो एटटा विशेष उल्लेखनीय ऐतिहासिक परिघटना हो । फौजी हिसाबले रणनीतिक रक्षा, रणनीतिक सन्तुलन हुँदै प्रत्याक्रमणको दिशातिर जानेसम्म फौजी स्तरको विकास गर्‍यौँ । जनयुद्ध सुरु गर्दा हाम्रो सङ्गठन देशको केही भागमा सीमित थियो । तर पनि जनयुद्ध देशव्यापी रूपमा सशक्त ढङ्गमा अगाडि बढेर गयो । राजनीतिक रूपमा पुरानो राज्यसत्ताका विरुद्ध अस्थायी प्रकारका थुप्रै आधारइलाका बनायौँ । थुप्रै स्थानमा जनसरकारहरू बनायौँ । वैचारिक, राजनीतिक, साङ्गठनिक, फौजी हरेक दृष्टिकोणले उच्चता हासिल गर्दै अगाडि बढ्यौँ ।

जनयुद्धको नेतृत्वदायी एउटा जिम्मेवार पङ्क्तिले धोका दिएकै हो । विश्वासघात गरेकै हो । त्यसका लक्षणहरू पछि अलिअलि गर्दै थुप्रै देखिन थालेका थिए । हामीलाई जनवादको विकास गर्नुपर्छ भन्ने थियो । २०६० सालमा एक्काईसौँ शताब्दीको जनवाद भन्ने ठिकैठिकै आयो । तैपनि अलिकति के हो भनेर हामीले शङ्काको दृष्टिकोणले पनि हेरेका थियौँ । त्यसलाई छलफलमा लैजान त ठिकै हुन्छ, पारित गरेको होइन भन्ने थियो । छलफलका लागि लैजाँदा थोरै विचलन भयो । तर बाहिर भनिएन । शङ्काका विषयहरू थिए । नेतृत्वका बारेमा अलि हतारिएर प्रचण्डपथ भन्यौँ । क्रान्तिका निम्ति नेतृत्व अनिवार्य रूपमा आवश्यक हुन्छ । त्यसको महत्व, ओज र गरिमालाई मान्नैपर्छ । बढी गर्नु हुन्न । बढी गरियो भने बिग्रिहाल्छ । नेतृत्व नियन्त्रणमा राख्नुपर्छ, सामूहिक हुनुपर्छ । समूहभन्दा माथि राखेर प्रचण्डपथ भन्नु त गम्भीरै त्रुटि भयो । यद्यपि हामीले सकारात्मक ढङ्गले राम्रै होला भनेर गरेका हौँ । इमानदारीका साथ गरियो । तर त्यस्तो गर्नु नहुने रहेछ । प्रत्युत्पादक बन्यो । पेरूमा पनि गोन्जालोले मुख्यतः माओवाद भन्नु परेकै थिएन । जनयुद्ध सुरु नगर्दै उनीहरूले गोन्जालो विचारधारा भनेका थिए । त्यस्तो भन्नु हुन्नथ्यो । यी त्रुटिहरू भए । यस्ता त्रुटिहरूलाई आगामी दिनमा सच्याउनुपर्छ भन्ने लाग्छ ।

अर्को कुरा के हो भने जनयुद्धको प्रक्रियामा अगाडि बढ्दा कैयौँ कुराहरू छन् जुन कुरा अध्ययन गरेर, अझै समीक्षा गरेर अगाडि बढ्नु जरुरी छ । कैयौँ चीजहरू छन् । जनयुद्धको प्रक्रियामा फौजी कारबाही गरेको सन्दर्भमा पनि समीक्षा गरेर जान जरुरी छ । त्यो हामीले समयक्रममा समीक्षा गर्दै अगाडि बढ्नेछौँ । यो भयो कमजोरीको पाटो । अन्त्यमा आउँदा गम्भीर कमजोरीको पाटो चुनबाङमा नयाँ जनवादलाई छोडेर लोकतान्त्रिक गणतन्त्रको नारा स्वीकार गरियो । त्यो एकदम गम्भीर प्रकारको त्रुटि थियो । त्यही लोकतान्त्रिक गणतन्त्रको नाराले गर्दाखेरि सब ध्वस्त भयो । यी त्रुटिहरूको आलोचना गर्नुपर्छ । संविधानसभामा आएर हामीले सङ्घर्ष त गर्‍यौँ । १२ बुँदे सम्झौता, विस्तृत शान्तिसम्झौता भए । यति गरिसकेपछि संविधानसभामा बाबुराम र प्रचण्डजीहरूले त्यहाँभन्दा बढी गर्ने कुरा केही पनि थिएन । नेपालमा नयाँ युगमा प्रवेश गर्ने भनेर प्रचण्डहरूले नयाँ जनवादी क्रान्तिलाई भन्ने गर्नुहुन्थ्यो । त्यो क्रान्तिलाई ध्वस्त पारेर संसदीय व्यवस्थाको पुनर्स्थापनातिर लाग्नुभयो । त्यसैलाई नयाँ अध्याय भनेर बखान गर्नुभयो । यो उहाँहरूबाट गरिएको भयङ्कर गम्भीर प्रकारको त्रुटि हो ।

अहिले सबै भन्न गाह्रो पर्छ किनभने जुन बेला ती सबै परिघटनाहरू भए त्यो बेला मसहित केही साथीहरू जेलमा थियौँ । जेलबाट छुटेर आएपछि साथीहरूले सोध्दाखेरि कतिपय असन्तुष्टि त साथीहरूका थिए । वैचारिक रूपले प्रश्न उठाउने साथीहरूको त्यो स्थिति आएको थिएन । साथीहरूलाई प्रचण्डपथ महान् भन्ने थियो । आखिरमा जाँदा त सेना समायोजन गरेर विघटन गरी विलय गराइयो । त्यतिखेर दुईखालका गम्भीर त्रुटि भएको मान्नुपर्छ : पहिलो, सेना समायोजन गर्ने नाममा सेनालाई विघटन गरियो । नेपाली सेनामा लगेर बुझाइयो । यो गम्भीरखालको गल्ती भयो । दोस्रो, राजनीतिक रूपमा संसद्वादको पुनर्स्थापना गराइयो । यो अर्को गम्भीर त्रुटि हो । यी गम्भीर त्रुटिबाट शिक्षा लिँदै फेरि अगाडि बढ्ने कुरा आयो ।


ध्रुवीकरण भन्ने शब्द ठीक भएन भन्ने लाग्छ । ध्रुवीकरण भनेको फुटाउने भनेको हो । हामी त ध्रुवीकरण होइन, एकीकरण हुने हो । अरूहरूबीचमा ध्रुवीकरण हुने हो । हामीहरूका बीचमा ध्रुवीकरण होइन । हामीहरूका बीचमा एकीकरण हो । ध्रुवीकरण भनेको त जस्तो माकेमा केही राम्रा साथीहरू छन् । राम्रा त्यहाँ ध्रुवीकृत भएर आउनुपर्‍यो । यहाँ मूलतः के हो भने सच्चा क्रान्तिकारीलाई गोलबन्द गर्ने कुरा आयो । अन्यत्र भएका राम्रा मान्छेहरू आउने कुरा भयो । त्यसकारण ध्रुवीकरण भन्दा पनि नेपाली कम्युनिस्ट आन्दोलनमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया दुवै हो । एकीकरण र ध्रुवीकरणको प्रक्रिया आवश्यक छ । त्यसका लागि अझ मेहनत गर्नुपर्छ । अहिले हामीले पटकपटक कुरा पनि गरिरहेका छौँ । मूल बहसमा त केन्द्रित अझै छैनौँ । राजनीतिक बहसमा त जाऔँला । मुख्य कुरा के हो भने पार्टी एकीकरण गर्ने उद्देश्यका साथ हामी अगाडि बढौँ । क्रान्तिकारीहरूलई एकताबद्ध

... बाँकी पृष्ठ ११ मा

वर्ष ३, अङ्क ३५, पूर्णाङ्क १३०
रातो खबर साप्ताहिक

# गोरखा जेल ब्रेकको अन्तिम रात


उमा भुजेल 'शिलु'




रातभरि राम्ररी निदाउन सकिनँ, झल्याँस्स-झल्याँस्स ब्युँझिरहेँ । कहिले यता, कहिले उता कोल्टे फेर्दै जबर जस्ती निदाउन खोजेँ तर सकिनँ । एकएक गर्दै १४ महिना त त्यही कोठामा सुतेर बितेछ तर त्योजस्तो पट्यारलाग्दो र लामो रात कहिल्यै लागेको थिएन । मनभरि कुरा खेल्न थाले । जेल प्रवेशदेखिका हरेक गतिविधि र स्थिति एकएक गर्दै मस्तिष्कको पर्दामा देखिन आइपुगे । मरुभूमिजस्तो लाग्ने यहाँको वातावरणमा हरियाली सौन्दर्य छाइसकेछ । सम्झिँदै कहाली लाग्ने जेल पनि प्यारो बन्न थालिसकेछ । दुस्मनका दमनपूर्ण व्यवहारहरू पनि पचिसकेछन् । आखिर मान्छेले चाहेमा परिवर्तन गर्न सक्दोरहेछ अनि आफू पनि परिवर्तन हुन सक्दो रहेछ । जेल छाड्ने कुराले पनि कताकता चस्स घोचेजस्तो, नमिठो महसुस भयो । जेलका प्रत्येक कोठा, खेल्ने चौर, फूल र तरकारी अनि बन्दीहरू सबैप्रति माया उर्लेर आयो । तर हामी धेरै उच्च जिम्मेवारी पूरा गर्न जानैपर्छ । म एक्लै आफैँसँग कुरा गरिरहेँ । भोलिको रातमा त हामी टाढै पुगिसक्छौँ, यो बिस्तरामा हामी हुनेछैनौँ । बन्द पर्खालभित्र खुम्चिएर बसिरहने बाध्यता पर्नेछैन । इवाट्ट मलाई आफ्नो जिम्मेवारीको स्मरणले झस्काइदियो । आफ्नो भूमिकाको सम्झनाले भित्रभित्रै चिमोट्न थाल्यो । अनि झनै छट्पटी छुट्यो चिटचिट पसिना आएझैँ भयो । अहिलेसम्म त जेनतेन अभिभावक नेतृत्वको भूमिका खेलेँ भन्ने लाग्छ । भोलिको दिनभरि कस्तो हुने हो ? सफल गर्न सकिएला कि नसकिएला ? फेरि सबै सम्पर्कमा पुग्न सकिने हो वा होइन ? बेचैन महसुस भयो । म जुरुक्क उठेँ । बहिनीहरू पल्टिरहनुभएको थियो । हुनत सबै बहिनीहरू स्पष्ट र विश्वस्त हुनुहुन्छ । म आफैँलाई सान्त्वना दिँदै फेरि पल्टिएँ । यतिबेला सञ्जुले बत्ती बाल्नुभयो- 'दिदी निद्रा लागेन ?'

'अहँ' म सुस्त बोलेँ ।

छिनभरमै सबै उठ्नुभयो । सायद उहाँहरू पनि निदाउनुभएको थिएन होला । बिहान ३ बजेको थियो । उठ्नासाथ बिजुलीको उज्यालोमा सबै बहिनीहरू कोठामा भएका प्रत्येक चीजलाई गहिरो गरी नियाल्न लाग्नुभयो । बिनाकारण कहिले एक ठाउँको सामान अर्को ठाउँमा सार्नुहुन्थ्यो । कतिपय सामान बाकसमा थन्क्याउनुहुन्थ्यो । कमला बजारबाट ल्याउने सामानको लिस्ट बनाउन थाल्नुभयो । केके ल्याउनुपर्छ ? भन्दै भान्साकोठामा हेर्न जानुभयो । हामी पनि उठेर पछिपछि लाग्यौँ । सधैँ टनाटन सामान भरिने भान्साका भाँडाहरू अहिले प्रायः रित्तै थिए ।

भाँडाले पनि अब छिट्टै जाओ भन्दैछ- सबै भाँडा हेरेर कमलाले भन्नुभयो । गलल्ल हाँसो चल्यो एकछिन । अन्त्यमा ५ किलो खसीको मासु ल्याउने भन्ने भयो । दिउँसो मासु र रोटीको नास्ता दाजुभाइलाई पनि खुवाउने सल्लाह गर्‍यौँ । उज्यालो पनि भइहाल्यो । त्यो जेलसँग बिदाइको दिन थियो । ढोका खुलेपछि बाहिर गएर १ घन्टा व्यायाम गरियो । प्रेम दाइलाई सामान ल्याउन बजार पठायौँ । सबै मिलेर चारैतिर सफा गरियो । त्यसपछि आज हामी जाँदैछौँ भनेर दाजुभाइलाई चिट पठायौँ । उहाँहरूले आफूहरू जान नसक्ने खबर पठाइसक्नुभएको थियो । अब आशा नै मेटिएको थियो । त्यसैले हाम्रो काम अलि अपूरोजस्तो पनि लागेको थियो । समय छोटो तर दिनभरिमा धेरै कामकुरा मिलाइसक्नुपर्ने थियो ।

**अन्तिम दिन : अन्तिम समीक्षा**

समयको अभाव हुँदाहुँदै पनि बिहान ७ बजेतिर छलफलमा जुट्यौँ । काम सुरु भएदेखि त्यसबेलासम्म साढे तीन महिनाको समीक्षाा गर्‍यौँ र सम्पूर्ण बाँकी योजना तय गर्‍यौँ । सबै कमरेडहरूले अत्यन्त मार्मिक ढङ्गले सङ्क्षिप्त रूपमा विषयवस्तु राख्नुभयो । समीक्षाको सार निम्नानुसार रह्यो :

**सकारात्मक पक्ष**

१. योजना वैज्ञानिक रहेको ।
२. वस्तुस्थितिको सही आँकलन गर्दै बदलिँदो परिस्थितिअनुसार आवश्यक कार्यनीति तय गर्न सक्नु ।
३. प्रतिकूलतासँग सामना गर्दै पहलकदमी लिन सफल भएको ।
४. विज्ञान र कलाको सही संयोजन गर्न सफल हुनु ।
५. कामका तीव्रता र उच्चतासँगै हामीबीच मजबुत एकता र टिमस्पिरिट पैदा हुनु ।

सीमा र समस्याहरू

१. आवश्यकता र क्षमताको गहिरो अन्तर देखापर्नु ।
२. सिर्जनशीलताको अपर्याप्तता ।
३. आवश्यक साधन जुटाउन स्रोतको अभाव रहनु ।

समग्रमा चुनौतीपूर्ण उच्च लक्ष्यप्रति, चार प्रतिकूलताका बाबजुद सबै कमरेडहरूको लगनशीलता, धैर्य, साहस र आफ्नो भूमिकाप्रतिको गम्भीर दायित्वबोध एवम् इमानदारीका कारणले मूलतः क्रान्तिकारी विचारप्रतिको प्रतिबद्धता, त्यसैअनुरूपको भावनात्मक र वैचारिक सङ्कल्पबद्ध एकता र हरदम बलिदानभावले नै हामी सफलताको त्यो सङ्घारमा आइपुगेका हौँ भन्ने निष्कर्षमा पुग्यौँ । त्यसपछि त्यो अन्तिम दिन रातभरिको योजना कोर्‍यौँ ।

**अन्तिम तयारीको योजना**

(योजना : एक दिन र एक रातको)

हामी त्यही रात निस्कने निर्णय गरिसकेका थियौँ, त्यसैले निम्नानुसार तयारी र हाईयोजना तयार गर्‍यौँ ।

(क) दिनभरि गरिसक्नुपर्ने तयारी

१. दुस्मनको गतिविधि बुझ्ने, सम्पूर्ण समय कडा ड्युटी गर्ने ।
३. जेलका बाँकी सामग्रीको व्यवस्थापन, रहेका सामग्री दाजुभाइ र आमा-दिदीलाई दिने ।
४. व्यक्तिगत तयारी : छोडेर जाने सबैसँग भेटघाट, कुराकानी गर्ने र रातिका लागि चुस्त कपडा सर्टपाइन्ट लगाउने ।

(ख) रातको तयारी

१. झ्याल फोड्ने सामानको तयारी, टेबुललाई ट्वाइलेटको झ्याल नजिक राख्ने । २. निस्कने समय निर्धारण ठीक पौने १ बजे निस्कने ।

(ग) टिम विभाजन र पार्टी सम्पर्क (बाहिर निस्केपछि)

६ जनालाई २ कमान्डमा विभाजन गरी पार्टी सम्पर्क खेजीमा जाने । जसअनुसार

- उमा, सञ्जु र एन्जिला : उमाको कमान्डमा बक्राङतिर जाने ।
- कमला, मीना र रीता : कमलाको कमान्डमा देउरालीतिर जाने ।
- सम्पर्क घर पनि निश्चित गरियो र यथाशक्य छिटो पार्टी सम्पर्क गर्ने निर्णय भयो । छलफल टुङ्ग्याएर हामी तुरुन्तै कार्यान्वयनतिर जुट्यौँ । करिब १० बजेतिर खान खाएर हामी ६ जना नै चौरमा बस्यौँ । 'भोलि त यति बेला बक्राङमा जनतासँग भेटघाट गर्दै हुन्छौँ', सञ्जुले मौनता तोड्नुभयो ।
- 'हामी पनि यतिबेला देउरालीमा साथीहरूसँग भेट गर्छौं', कमलाले जबाफ दिनुभयो । एकछिनसम्म कमला र सञ्जुको रमाइलो भनाभन चल्यो । म, मीना, रीता र एन्जिला चुपचाप बसिरहेका थियौँ । छलफलको कडी जोड्दै रीताले थोरै चिन्तामिश्रित भाव प्रकट गर्नुभयो- हामी गएपछि यो जेल कस्तो बन्ला ? बल्लबल्ल फेरिन थालेको थियो । उहाँको भनाइमा वास्तवमै गम्भीरता थियो ।

जस्तोसुकै होओस्- सञ्जुले उतिखेरै प्रतिक्रिया जनाउनुभयो ।

'तरकारी र फूल त छाड्नै मन लागेको छैन । कस्तो गर्मीमा पनि पानी राख्दै रोपेको, हैन त दिदी ?', कमलाले मेरो सहमति खोजेको आसय जनाउनुभयो ।

धेरैबेर कुरा चले । सहजै बोलिएको भए पनि कतिपय विषयले हामीलाई गम्भीर बनाउँथ्यो । कतिपयले उद्वेलन पैदा गरिदिन्थ्यो । कहिले हँसाइदिन्थ्यो । भावनाका छालहरू उठ्दै बिलाउँदै गरिरहेका थिए । सबै कुराप्रति माया लागे पनि त्यसले वर्गसङ्घर्षको मैदानमा फर्कने तीव्र इच्छाशक्तिलाई जित्ने कुरै भएन ।

दिनको १ बजिसकेको थियो । नास्ता बनाउन हतारिँदै भान्सा कोठामा पुग्यौँ । एकचोटि तीनवटा स्टोभ बालेर पकाउन थाल्यौँ । एक घन्टामा सबै परिकार तयार गर्‍यौँ । सेलरोटी, मासु, अचार, फलफूल दाजुभाइहरूलाई दियौँ । रोटी र मासु सेन्ट्रीमा खटिएका पुलिसलाई पनि दियौँ । यत्रो रमझमको कारण दुस्मनलाई सुइँकोसम्म रहेन । त्यसपछि हामी ८ जना सबै चौरमा बसेर खान थाल्यौँ । नास्ता पनि छिटोछिटो खायौँ किनकि समयले डाँडा काट्दै थियो । त्यही मौका छोपेर मीनाले आमा र दिदीलाई साडी, चोली, कुर्ता-सुरुवाललगायत सामानहरू दिनुभयो ।

'किन यसो गर्दै हुनुहुन्छ ?', वासना दिदीले अनौठो मान्दै भन्नुभयो ।

कमला अघि सर्नुभयो- हमीलाई त छाड्न पनि सक्छ, भोलि नै जेल सरुवा गर्न पनि सक्छ । अस्ति भर्खर लोकप्रसाद दाइलाई लग्यो । सुन्दैछौँ हामी पनि सरुवा हुँदेछौँ रे । त्यसैले यसो सम्झनामा दिएको । कमलाले विश्वास मान्ने गरी सम्झाए पनि उनीहरू बोल्न सकेनन् ।

समय निकालेरै भए पनि सबै दाजुभाइलाई भेट्नुपर्ने थियो । हामी गेटमा गयौँ । गोविन्द दाइ, बद्री दाइ, सन्देशलगायत सबै आउनुभयो । १ घन्टाजति गेट वारिपारि बसेरै कुराकानी गर्‍यौँ । त्यही बेला थाहा पाएका दाजुभाइले सफलतकाको शुभकामना लेखेर चिट पठाउन सुरु गर्नुभयो । शुभकामनाको वर्षा हुन थाल्यो । एउटै परिवार भएर बसेका हामी छुट्टिनु पर्दा निकै नरमाइलो र दुःख महसुस भएर आयो । उहाँहरू पनि त्यस्तै भाव व्यक्त गर्दै हुनुहुन्छ । मन नलाग्दानलाग्दै पनि हामी गेटबाट फर्कियौँ ।

बेलुका ५ बजे सुरुङतिर गयौँ । अन्तिम ढुङ्गा खोल्नुअघि ड्युटी गर्दै पालैपालो सुरुङमा अभ्यास गर्न क्रमशः सञ्जु, मीना, एन्जिला र रीता सुरुङमा पस्दै निस्कँदै गर्नुभयो । झमक्क साँझ पर्‍यो । मान्छे चिन्न गाह्रो भइसकेको थियो । अरू भित्र कोठामा गयौँ । कमला सुरुङभित्र पस्नुभयो र बाहिर निस्कने ठाउँको अन्तिम ढुङ्गा झिकेर त्यहाँ बोराको बुजो लगाएर फर्किनुभयो । उहाँ सरासर भान्सामा आइपुग्दा हवल्दार ठिक्क गेटभित्र छिरिसकेको थियो । उसलाई पनि मासु र रोटी दियौँ । हबल्दार ढोका बन्द गरी फर्कियो । हामी खाना खान थाल्यौँ ।

**लास्ट एक्सन**

हामी सबैजना आमा-दिदीको कोठामा गई सँगै बस्यौँ । १० मिनेटपछि हाम्रो काम छ भन्दै कमला, सञ्जु र म कोठाबाट निस्क्यौँ । मीना, रीता र एन्जिला भई आमा र दिदीलाई नाचगानमा भुलाउन थाल्नुभयो । ७ बजेबाटै नाच र गीत घन्कियो । नाचगान र टीभीको चर्को आवाजले कारागार गुन्जायमान भयो । त्यही आवाजभित्र हामी ३ जनाले काम थालनी गर्‍यौँ । त्यही सानो हेक्सो ब्लेड र रामो (छिनो) लिएर ट्वाइलेटको झ्यालको छड काट्न थाल्यौँ । पहिला हामी थुनिएको भवनबाट मुक्त भएर मात्र सुरुङ खनेको ठाउँमा जान सक्थ्यौँ । किनभने सुरुङ त बाहिर चौरमा खनिएको थियो । पालैपालो ड्युटी बस्दै काटिरह्यौँ । उता बहिनीहरूले पनि आफ्नो भूमिका निर्वाह गरिरहनुभएको थियो । १

... बाँकी पृष्ठ ११ मा

# महान् नेपाली जनयुद्ध र २३ औँ जनयुद्ध दिवस


अमर झाँक्री 'सञ्जीव'

आजभन्दा २२ वर्ष पहिले २०५२ फागुन १ गते नेपालको राष्ट्रिय राजनीतिमा ठूलो क्रमभङ्ग भएको दिन, राजतन्त्रात्मक संसदीय व्यवस्थाको उत्पीडनका विरुद्ध नेकपा (माओवादी) को आह्वान र निर्देशनमा सशस्त्र युद्ध घोषणा भएको दिन, उत्पीडित वर्गमा ठूलो आशा र शासक वर्गमा ठूलो निराशा पैदा भएको दिन, विश्व साम्राज्यवाद र घरेलु सामन्ती प्रतिक्रियावादी तत्वहरूको उत्पीडनका विरुद्ध निशस्त्र र घरेलु हतियारद्वारा लामो समयदेखि एकात्मक र केन्द्रीकृत सत्ताका विरुद्ध धावा बोल्नु आफैँमा एउटा महान् र युगान्तकारी परिघटना थियो । जनयुद्धको यो उद्घोषपछि तत्कालीन काङ्ग्रेसी सरकारले देशव्यापी रूपमा न्यायिक अधिकारका पक्षपाती जनसमुदायको हत्या, आतङ्कसहित व्यापक रूपमा दमन अभियान सञ्चालन गर्न पुग्यो । दमन र प्रतिरोध, रक्षा र आक्रमणका सैन्य कार्यनीतिहरू अँगाल्दै पार्टीले आफूलाई सैन्यीकृत गर्दै कुशलतापूर्वक नेतृत्व गर्न सफल रह्यो । देशव्यापी रूपमा मृत्युकालागि प्रतिस्पर्धा गर्दै र हरेक दमन अभियानको राजनीतिक र फौजी रूपले प्रतिरोध गर्दै ध्वंश र निर्माणका नयाँ आयामहरूलाई विकसित गर्दै झन्डै ६ वर्षका गौरवशाली दिनहरूमहान् जनयुद्धले पार गर्‍यो । पुरानो सत्ताको ध्वंस मात्र होइन, नयाँ सत्ताको निर्माण र परिचालन गर्दै जनयुद्धले आफूलाई देशभित्र मात्र होइन एउटा सीमासम्म अन्तर्राष्ट्रिय रूपमा पनि स्थापित गर्न पुग्यो । यसबीचमा प्रतिक्रियावादी सत्ता सङ्कटका रूपमा संसद्वादी पार्टीहरूभित्र एउटा गुटले अर्को गुटलाई पाखा लगाउनेतथा एउटा पार्टीले अर्को पार्टीलाई सरकारबाट हटाउने र आफू सहभागी हुने राणाकालीन अवस्था झल्कने अत्यन्त घृणित संसदीय फोहोरी क्रियाकलापहरू चलिरहे ।

यसैबीचमा देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिकेन्द्रहरूको गठजोडमा दरबार हत्याकाण्डको घटना भयो । यसलाई महान् जनयुद्धको विकास र विस्तारले पैदा गरेको नयाँ र विशिष्ट अन्तरविरोधको परिणाम भन्दै पार्टीले नयाँ कार्यनीतिक नारा र कार्यक्रमहरूमा थप विकास गर्‍यो । कार्यनीतिक शृङ्खलाअन्तर्गत वार्ता गरी शान्तिपूर्ण निकास निकाल्ने एजेन्डाअन्तर्गत पार्टी वार्तामा पनि सहभागी भयो । संसदीय प्रतिक्रियावादी सत्ताले आफूलाई वार्तामा इमानदारसाबित गर्न सकेन बरु उल्टो दमनद्वारा समस्या समाधान गर्ने रणनीतिक योजना बनाएपछि झन्डै ६ वर्षको प्रहरी शक्तिसँगको लडाइँलाई (प्रहरी शक्ति पूर्णतः पराजित भइसकेको थियो) ब्रेक गर्दै राज्यको अन्तिम शक्ति तत्कालीन शाही नेपाली सेनासँगको युद्धमा प्रवेश गर्‍यो । करिब ४ वर्षसम्म तत्कालीन शाही नेपाली सेनासँगको भीषण चलायमान र मोर्चाबद्ध युद्धको प्रक्रियामा जनयुद्धले आफूलाई अझ विकसित र श्रेष्ठ साबित गर्न पुग्यो ।

यसैबीचतत्कालीन नयाँ राजा ज्ञानेन्द्रले देउवा सरकारलाई अपदस्थ गरी कार्यकारी अधिकार आफ्नो हातमा लिएको घोषणा गरे । संसद्वादी दलहरूमाथि प्रतिबन्ध लगाउँदै उनीहरूका मुख्य नेतृत्वहरूलाई नजरबन्द गरेपछि संसदीय व्यवस्थाले आतङ्ककारी भनेर गरिरहेको दमनलाई नयाँ राजाले अझ बल गरेर दमन गर्ने कोसिस गरे । जसअन्तर्गत अमेरिकालगायत विश्वका विभिन्न मुलुकहरूबाट हतियार, तालिम र सैन्य प्रविधि ल्याएर थप जनहत्याका शृङ्खलाहरू अगाडि बढाए । जनमुक्ति सेनाले साहस, वीरता र सैन्य कार्यनीतिको विकासका आधारमा चौतर्फी प्रतिरोध र आफ्नो श्रेष्ठतालाई कायम गर्न सफलता हासिल गरिरह्यो । यो अवस्थामा माओवादी जनयुद्धलाई आतङ्ककारी घोषणा गरी नेताहरूको टाउको काटेर ल्याउनेलाई इनामको घोषणा गर्न पुगेका संसदीय दल तथा उनीहरूका नेताहरू राजाको उक्त कदमका विरुद्ध माओवादीसँग सहकार्य गर्न बाध्य भएकिनकिराजाले माओवादी जनयुद्धलाई सखाप पार्नुका साथै राष्ट्रघात र जनघातको शृङ्खला खडा गरी बदनाम हुन पुगेका संसद्वादी दलहरूलाई पनि पूर्णतः सखाप पार्न चाहिरहेका थिए । यता नेकपा (माओवादी) ले पनि चुनबाङ बैठकबाट नयाँ कार्यनीतिक शृङ्खलाका रूपमा राजतन्त्रका विरुद्ध संसद्वादी दलहरूसँग वार्ता र सहकार्य गर्ने निर्णय गर्‍यो । विभिन्न चरणका औपचारिक र अनौपचारिक वार्ता, सहमति र सम्झौता (५ बुँदै रोल्पा सहमति, १२ बुँदे दिल्ली सम्झौता) सहित माओवादी पार्टी र ७ संसद्वादी दलहरूको संयुक्त पहलमा १९ दिने जनआन्दोलन सङ्गठित हुन पुग्यो । उक्त जनआन्दोलनले अन्ततः राजतन्त्रको अन्त्य गर्न सफल भयो ।

सक्रिय राजतन्त्रको अन्त्यपछिदेश शान्तिप्रक्रियामा प्रवेश गर्‍यो । विघटित संसद्को पुनर्स्थापना र अन्तरिम व्यवस्थापिका संसद्मा माओवादीको पनि सहभागिता रह्यो । शान्तिप्रक्रियामा प्रवेश गर्दै नेपाली जनयुद्धले शान्तिपूर्ण बाटोतर्फकोअध्याय सुरु गर्‍यो । निकै उतारचढावपूर्ण वातावरणमा ०६४ मा संविधानसभाको पहिलो निर्वाचन सम्पन्न भयो । शान्तिपूर्ण प्रक्रियामार्फतनेपाली जनताको शान्ति, प्रगति र क्रान्तिको प्रक्रियाका विरुद्ध क्रमशः ०४७ को संसदीय व्यवस्था हावी हुन थाल्यो । सेना समायोजनमाम्म्चको मोडालिटी, जनसत्ताको विघटन तथा पुरानो सत्ताको पुनर्गठन हुँदै जानु तथा अन्तरपार्टी जीवनमा ०५२ को प्रतिबद्धताकाआधारमा नयाँ नीति र कार्यक्रमको अभाव, मुख्य नेतृत्वमा देखा पर्दै गएको वर्गसमन्वयवादी चिन्तन र कार्यशैलीका विरुद्ध पार्टीमा बहस सुरु हुन थाले । झन्डै ६ वर्षसम्म विभिन्न स्तरका भेला, बैठकहरूमा शृङ्खलाबद्ध रूपमा सञ्चालन गरिएका बहसहरूले माओवादी पार्टीलाई एक्ताबद्ध गर्न सकेन । पार्टीका मुख्य नेतृत्वहरूले एकपछि अर्को गर्दै विभिन्न बहानामा संसद्वादको गोटी बनेर संसद्वादको सेवा गर्न पुगेपछि अन्ततः एउटा सीमासम्म अन्तर्राष्ट्रिय रूपमा मुक्तिकामी जनताको आशाको केन्द्र बनेको माओवादी पार्टी विभाजन हुन पुग्यो । हजारौँसहिद, बेपत्ता, घाइते, लाखौँ नेपाली जनता, विभिन्न मित्र शक्तिहरूको माओवादी पार्टी एउटै होस् भन्ने शुभेच्छा र भावना रहेपनि एक्ताको मूल आधार विचार र कार्यदिशा नै मुख्य हुने भएकाले अन्ततः पार्टी विभाजन हुन पुग्यो । मुख्य नेतृत्वले जनता र राष्ट्रका नाममा गरेको प्रतिबद्धता बिर्सेपछि र धोका हुँदै गरेको थाहा पाएपछि पनि उचित सङ्घर्ष र विद्रोहसम्मको पहलकदमी लिन नसक्ने नेता, कार्यकर्ता भनेको परिस्थितिको दास बन्नु हो । दासहरू क्रान्तिमा सहभागी हुन त सक्छन् तर नेतृत्व गर्न सक्दैनन् । आज घटनाक्रमहरूले के साबित गरेका छन् भने त्यसप्रकारको बहस र सम्बन्धविच्छेद नगरेको भए माओवादी पार्टी कहाँ पुग्ने रहेछ ! त्यसैले इतिहासका खासखास क्षणहरूमा क्रान्तिकारीहरूले कठोर कदम चाल्ने हिम्मत गर्ने पर्दछजुन हाम्रो जीवनमा साबित भएको छ ।

प्रचण्ड-बाबुराम नेतृत्वसँग सम्बन्धविच्छेद गरेपछि क्रान्तिका नयाँ रणनीति रकार्यनीति विकास गर्न पार्टीको सातौँ राष्ट्रिय महाधिवेशन काठमाडौँमा आयोजना गरियो । महाधिवेशनमा पार्टीको विचार, कार्यदिशा र कार्यक्रमबारे बहस केन्द्रित गरियो । एकथरी मान्छेहरू प्रचण्ड-बाबुरामको विसर्जनका विरुद्ध पार्टी पुनर्गठनमा त लागे तर उनीहरू क्रान्ति सङ्गठित गर्न नभई प्रचण्ड-बाबुरामलाई धम्क्याउन, घुमाइफिराई पुरानो सत्ताको वरिपरि घुम्न थाले । पार्टी विभाजनपछि उनीहरूले क्रान्तिका लागि विचार, कार्यदिशा र कार्यक्रमबारे बहस गर्नुको सट्टा प्रचण्ड-बाबुरामका विरुद्ध विभिन्न उत्ताउलातर्कहरू गर्ने, गालीबेइज्जती गर्ने र ठोस कार्यक्रम विकास गर्न नसक्ने अवस्थामा व्यक्त हुन थाले । त्यसप्रकारका गैरराजनीतिक र अकर्मण्यताकाविरुद्ध पार्टीमा पुनः बहस सञ्चालन हुन थाल्यो । पार्टीमा गरिएको बहसले पार्टीलाई रूपान्तरणतर्फ लैजान नसकेपछि पुनः पार्टी पुनर्गठन गर्नुपर्ने भयो । तत्कालीन अवस्थामा छिटोछिटो पार्टी पुनर्गठन गर्दा नमिठो लागेपनि आज राष्ट्रिय राजनीतिक घटनाक्रमहरूले हाम्रो पहलकदमीलाई सही साबित गर्न पुगेको छ । विचार, कार्यदिशा र कार्यक्रम नभई राजनीतिक इगो पोख्ने एकाथरी मानिसहरूको उद्देश्य पूरा नभएपछि अन्ततः उनीहरू एक्ताको बहानामा पुरानै पार्टीमा घुँडा टेक्न पुगेका छन् भने अर्काथरी अकर्मण्यताका कारण वर्तमान राष्ट्रिय राजनीतिमा हाँस्यपात्र बन्न पुगेका छन् ।

नयाँ पार्टीको पुनर्गठनपछि हामी 'एकीकृत जनक्रान्तिको कार्यदिशा' सहित नयाँ क्रान्तिको प्रक्रियामा अगाडि बढिरहेका छौँ । संसारमा भएका सर्वहारा क्रान्तिहरूमा भएका प्रतिक्रान्तिहरूका शिक्षा, साम्राज्यवादले विकास गरेका नयाँ राजनीतिक, सामरिक तथा आर्थिक सम्बन्धहरू तथा विश्व भूमण्डलीकरण तथा सूचना-सञ्चारमा आएको परिवर्तनका कारणहरूले भाबी क्रान्तिका लागि नयाँ विचारको माग गर्दछ । हाम्रो पार्टीले ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै युगानुकूल मालेमाको विकासका रूपमा नयाँ कार्यदिशाको विकास गरेको छ । उक्त विकसित कार्यदिशा पार्टीको आठौँ थबाङ महाधिवेशनद्वारा सर्वसम्मत रूपमा पारित गरिएको छ । पार्टीको नयाँ कार्यदिशालाई प्रयोगमा लैजाने कम्युनिस्ट पार्टी, यसको सञ्चालन र परिचालन, नयाँ सेना, संयुक्त मोर्चा, जनवर्गीय सङ्गठन तथा जातीय, क्षेत्रीय मोर्चाहरूको सञ्चालन र परिचालनको नयाँ विधि र विचारको विकास भएको छ । मार्क्सवादका तीन सङ्घटक अङ्गहरू: दर्शन, अर्थशास्त्र र वैज्ञानिक समाजवादकाक्षेत्रमा नयाँ खोज, अनुसन्धान, प्रयोग र विकासका रूपमा पार्टीको पुनर्गठनयता विभिन्न रूपमा व्यक्त हुँदै आएका छन् । वर्गसङ्घर्षकाक्षेत्रमा राष्ट्रघात, महँगी, भ्रष्टाचारविरुद्धको सङ्घर्ष तथा नेपाली जनतामाथि संसदीय व्यवस्था लाद्नका लागि गरिएको स्थानीय तथा केन्द्र र प्रदेश निर्वाचनको खारेजीसम्म पुग्दा यसको पुष्टि हुँदै गएको छ ।

हामी क्रान्तिको नयाँ माडेल एकीकृत जनक्रान्तिको राजनीतिक कार्यदिशा प्रयोग र विकाससँगै महान् जनयुद्धको २३ औँ जनयुद्ध दिवस मनाउन लागिरहेका छौँ । महान् जनयुद्धले स्थापित गरेका उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग, जातिर समुदायका प्रस्तावहरू, राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरूकाअतिरिक्त समाजमा व्याप्त भ्रष्टाचार, कमिसन, घुसखोरी, मूल्यवृद्धि, सामाजिक विकृति र विसङ्गतिहरूका विरुद्ध सङ्घर्षमा छौँ । २३ औँ जनयुद्ध दिवस मनाइरहँदा हामीले जनयुद्धका महान् आदर्शहरूको सम्मान र स्थापना गर्नु, सहिद तथा बेपत्ता परिवारहरूको सपना पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नु, वैज्ञानिक समाजवादी सत्ता स्थापनाका लागि क्रान्तिमा सहभागी हुनु, विगतकाशिक्षाहरूबाट प्रशिक्षित हुँदै सम्पूर्ण रूपले आफूलाई देश र जनताप्रति समर्पित गर्नु क्रान्तिको झन्डालाई विजयको शिखरमा पुऱ्याउनु सबै प्रकारका गैरक्रान्तिकारी प्रवृत्तिहरूसँग सङ्घर्ष गर्नु हाम्रो प्रतिबद्धता रहेको छ । हिजो जनयुद्धको नेतृत्व गरेका नेतागणहरू आज विगतको प्रतिबद्धतालाई लत्याउँदै सामाजिक दलाल पुँजीवादमा रूपान्तरण हुन पुगेका छन् । उनीहरूले विगतका दलाल पुँजीवादी तत्वहरूभन्दा अझ अगाडि बढेर राष्ट्रघात र जनघात गर्ने कुरा निश्चित छ । हामी २३ औँ जनयुद्ध दिवसकाअवसरमा राष्ट्रघात, जनघात र सामाजिक जीवनलाई अस्तव्यस्त बनाउने दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवादका विरुद्धको सङ्घर्ष र विचारधारात्मक सङ्घर्षसहित महान् जनयुद्धले करिब अन्त्य गरेर पुनः ब्युँताइएको दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी सत्तास्थापना गर्न निरन्तर अगाडिबढिरहने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

महान् जनयुद्धको २३ औँ दिवसका अवसरमा एकीकृत जनक्रान्तिको झन्डामुनि गोलबन्द पार्टीका नेता, कार्यकता, मुक्तिकामी जनसमुदाय, सहिद-बेपत्ता परिवार, घाइते, अपाङ्ग यो देशको रक्षाका लागि हाम्रो पार्टीसँग हातेमालो गर्ने राष्ट्रवादीहरू, सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील शक्तिहरूमा हार्दिक शुभकामना !

महान् जनयुद्धको २३ औँ वार्षिकोत्सव-जिन्दावाद !

वीर सहिद- लालसलाम ! एकीकृत जनक्रान्ति-जिन्दावाद !

कविता

# धेरैले बुझ्दैनन् ज्वालामुखी के हो ?



● पूर्ण विराम

ज्वालामुखी ! तिमीले अलिकति लावा छाद्यौ
यथार्थमा ससाना भूकम्पका झड्काहरू छाद्यौ
अट्टालिकाहरूमा निकै कोलाहल छ
कोलाहललाई ध्यानपूर्वक सुन्दा
अट्टालिकामा महाभूकम्प गएको आभास पाइन्छ ।

ज्वालामुखी तिमीले ठीक समयमा लावा छाद्यौ
जिब्रो सुकाउने मौसम लम्बिरहेको ठाउँमा
तिमीलाई नबुझ्नेहरू हात्तीसुँढे बर्सातको अचानक
माग गर्न सक्छन्
प्रकृतमा तिमीले सुक्खा ओठहरूमा
एक अञ्जुरा पानी छाद्यौ
मलाई आफ्नो इतिहास बनाउन

वर्तमानमा यति नै पर्याप्त छ
र छ विश्वास-
भविष्यमा तृषित ओठहरूका निम्ति
ज्वालामुखी तिमीले महासागर छाद्नेछौ ।

ज्वालामुखी तिमीले अलिकति लावा छाद्यौ
म मनमा छरिरहेछु मुस्कानका बीजहरू
प्रकृतमा बीजहरू नै बिरुवा हुनेछन्
र हुनेछन् बोटहरू
त्यसपछि बोटहरू परिवर्तित हुनेछन्
रूखहरूमा
र सदाबहार जङ्गलहरू देखा पर्नेछन्
कत्तिले बुझ्दैनन् ज्वालामुखी तिमीलाई
र भोल्गाको किनाराजस्तै तिमीलाई
सम्फिन्छन्
प्रकृतमा तिमी कसैको प्रतिलिपि होइनौ
तिम्रो आफ्नै मौलिकता छ
धेरैले बुझ्दैनन् ज्वालामुखी के हो ?

(स्रोत : ए ! मेरो आदरणीय लेकाली फूल)


KUWAIT मा रोजगारको अवसर

कम्पनी : AL-MAOUSHERJI CATERING COMPANY WLL शहर : SAFAT

LT. No.: 199454

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | स्वदेशमा तोक्ने | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | | | | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Crew | 196 | 42 | | 120 | 80,९२० | कानुन अनुसार | ८ घण्टा | ६ दिन | कानुन अनुसार | छ | | २ वर्ष |

कामदारले तिर्ने | कामदार आफैंले | रोजगारदाताले दिने | कामदार आफैंले | नि:शुल्क

नोट: उमेर २१ देखि २६ वर्ष सम्मको हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । SLC पास भएको हुनुपर्ने छ । MCDonald's, KFC, Pizza HOT र 5star Hotel मा Waiter काम गरेका हरुलाई बिशेष प्रथामिकता दिइनेछ ।

प्रि-अन्तरवार्ता धमाधम भईरहेकोछ । प्रि-अन्तरवार्तामा समावेश नभएकाहरुलाई फाइनल अन्तरवार्तामा समावेश गराइने छैन ।

फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट
२०७४ फागुन ५, ६, ७ र ८ गते (17, 18, 19 & 20 Feb. 2018) मा हुनेछ ।

License No.: 822|066|067

Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Samakhushi ,Townplanning, kathmandu
Tel: 4358395, 4359043, 4390696, Mob.: 9869161290, Fax: 4387582
Pokhara Cont.: 9856036489, Jhapa Cont.: 9869064285
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com

हामीकहाँ घर, स्कूल निर्माण गर्दा चाहिने मेटलका झ्याल, ढोका, डेस्क, बेन्च, ट्रष्ट, रेलिङ, स्टिल सम्बन्धी सम्पूर्ण निर्माण सामग्रीहरु सुपथ मूल्यमा तयारी गरिन्छ ।






प्रो. शंकर बहादुर श्रेष्ठ
माछापुच्छ्रे मेटल एण्ड इन्जिनियरिङ वर्कसप
काठमाडौं-७, चावहिलचोक, लामापोखरी मार्ग, काठमाडौं
फोन : ९८४१२४११९६, ०१-४४८९०३२



आईएमई सेवाग्राही
मैले बनाएको हो नं.१
हो, सर्वाधिक परिमाणमा रेमिटेन्स भित्र्याएबापत सीआईपी सम्मान २०७४ बाट सम्मानित आईएमईलाई उमीजस्ते स्वदेशमा रहेका लाखौं सेवाग्राहीहरुले देखाएको विश्वासले बनाएको हो नेपालको नं. १ रेमिटेन्स कम्पनी ।
IME International Money Express
नेपालको नं. १ रेमिटेन्स कम्पनी
– सीआईपी सम्मान २०७४ को विजेता –
+977 1 4430600
+977 1 4425800
IME Complex, Panipokhari, Kathmandu, P.O. Box: 19797, Nepal
Toll Free 16600 151515
facebook.com/iameremit
imeinfo@imeremit.com
www.imeremit.com



साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
मेट्रो काठमाडौं ग्याँस इण्डस्ट्रिज लिमिटेड
ईमेल: metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

# शब्द र चित्रमा जनयुद्ध


उदयबहादुर चलाउने 'दीपक'










दसबर्से जनयुद्धमा माओवादी जनमुक्ति सेनाले हजारौँ लडाइँहरू लडेको थियो । यसक्रममा बाह्रवटा फौजी योजनाअन्तर्गत लडिएका थिए। त्यसमध्ये अधिकांश लडाइँहरूमा जनमुक्ति सेनाले विजय हासिल गरेको थियो। नेपाली इतिहास र विश्व सर्वहारा आन्दोलनको इतिहासमा फौजी कार्यदिशाको यो पछिल्लो कार्यान्वयन कम कष्टकर पक्कै थिएन। त्यसका साथै यो कार्यान्वयन एक स्वाभाविक आवश्यकता र विकासको खुट्किलो पनि थियो । निकै ठूलो त्याग, समर्पण र बलिदानले भरिपूर्ण जनयुद्धको यो कार्यान्वयनमा फौजी कार्यदिशाको विकास तथा नवीन फौजी कार्यनीतिहरूको प्रमुख स्थान थियो।

## होलेरी, राडी र सिन्धुलीगढी प्रहरीचौकी आक्रमण

फागुन १ गते देशव्यापी मूलतः पर्चा छेरेर, पोस्टर टाँसेर र भित्तेलेखन गरेर युद्ध घोषणाको सन्देश प्रवाह गरिएको थियो। त्यही दिन राती केही सशस्त्र हमलाहरू पनि गरिए। सशस्त्र हमलाको निशानामा रहेका थिए- 'स्थानीय सुदखोर, जाली-फटाहाहरू', सरकारी कार्यालय (फौजी र गैरफौजी) र बहुराष्ट्रिय कम्पनीहरू। रोल्पा जिल्लाको होलेरी, रुकुम जिल्लाको राडी र सिन्धुली जिल्लाको सिन्धुलीगढीस्थित प्रहरीचौकीहरूमा समेत आक्रमण गरियो । माओवादी पार्टीको तत्कालीन प्रारम्भिक सैन्यशक्ति 'लडाकु दल' को प्रमुख नेतृत्वमा ती कारबाहीहरू सम्पन्न भएका थिए। काभ्रे र जाजरकोटमा स्थानीय सुदखोरहरू दौलतविक्रम बिष्ट र दीपबहादुर सिंहमाथि उनीहरूको घरमा रहेका किसानका तमसुक च्यातेर कारबाही भएको थियो। गोरखामा साना किसान विकास बैङ्कमा आक्रमण गरियो। बैङ्कमा रहेका कागजपत्र जलाएर जनतालाई सरकारी कृषि ऋणबाट मुक्तिको घोषणा गरियो।

## प्रथम सफल कारबाही बेथान, रामेछाप

जनयुद्धको सुरुआत भएदेखि माओवादी लडाकु योद्धाहरूले प्रहरीको हतियार खोस्ने थुप्रै योजना बनाए तर ती कोही पनि सफल भइरहेका थिएनन्। युद्धको सुरुआत भएयता करिब ११ महिना यसरी नै बितिसकेका थिए। देशका तीनवटा कमान्डअन्तर्गत चौकी आक्रमणको केन्द्रीय योजना नबनेको पनि होइन । त्यसलाई कार्यान्वयन गर्न पश्चिम कमान्डको त्रिवेणी (रुकुम, जाजरकोट र डोल्पाको सिमाना- २०५३ मङ्सिर २८) मा गरिएको कारबाही असफल भइसकेको थियो। पश्चिम कमान्डकै प्युठानको लुङ प्रहरीचौकी (२०५३ पुस १) मा गरिएको कारबाही प्रहरीसँग हतियार नभएको कारण निर्धारित लक्ष्यमा सफल हुन सकेन। यसैक्रममा २०५३ पुस १९ गते पूर्वी कमान्डअन्तर्गत रामेछाप जिल्लाको बेथानमा अवस्थित प्रहरीचौकीमाथि आक्रमण भयो जुन कारबाही निर्धारित उद्देश्यमा सफल मात्र भएन, बरु जनयुद्धको इतिहासमै पहिलो सफल फौजी हमलामा दर्ज भयो।

## प्रथम सफल कमान्डो कालिकाटार, तनहुँ

२०५४ जेठ १२ गते तनहुँ जिल्लाको कालिकाटारमा सम्पन्न यो कारबाही 'जनयुद्धको तेस्रो योजना' सुरुआतीको एक उत्कृष्ट कारबाही थियो । कालिकाटारको उक्त कारबाहीबाट छापामारहरूले प्रहरीका सम्पूर्ण हतियार कब्जा गरेका थिए । तर आफ्नै क्रस-फायरका कारण छापामारतर्फ एकजनाको क्षति भएको थियो । भिडन्तमा प्रहरीतर्फ एकजनाको क्षति भएको थियो। बिहान करिब दस बजेतिर जनताको शैलीमा गएर गरिएको यो कारबाहीमा महिला छापामारहरूको भूमिका विशेष उल्लेखनीय रहेको थियो। अत्यन्त जोखिम मोलेर प्राप्त कालिकाटारको उक्त उपलब्धि बच्न भने सकेन। प्रहरीले तुरुन्त 'काउन्टर अप्रेसन' चलायो। कारबाहीबाट फर्किँदै गर्दा प्रहरीको घेरामा परी थप एकजना छापामारको नदीमा डुबेर क्षति भयो।

## प्रथम सफल एम्बुस क्युबाङ, रुकुम

क्युबाङ कारबाही जनयुद्धको इतिहासमै प्रथमपटक एम्बुसको तरिकाले हतियार कब्जाको कारबाही थियो । आक्रमणको सुरुमा प्रहरीको पैदल-गस्तीमाथि माइन विष्फोट गरियो। भरुवा बन्दुक र सुतली बमले आक्रमणलाई थप मद्दत गरी प्रहरीमाथि थप आक्रमण गरेर यो कारबाही सम्पन्न भएको थियो। यो गुञ्जायमान वातावरणमा लड्दै जाँदा साढे पाँचतिर १ राइफल र पचासौँ गोलीहरू हाम्रो कब्जामा पर्दछ। २०५४ माघ १६, रुकुमको क्युबाङमा भएको एम्बुसमा ३ प्रहरीको मृत्यु, ४ घाइते र एक थान राइफल प्राप्त भयो।

## अभियानात्मक कारबाहीअन्तर्गत उच्च केन्द्रीकृत आक्रमण लहँ, जाजरकोट

२०५५ देखि देशव्यापी सञ्चालित प्रहरीको 'किलो सेरा टु' (राज्यद्वारा सञ्चालित किल एन्ड सर्च अप्रेसन) अप्रेसन जारी नै थियो। प्रहरीद्वारा हत्या, लुटपाट र बलात्कारका घटना व्यापक बढिरहेका थिए। लहँ पूर्वी जाजरकोटको एक निकै सामरिक स्थल थियो । त्यहाँ माओवादी प्रतिकारका लागि स्थानीय स्तरबाटै प्रहरीको बलमा 'खुकुरी दल' नामक भिजिलान्ते समूहको गठन गरिएको थियो। सोही अखडामा २०५६ जेठ ३१ गते विशेष कार्यदलका रूपमा सङ्गठित माओवादी छापामारहरूद्वारा भीषण हमला भयो। कारबाहीमा छापामारतर्फ कुनै मानवीय क्षति भएन। २५ जनाको सङ्ख्यामा रहेको दङ्गा प्रहरीतर्फ चारजनाको घटनास्थलमै मृत्यु भयो। बाँकीले आत्मसमर्पण गरेका थिए। छापामारहरूले प्रहरीका १८ थान राइफल, २ थान माउजर र १ थान रिभल्वर एवम् हजारौँ गोली कब्जा गरेका थिए।

## प्रतिरणनीतिक कारबाही महत, रुकुम

'यता देशव्यापी कथित जङ्गल सर्च अभियानअन्तर्गत व्यापक अप्रेसन र हत्याको शृङ्खला थालियो । त्यस अप्रेसनको प्रतिरोध, हत्याको बदला र योजनाको प्रारम्भका रूपमा २०५६ असोज ५ गते फौजी, गैरफौजी कार्यक्रम सम्पन्न गरियो। यसमा उल्लेख्य घटनाका रूपमा रुकुमको स्ट्राइकिङ बेसक्याम्पमाथिको साहसिक हमला र डीएसपी ठूले राईको गिरफ्तारी रह्यो। डीएसपी ठूले राईलाई लिएर ३ महिनापछि आफन्तहरूलाई बुझाउने काम भयो। यस कारबाहीले कथित जङ्गल सर्च अभियानलाई काफी हदसम्म असफल तुल्यायो र क. वासु वाग्लेको हत्याको बदला लिने र देशव्यापी राज्यआतङ्क रोक्नलाई महत्वपूर्ण भूमिका खेल्यो।'

महत कारबाहीमा माओवादी पार्टीले 'दुस्मनका महत्वपूर्ण मान्छे कब्जा गरेर आफ्ना मान्छे छुटाउन या उनीहरूको जीवनरक्षाका लागि दबाब दिने' नयाँ युद्ध कार्यनीतिको ढोका खोल्यो; जसको परिणाम माओवादी पार्टीका तत्कालीन केन्द्रीय सदस्य देव गुरुङलाई महतबाट कब्जा गरिएका डीएसपी ठूले राईसँग साटिएको थियो।

## पहिलो सदरमुकाम हमला दुनै, डोल्पा

सिङ्गो राज्यसत्तालाई तहसनहस र ठूलो झट्का दिने गरी यो कारबाही २०५७ असोज ८ गते राती बटालियनस्तरको शक्तिले सम्पन्न गरेको थियो । यस कारबाहीमा जिल्ला कारागार शाखा, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रहरी कार्यालयहरू पूर्ण रूपले ध्वंस गरियो। ४ घन्टासम्म चलेको उक्त कारबाही उच्च प्रकारको चलायमान मोर्चाबद्ध युद्धको पनि एउटा अभ्यास बन्यो। यो आक्रमण जनयुद्धको इतिहासमा ऐतिहासिक महत्वको कारबाही हो । कारबाहीबारे सुइँको पाएर राज्यद्वारा आधुनिक तालिमप्राप्त दङ्गा फोर्ससमेत थप्दा पनि प्रहरीको पराजय भयो। अत्यन्तै भीषण रूपले भएको यस लडाइँमा जनसेनातर्फ २ जनाको क्षति भएको थियो भने १७ जना घाइते भएका थिए। प्रहरीतर्फ दर्जनौँको मृत्यु भएको थियो। यस कारबाहीबाट करिब ५ करोड नगदसहित ५० औँ थान प्रहरीका हतियार कब्जा गरियो।

## प्रहरी शक्तिमाथिको रणनीतिक हमला : रुकुमकोट र नौमुले

रुकुम जिल्लाको दोस्रो सदरमुकामका रूपमा अवस्थित रुकुमकोट एउटा सामरिक महत्वको ठाउँ थियो भने दैलेखको नौमुले पनि निकै व्यवस्थित प्रहरी क्याम्प थियो। दुवै ठाउँमा व्यवस्थित किल्लाबन्दी (तार-बार, ट्रेन्च, टनेल, बुबी ट्र्याप आदि) थियो । सयौँको सङ्ख्यामा रहेको प्रहरी शक्ति, उनीहरूसँग प्रशस्त राइफलहरू थिए। गोलीगट्ठाको अभाव थिएन तर पनि माओवादी पार्टीले ती दुई क्याम्पलाई नै आफ्नो निशाना बनाए र सफलतापूर्वक नियन्त्रणमा लिन सफल भयो। जनयुद्धको दोस्रो आधारका रूपमा विकसित भेरी-कर्णालीमा कार्यरत प्लाटुनहरूको सहभागितामा नौमुलेमा आक्रमण भएको थियो । दुवै कारबाहीहरूमा स्थानीय प्लाटुन र स्क्वायडहरूको पनि सहभागिता रहेको थियो। लडाइँमा दर्जनौँ प्रहरीको मृत्यु भयो। दुवै ठाउँमा प्रहरीतर्फ इन्स्पेक्टरसहित ३२/३२ जनाको मृत्यु भयो। पचासौँजना घाइते भए। जनसेनातर्फ रुकुमकोटमा ८ जना र नौमुलेमा ७ जनाको मानवीय क्षति भयो। छापामारतर्फ पनि उक्त क्षति त्यति बेलासम्मकै सबभन्दा ठूलो थियो। दुवै ठाउँको कारबाहीबाट साना-ठूला गरेर सयौँ थान प्रहरीका हतियार र हजारौँ राउन्ड गोलीहरू छापामारहरूले कब्जा गरे।

## पुरानो सत्ताभित्र अन्तर्विरोधको विस्फोट होलेरी आक्रमण, रोल्पा

२०५८ असार २८ गते रोल्पाको होलेरीमाथिको आक्रमणमा जनमुक्ति सेनाले आफ्नोतर्फ बिना कुनै मानवीय क्षति ७१ जना प्रहरीहरूलाई कब्जामा लिएको थियो। माओवादी आक्रमणको डरले रातभरि अन्तै कतै सुत्ने र बिहान मात्र क्याम्पमा आउने यति बेलाको प्रहरीको रक्षात्मक रणनीति थियो। फेरि पनि उनीहरू बच्न सकेनन्। यो कारबाहीपछि पुरानो सत्ताभित्र अन्तर्विरोध विस्फोटन हुन गयो। दरबार र सरकार (संसद्वादी शक्ति) बीच विवादले उत्कर्ष लिएको थियो । यो आक्रमणपछि पहिलोपटक शाही नेपाली सेनाको परिचालन गरिएको थियो । होलेरी कारबाहीमा सरकार फौजी रूपले होइन, त्योभन्दा धेरै नैतिक रूपले पराजय भयो।

## शाहीसेनामाथिको पहलकदमीपूर्ण हमला दाङ आक्रमण

जनयुद्ध थालनीको करिब पाँच वर्षपछि माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन (२०५७ माघ-फागुन) सम्पन्न भयो। यसै अवधिबीच २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश विनास हुने गरी नारायणहिटी दरबारमा नृशंस हत्याकाण्ड भयो। दरबार हत्याकाण्डले देशको राजनीतिक वातावरणमा निकै ठूलो हलचल ल्याइदियो । सुरुका केही दिनहरूमा उत्तेजक अभिव्यक्तिका बाबजुद माओवादी पार्टीले दरबारसँग सहकार्यको आफ्नो नीतिलाई निरन्तरता नै दियो। फलस्वरूप दरबार हत्याकाण्डपछि गठित सरकारसँग वार्ताको प्रक्रिया (२०५७ साउन) समेत सुरु भयो। तीन चरणसम्म जारी वार्ता भने निष्कर्षविहीन भयो।

२०५८ मङ्सिर ८ गते धक्कापूर्ण हमलाको मिति तय भइसकेको थियो । देशभरि सानाठूला सयौँ कारबाहीको योजना बनेका थिए । मुख्य कारबाहीका रूपमा दाङको अञ्चल सदरमुकाम घोराही कब्जा रहेको थियो । उता मध्यकमान्डअन्तगर्तको स्याङ्जा र पूर्वी कमान्डअन्तर्गतको सोलु सदरमुकाम पनि आक्रमणको निशानामा थिए। दाङको हमला ऐतिहासिक र भव्य रूपले सफल भयो । स्याङ्जा मुकाम हमला पनि शानदार सफल भयो तर सोलुखुम्बुको सदरमुकाम सल्लेरी कारबाही भने निर्धारित समयमा हुन सकेन। दुई दिनपछि गरिएको सोलु-सल्लेरी कारबाही पनि सफल नै भयो तर त्यहाँ रहेको नेपाली सेनाको क्याम्प भने कब्जा हुन सकेन।

लडाइँका क्रममा ७ जना प्रहरी र मेजरसहित १४ जना शाही नेपाली सैनिकको मृत्यु भयो। जनमुक्ति सेनातर्फ ७ जनाको क्षति भयो । शाहीसेनाका विरुद्ध पहिलो पहलकदमीपूर्ण यस आक्रमणमा सेनाका सयौँ अत्याधुनिक हतियारहरू कब्जा भए। ५ थान ८१ एमएम मोर्टार, ३ थान टुइन्च, ३ थान रकेट लन्चर, २ थान जीपीएमजी, २ थान वेस्ट स्नाइपर, १४ थान एलएमजी, ४८ थान एसएमजीसहित सयौँको सङ्ख्यामा एसएलआर तथा थ्री नट थ्री राइफल कब्जा गरिए । बम, गोलीहरूलगायत कैयौँ ट्रक युद्ध-सामग्रीसमेत कब्जा भयो । उता त्यही दिनमा गरिएको स्याङ्जा सदरमुकाम हमला जनसेनातर्फ बिनाकुनै क्षति सदरमुकाममाथिको ऐतिहासिक सफल हमला बन्यो। सल्लेरीको हमला भने त्यो दिन हुन सकेन। कारबाहीका लागि नजिकै पुगिसकेको बेला जनसेनाको एकजना सदस्यले ग्रिनेड विस्फोटको दुर्घटना गरिदिँदा निर्धारित योजना रद्द गरियो। दुई दिनपछि अर्थात् मङ्सिर १० गते गरिएको सल्लेरी हमलामा सेनाको ब्यारेकबाहेक सम्पूर्ण सदरमुकाम जनसेनाले कब्जा गर्न सफल भयो।



कारबाहीमा १४ जना जनसेनाको क्षति भयो। विगतका सम्पूर्ण लडाइँहरूको संश्लेषणसहितको यी आक्रमणहरूमा जनमुक्ति सेनाद्वारा कुशल युद्धक्षमता प्रदर्शन गरियो। जनमुक्ति सेनाको यो एक व्यवस्थित र बृहत् हमला थियो। यी ठूला कारबाहीको मद्दतमा देशैभरि अन्य थुप्रै साना र प्रचारात्मक कारबाहीहरू भएका थिए।

## शाहीसेनामाथि 'काउन्टर अप्रेसनल' कारबाही लिस्ने-गाम भिडन्त, रोल्पा

माओवादी पार्टीले शाहीसेनामाथिको हमला सुरु गरिसकेपछि उसले यसलाई निरन्तर बढाउन चाहन्थ्यो । पुरानो सत्ताको विघटन वा कम्तीमा पनि उसलाई फौजी ढङ्गले समेत झुकाउन निरन्तर विजयको जरुरी थियो। दाङको केही समयपछि अछाम सदरमुकाम मङ्गलसेनको हमला र विजयले यो कुराको पुष्टि गर्दछ। त्यसको थप निरन्तरताका लागि दोस्रो धक्काको कार्यक्रम तय गऱ्यो।

शाहीसेनाको अप्रेसन फोर्समाथि जनसेनाबाट गरिएको यो पहिलो हमला थियो। यो निकै शानदार सफल भयो। गाम सैन्य-बेसक्याम्पमाथि हमला प्रकारान्तरले अमेरिकी सैन्य रणनीतिका विरुद्धको हमला थियो । यो हमलामा शाहीसेनाको सर्मनाक पराजय भयो । जनाधार क्षेत्रलाई निशाना बनाएर सुरु गरिएको पुरानो सत्ताद्वारा सञ्चालित 'सर्च एन्ड डिस्ट्रोय' नामक घेरा हाल र सखाप पारको नीतिमा आधारित जनसंहारकारी अभियानमाथि समेत भयङ्कर हमला भयो। गाम हमलापछि रोल्पा, रुकुमका प्रायः सैनिक क्याम्पहरू उठाएर सदरमुकाम र केही निश्चित इलाकामा केन्द्रित गरिए। जनसेनाले यी दुवै कारबाहीमा अत्यन्त उच्च युद्धकौशल र साहस प्रदर्शन गरे। जनसेनातर्फ करिब ४० जनाको क्षति भएको यो कारबाहीमा सेना-प्रहरीतर्फ एक सयभन्दा बढीजनाको क्षति भयो। सेना-प्रहरीका सयौँ थान अत्याधुनिक हतियारहरू जनसेनाले कब्जा गर्न सफल भयो।

## व्यवस्थित किल्लाबन्दीविरुद्धको आक्रमण सन्धिखर्क, अर्घाखाँची

जब रोल्पाको गाममा रहेको शाही नेपाली सेनाको अप्रेसन बेसक्याम्प जनमुक्ति सेनाले ध्वस्त पारिदियो, तब त्यसको चोट नेपाली सेनालाई होइन, सीधै अमेरिकालाई पर्न गयो । त्यसपछि नेपाली सेनाले आफ्नो रणनीति बदल्यो । आफ्नो किल्लाबन्दीलाई बलिया बनाउने र रक्षात्मक पङ्क्तिको लडाइँ लड्ने उनीहरूको विशेष रणनीति बन्यो जुन कुरा जनमुक्ति सेनाका लागि नयाँ चुनौती बन्यो। यही कुरालाई ख्याल गरी माओवादी पार्टीले आफ्नो रणनीतिमा नेपाली सेनाको व्यवस्थित किल्लाबन्दीसमेत तोड्ने नयाँ योजना बनायो; जसअनुसार २०५९ भदौ २३ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमाथि आक्रमणको योजना तय भयो। यो आक्रमणमा भारी मात्रामा अत्याधुनिक हतियारहरू- एलएमजी, एसएमजी, एसएलआर, टुइन्च मोर्टार, राइफल, पेस्तोल, रिभल्वोर, म्यग्नम, हर्नेटजस्ता १७५ थान हतियार तथा ४ करोड ४५ लाख नगद, २० किलो सुन र जिन्सी गरेर थुप्रै युद्धसामग्री कब्जामा लियो।

## बाहिरी पङ्क्तिका उच्च प्रतिहमलाहरू पण्डौन, खैरीखोला, सिद्धधारा, कृष्णभीर र लेउतीखोला

मङ्सिर १ गते जनमुक्ति सेनाले काठमाडौँ-चितवन पृथ्वी राजमार्गको कृष्णभीरमा सडक जाम गरी शाहीसेनालाई योजनाबद्ध बोलाएर आक्रमण गऱ्यो । उक्त कारबाहीमा पहिला माइन विस्फोट गरी त्यसलगत्तै फायरबाट आक्रमण गरिएको थियो । सडक अवरोध हटाउन भनेर शाहीसेना गाडी र पैदल दुवै तरिकासहित आएको थियो। शाहीसेना जब आफ्नो निर्धारित ठाउँमा आइपुग्यो, तब जनसेनाले भीषण आक्रमण सुरु गऱ्यो । शाहीसेनाले सकेजतिको प्रतिरोध गऱ्यो तर टिक्न सकेन । केही मिनेटमै आफ्नो निर्धारित सफलता हासिल गरेर जनसेना आफ्नो बाटो लाग्यो। समग्र जनयुद्धको यो एक चर्चित कारबाही हो।

यो कारबाहीमा शाहीसेनातर्फ ४ जनाको र जनसेनातर्फ २ जनाको मानवीय क्षति भएको थियो । कारबाहीबाट जनमुक्ति सेनाले १ थान टुइन्च मोर्टार, ६ थान इन्सास राइफल, २ थान एसएलआर, २ थान एसएमजीलगायत हतियार कब्जा गरेको थियो । बोलाएर आक्रमण गर्ने तरिकाअनुसार नै मङ्सिर १ र २ गते बाँकेको खैरीखोलामा जनमुक्ति सेनाको एउटा टुकडीले लगातार पुरानो सत्ताको सेना र सशस्त्र प्रहरीसँग भिडन्त गऱ्यो । उक्त भिडन्तमा आफ्नोतर्फ बिनामानवीय क्षति जनमुक्ति सेनाले सशस्त्र प्रहरीका ८ थान एसएलआर र एक थान ५१ एमएम मोर्टार कब्जा गर्न सफल भयो। जनसेनालाई लखेट्न भनेर अप्रेसनको व्यापक सरजामसहित गएको यो टुकडीलाई 'एन्टी अप्रेसन प्लान' मा जनसेनाले आक्रमण गरेको थियो। भिडन्तमा शाहीसेनातर्फ ९ जना र जनमुक्ति सेनातर्फ ११ जनाको क्षति भयो। यसक्रममा शाहीसेनाले भीषण हवाई हमलासमेत गरेको थियो । तर शाहीसेनाको केही जोर चलेन। उनीहरू पछाडि हटे। कारबाहीबाट जनमुक्ति सेनाले उनीहरूको साथमा रहेका अत्याधुनिक हतियारहरू १ थान एम १६ कोल्ट कमान्डो, १ थान ४० मिमी लन्चर सेट एम १६ तथा ४ थान एम १६ ए टु गरी कुल ६ थान एम १६ कब्जा गरेको थियो।

मङ्सिर ३० गते अर्घाखाँचीको सिद्धधारा दोबाटोमा योजनाबद्ध फायर एम्बुसद्वारा गस्तीमा निस्केको शाहीसेनाको पैदल फोर्समाथि जनमुक्ति सेनाले अर्को हमला गऱ्यो। पूर्व-पश्चिम राजमार्गमा गरिएको यो आक्रमणबाट जनसेनाले शाहीसेनाको साथमा रहेका १ थान एलएसडब्लू र ८ थान इन्सास राइफल कब्जा गऱ्यो । यो हमलामा जनमुक्ति सेनातर्फ कुनै पनि मानवीय क्षति भएन । शाहीसेनातर्फ १९ जनाको घटनास्थलमै क्षति भयो।

पुस १७ गते धनकुटाको लेउतीखोलामा जनमुक्ति सेनाले शाहीसेनाको एउटा टुकडीमाथि अर्को एउटा हमला गऱ्यो । फायर एम्बुसको तरिकाले गरिएको यो हमला सडकलाई अवरुद्ध बनाएर बोलाएर गरिएको थियो । शाहीसेनाको टुकडीलाई नजिकभन्दा नजिक आउन दिएर गरिएको यो आक्रमणमा दुवै पक्षबीच गुत्थमगुत्थाको लडाइँसमेत भएको थियो । शाहीसेनाले घटनास्थल आउनुपूर्व निकै ठूलो बमबार्ड गरी एरिया क्लियरको कारबाही गरेको थियो। त्यसका बाबजुद पनि जनसेनाले आफूलाई उद्देश्यमा अविचलित राखेर आक्रमणका लागि कुरेर बसेको थियो; जसको परिणाम नै लडाइँमा जनसेना शानदार विजयी भयो। यो लडाइँमा जनसेना शाहीसेनाका दर्जनौँ अत्याधुनिक हतियार खोस्न सफल भयो। शाहीसेना र प्रहरीतर्फ भने दर्जनौँको क्षति भयो।

## भारतीय प्रविधिविरुद्धको हमला पिली, कालीकोट

२०६२ साउन २३ गते पिलीमा रहेको शाहीसेनाको ब्यारेकमाथिको भीषण आक्रमण गरी अत्यन्त शानदार सफलता हासिल गरिएको थियो। पिली कारबाही एकातिर जनयुद्धको आन्तरिक जीवनका उपर्युक्त प्रश्नहरूको जबाफ थियो भने अर्कोतिर जनयुद्धको इतिहासमै सबैभन्दा धेरै स्वचालित हतियार कब्जाको कारबाही बन्न पुग्यो। जनसेनाद्वारा 'दिउँसै जीपीएमजी र ८१ मिमी मोर्टारबाट आक्रमणको सुरुआत गरिएको थियो। त्यसपछि एसल्ट ग्रुपहरू क्याम्पको तीनतिरबाट घेराबन्दी गर्दै (एक साइडमा भीर भएकाले) अघि बढेका थिए । लडाइँमा जनमुक्ति सेनातर्फ दुई दर्जनभन्दा बढी र शाहीसेनातर्फ १५९ जनाको मानवीय क्षति भयो । ६४ जना शाहीसेनालाई जनसेनाद्वारा बन्दी बनाइयो। उनीहरूलाई केही समयपछि ससम्मान छोडिएको थियो। कारबाहीबाट १ थान ८१ मिमी मोर्टार, १ थान जीपीएमजी, टुइन्च मोर्टार २ थान, एसएमजी २ थान, ब्राउनिङ २ थान, एसएलआर ८० थान, इन्सास ७० थान र एलएमजी २० थान कब्जा भएका थिए।

## शाही निरङ्कुशताविरुद्ध प्रतिरोधको सन्देश तानसेन आक्रमण, पाल्पा

चुनबाङ बैठकले ढाडमा टेकेर टाउकोमा हान्ने नीति पारित गऱ्यो। मध्यक्षेत्रले मुख्यतः राजधानी आसपास, पूर्व र पश्चिमले पूर्व-पश्चिम राजमार्गलाई युद्धक्षेत्र निर्धारण गरी सैन्य कारबाहीका स्थानहरूसमेत छनोट गरिए । यो परिभाषामा सिङ्गो योजनाको केन्द्रीय टाउको राजधानी थियो भने कमान्ड, क्षेत्र र जिल्लाका टाउकाहरू पनि सापेक्षित रूपमा निर्धारण गरिएका थिए। सामान्यतः सहर, सदरमुकाम र सडक टाउकाको परिभाषामा राखिएका थिए । त्यसअन्तर्गत पश्चिम कमान्डको गण्डककेन्द्रित जनमुक्ति सेनाले पाल्पाको सदरमुकाम आक्रमण गरेको थियो। यो आक्रमणपूर्व गण्डक केन्द्रित जनमुक्ति सेनालाई शाहीसेनाले निकै ठूलो घेराबन्दी गरिरहेको थियो। पैदल र हवाई हमलाहरू दिनहुँजसो भइरहेका थिए। त्यही आक्रमण र घेराबन्दीकै बीचबाट गरिएको यो आक्रमण भएको थियो। यो अवधिमा देशभरि अरू सयौँ सानाठूला कारबाहीहरू भएका थिए । राजधानीको थानकोट र दधिकोटमा तथा सर्लाही जिल्ला सदरमुकाम मलङ्गवामा गरिएका हमलाहरू पनि निकै उच्चस्तरका थिए । तर ती सबैको नेतृत्व तहमा भने पाल्पा आक्रमण नै रहन गएको थियो।

(उदयबहादुर चलाउने 'दीपक' को 'जनयुद्ध र जनमुक्ति सेना : सङ्क्षिप्त सिंहावलोकन' बाट)

---

### जनयुद्धको ऐतिहासिक पहलकदमीका लागि नेकपा (माओवादी) को सातबुँदे सैद्धान्तिक प्रतिबद्धता

१. हाम्रो यो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित हुनेछ। हाम्रो देशको विशिष्टताअनुसार 'गाउँबाट सहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्ध' का रूपमा अघि बढ्ने यस प्रक्रियाको पहलकदमीको योजना र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तका रूपमा जनयुद्धको सिद्धान्तप्रति अविचलित रहने प्रतिज्ञा गर्दछ।

२. जनयुद्धको थालनीको हाम्रो यो योजना, 'राज्यसत्ताबाहेक अरू सबै भ्रम हो' भन्ने प्रमुख उद्देश्य हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखापर्ने अर्थवाद, सुधारवाद, अराजकतावादलगायत सबै प्रकारका विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष गर्न पार्टी आफ्नो कटिबद्धता जाहेर गर्दछ।

३. हाम्रो यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वंस गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने, त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरू चलाउँदै मानव जातीको स्वर्णिम भविष्य- साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ । एकपटक हतियार उठाएपछि त्यसलाई अन्त्यसम्म लैजाने दृढताबिना सशस्त्र सङ्घर्षको थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौँ। यो सङ्घर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने, प्रतिक्रियावादी वर्गलाई दबाब दिई सामान्य सम्झौतामा टुङ्ग्याउने साधन बन्न कदापि दिइनेछैन । यसरी हाम्रो सशस्त्र सङ्घर्ष सबै प्रकारका निम्नपुँजीवादी, सङ्कीर्ण राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवम् जातिवादी विभ्रमबाट सम्पूर्ण रूपले मुक्त रहनेछ।

४. हाम्रो यो योजना सर्वहारा अन्तर्राष्ट्रियतावादको महान् भावनामा आधारित रहनेछ । नेपाली क्रान्ति सर्वहारा विश्वक्रान्तिको अभिन्न अङ्ग हो र यसले विश्व क्रान्तिको सेवा गर्दछ। हाम्रो पार्टी यस सन्दर्भमा मार्क्सवाद- लेनिनवाद-माओवादको निर्देशनमा विश्वक्रान्ति अघि बढाउन तथा नयाँ अन्तर्राष्ट्रिय निर्माणको दिशामा अघि बढिरहेको 'क्रान्तिकारी अन्तरर्ष्ट्रियतावादी आन्दोलन (रिम), जसको हाम्रो पार्टी पनि सदस्य छ, को विकासमा अझ बढी सहयोग पुऱ्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ।

५. हाम्रो यो योजना, नयाँ जनवादी क्रान्तिकालमा सर्वहारा वर्गको पार्टीको नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी सेना निर्माणको सैद्धान्तिक मान्यतामा आधारित रहनेछ । अन्तरविरोधको नियमको सार्वभौमिकताअनुसार पार्टी भित्री सङ्घर्षलाई द्वन्द्वात्मक ढङ्गले ग्रहण गर्नु, त्यसलाई सञ्चालन गर्नु र पार्टीलाई त्यसरी सजीव राखी हरक्षेत्रमा त्यसको नेतृत्वलाई स्थापित गर्नु, पूरा हृदयले जनताको सेवा गर्न जनतासँग घनिष्ट सम्बन्ध कायम राख्ने जनदिशाको सिद्धान्तमा अविचलन रहने कुरामा पार्टी कटिबद्ध छ।

६. हाम्रो यो योजना, सर्वहारा वर्गको पार्टीको स्वतन्त्र आत्मनिर्णयको अधिकारको मान्यताअनुसार बन्नेछ । पार्टीको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादविरोधी सबै तह र तप्काका जनसमुदायलाई संयुक्त पारी सशस्त्र सङ्घर्ष सञ्चालन गरिनेछ। कृषि क्रान्तिलाई मेरुदण्ड मानी हाम्रो सशस्त्र सङ्घर्ष श्रमजीवी जनसमुदाय मुख्यतः गरिब किसानहरूमाथि भर परेर चल्नेछ । कहिल्यै र कुनै पनि हालतमा पार्टी कुनै देशी एवम् विदेशी प्रतिक्रियावादी गुटहरूको दबाब, धम्की र प्रलोभनमा पर्नेछैन।

७. युद्धका आफ्नै नियमअनुसार यो सरल रेखामा होइन, जटिल बक्ररेखामा अघि बढ्नेछ । लेनिनको 'क्रान्ति आफैँले आफ्नो विकास क्रममा सधैँ नै असाधारण जटिल परिस्थितिको सिर्जना गर्दछ' भन्ने कुराको महत्वलाई आत्मसात् गरेर जानु अनिवार्य छ। जित र हारको, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ। खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तरविरोधको नियमलाई ठीक ढङ्गले पक्डेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्नेछौँ।

# २३ औँ जनयुद्ध दिवसका सन्दर्भमा

२०५२ साल फागुन १ गते आजकै दिन नेपाली शोषित उत्पीडित जनता र सर्वहारा वर्गको प्रतिनिधित्व गर्दै तत्कालीन नेकपा (माओवादी) ले विद्यमान राज्यसत्ताविरुद्धमा विद्रोहको शङ्खघोष गऱ्यो । 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै जनयुद्धको बाटोमा अघि बढौँ । विद्रोह जनताको अधिकार हो' भन्ने मूल नाराका साथ विद्रोहको विगुल फुकियो । फागुन १ को मध्यरात सामन्त, दलाल, नोकरशाही पुँजीपति वर्ग र तिनीहरूलाई संरक्षण गर्ने संसदीय राज्यसत्तामाथि प्रतीकात्मक रूपमा देशैभरि कारबाहीहरू सम्पन्न भए । त्यो दिन मेरो मानसपटलमा अझै पनि ताजै छ । नयाँ कौतुहल, नयाँ जिज्ञासा, धेरै उत्साह, अब के हुन्छ भन्ने थोरै डरका साथ हामी त्यो विद्रोहमा एउटा लयका साथ सामेल भएका थियौँ । रातभर भूमिगत शैलीमा हाम्रा जिम्मेवारीहरू पूरा गरेर हामी बिहानीको प्रतीक्षामा थियौँ । बिहान ७ बजेको रेडियो नेपालको समाचारले देशैभरि सनसनी फैलियो । देशभर ३ वटा प्रहरी चौकीमा आक्रमण भयो रे ! कसले गऱ्यो, थाहा भएन । नेकपा (माओवादी) - जिन्दावाद ! भन्ने नारा लगाए रे । यस्तै खासखुस चल्न थाल्यो गाउँगाउँमा । त्यतिबेलासम्म जनमानसमा नेकपा (माओवादी) छ भन्ने थाहा थिएन । जनमोर्चा भनेपछि सबैले चिन्थे । कसले गऱ्यो यो काम ? जनमोर्चाले कि माओवादीले ? सर्वसाधारण रनभुल्लमा थिए । थालनी र निरन्तरताको योजनाअनुरूप देशैभरि जालीफटाहा, सुदखोरमाथि कारबाही गर्दै गए । नेकपा (माओवादी) ले उक्त घटनाहरूको जिम्मेवारी लिँदै फागुन ४ गते वक्तव्य निकाल्यो । डा. बाबुराम भट्टराईको नेतृत्वमा गठित संयुक्त जनमोर्चा नेपालले फागुन ५ गते उक्त विद्रोहलाई समर्थन गरेको विज्ञप्ति निकाल्यो । त्यसपछि संसदीय सत्ताले चारैतिर बहुला कुकुरले झम्टेजस्तै जनतामाथि दमनको प्रक्रिया सुरु गऱ्यो । फागुन १४ गते गोरखाका विद्यार्थी दिलबहादुर रम्तेल (जो शिक्षकलाई विद्यालयबाटै प्रहरीले गिरफ्तार गर्न लाग्दा प्रतिवादमा उत्रिएका थिए) हत्या गरियो । फागुन १५ गते रुकुमको पीपलमा ६ जना खत्री बन्धुको सामूहिक हत्या गरियो । यसरी जनयुद्धको इतिहासलाई रगतले लेख्ने क्रमको सुरुआत भएको थियो । उत्पीडितहरूको मुक्तिका लागि थालिएको त्यो महान् अभियानमा हजारौँ वीर योद्धाहरूले सचेततापूर्वक बलिदान गरे । आफ्नो वर्गको मुक्तिका लागि सर्वसाधारण जनताले पनि आफ्नो भागमा परेको बलिदानको कोटा चुक्ता गरे । कतिले निर्मम यातना पाएर, कतिले जेलनेल भोगेर, कति बेपत्ता भएर, कतिले बलात्कार सहेर त कतिले गोली खाएर । उत्सर्गको त्यो महान् यात्रा साँच्चीकै संसारको इतिहासमा नमुना नै बनेको छ ।

आज त्यो दिन सुरु भएको २२ वर्ष पूरा भएर २३ औँ वर्षमा प्रवेश गरेको छ । यसबीचमा नेपालका नदीनालामा धेरै पानी बगिसकेको छ । युद्धकालीन १० वर्ष र शान्तिकालीन १२ वर्ष हामीले गुजारेका छौँ । भनिएको उपलब्धिका रूपमा हामीले गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता र समानुपातिक समावेशी प्रतिनिधित्व पाएका छौँ तर राज्यसत्ताको स्वरूप भने संसदीय नै छ । जनयुद्धका एकथरी सहयात्रीहरू यसलाई महान् उपलब्धि ठान्दै संसदीय व्यवस्थामै रमाइरहेका छन् भने एकथरीले आफ्नो लक्ष्य पूरा नभएको भन्दै निरन्तर सङ्घर्षमा जुटिरहेका छन् । व्याख्या गर्ने र बुझ्नेबुझाउने कोण आआफ्नै होलान् तर फागुन १ ले एउटा प्रश्न सबैलाई सोधेको छ- के राज्यसत्ताका उपरिसंरचनाका केही शब्दको हेरफेरका लागि त्यति ठूलो विद्रोहको सुरुआत भएको थियो ?


बन्धु चन्द

b]zsf]xfnt o:tf]5 eg]s]
hgo'4 k'/f eof]< s]xL g]tfn]
hgo'4 l;l4of]eg]/ x:tfIf/
ub{f To;sf]cf}lrTo kli6
xG5 < xF}g . hgo'4 To:tf]
k|lqmof xf]hlxn];Dd hgtfn]
cf^gf]nIo, p2]Zo / clwsf/
k|fKt ug{;Qmg}g Toltaf]nf;Dd
lg/Gt/ hf/L /xG5 .

यो प्रश्नले मनलाई सोध्नासाथ म फागुन १ को नारा र प्रतिबद्धता सम्झन पुग्छु । के प्रतिक्रियावादी राज्यसत्ता परिवर्तन भएको हो ? के नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको हो ? के जनयुद्धले उठाएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू समाधान भएका हुन् ? अहँ, त्यस्तो कहीँ कतै देखिएको छैन । मेरो मनले यो प्रश्नको उत्तर दिन सकेको छैन । बरु हजार प्रश्नहरू चाङ लागेर आउँछन् । देशमा गणतन्त्र आयो भनिन्छ तर सामन्ती संरचना र संस्कृति झन् जोडतोडले मौलाउँदैछ । गणतन्त्र त एउटा राजालाई फालेर धेरै राजा जन्माउने थलो पो बन्न पुगेको छ । धर्मनिरपेक्षता जनयुद्धको कुनै नारा र एजेन्डा नै होइन । यसले अनावश्यक रूपमा वर्गीय मुद्दालाई विषयान्तर गर्न मात्र खोजेको छ । सङ्घीयता रूप र सारबिनाको बुख्याँचाका रूपमा उभ्याइएको छ जुन राजधानी र भूगोलको खिचातानीमा विवादित बनिरहेको छ । समानुपातिक समावेशी केही टाठाबाठा र पारिवारिक बनिरहेको छ । भनिएको उपलब्धिको त यो हालत छ भने जनयुद्धले उठाएका मुद्दा त झन् ज्युँका त्यूँ छन् । नेपालको सन्दर्भमा राष्ट्रियता दलालीकरणको सिकार भएको छ । जनताले वास्तविक जनतन्त्रको अभ्यास गर्न पाएकै छैनन् । लोकतन्त्रको अभ्यास भनिएको चुनाव पैसाको खोलो बगाएर किनबेचमा परिणत भएको छ । सर्वाधिक समस्या त जीविकाको पाटोमा छ । महँगी, भ्रष्टाचार, मानव किनबेच, श्रमशक्तिको पलायन, हत्या, बलात्कार, बेरोजगारी, लुटतन्त्र आदि कुराले जनताको जीवनस्तर कष्टकर बनिरहेको छ ।

यहीँनेर प्रश्न उठ्छ, देशको हालत यस्तो छ भने के जनयुद्ध पूरा भयो ? केही नेताले जनयुद्ध सिद्धियो भनेर हस्ताक्षर गर्दैमा त्यसको औचित्य पुष्टि हुन्छ ? हुँदैन । जनयुद्ध त्यस्तो प्रक्रिया हो जहिलेसम्म जनताले आफ्नो लक्ष्य, उद्देश्य र अधिकार प्राप्त गर्न सक्तैनन् त्यतिबेलासम्म निरन्तर जारी रहन्छ । भलै समय र परिस्थितिअनुसार त्यसका रूपहरू परिवर्तन हुन सक्छन् । यसलाई अगाडि बढाउने विधि, प्रक्रिया र कार्यदिशा नयाँ हुन सक्छन् । फरक त्यत्ति हो । यही कुरालाई आत्मसात गर्दै क्रान्तिकारीहरू आफ्नो लक्ष्य चुम्ने साहसका साथ फेरि गोलबन्द हुँदै अगाडि बढिरहेको हो । त्यसैले जनयुद्धको सान्दर्भिकता आजको दिनमा झनै बढेर गएको छ ।

२३ औँ जनयुद्ध दिवसको यस अवसरमा सम्पूर्ण सहिदहरू, बेपत्ता योद्धाहरू, घाइते योद्धाहरू विशेष स्मरण र सम्मान गर्दै कर्मक्षेत्रमा कुद्ने क्रान्तिकारी योद्धाहरू, सहिद परिवार, बेपत्ता योद्धा परिवारलगायत सम्पूर्ण श्रमजीवी तथा उत्पीडित जनसमुदायमा लक्ष्य प्राप्त गर्ने यात्रामा निरन्तर अगाडि बढौँ, हार्दिक शुभकामना !

# युवा सम्मेलन र जनयुद्धका कार्यभार

"नेपाली राजनीतिमा हाबी हुँदै गएको प्रतिक्रान्तिलाई उल्ट्याएर क्रान्तिको वातावरण बनाउने र एकीकृत जनक्रान्ति सम्पन्न गर्ने आन्दोलनमा सङ्गठन पूर्ण रूपमा होमिएको छ ।

रवीना खान



*'युवा हो, यो देश तिमीहरुकै हो । हुनत हाम्रो पनि हो तर अन्तिममा तिमीहरुकै हो ।'* – ***माओ***

युवा जनस्वयम्सेवक नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन हो, रेड गार्ड हो । माओको यही महान् उद्घोषलाई आत्मसाथ गर्दै युवा आन्दोलित भइरहेका छन् । हामी यो सङ्गठनको ऐतिहासिक तेस्रो राष्ट्रिय सम्मेलनको सँघारमा छौँ । यो सङ्गठनले जनयुद्धका बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धताअनुसार गतिविधि सञ्चालन गर्दै आएको छ ।

महान् जनयुद्धको २३ औँ वार्षिकोत्सवका अवसरमा देशभर भ्रष्टाचारीहरुविरुद्ध गतिविधिहरु भइरहेका छन् । यसै सन्दर्भमा सङ्गठनले 'राष्ट्रघात, भ्रष्टार र बेरोजगारीका विरुद्ध सशक्त युवा आन्दोलन, सुनिश्चित युवा अधिकार र एकीकृत जनक्रान्तिको पक्षमा तेस्रो राष्ट्रिय सम्मेलन' मूल नारासहित यही फागुन ६ र ७ गते विराटनगरमा हुँदैछ ।

सम्मेलनले सिङ्गो युवा आन्दोलन र नेपाली क्रान्ति सम्पन्न गर्ने वैज्ञानिक मार्गचित्र कोर्ने उद्देश्य लिएको छ । सम्मेलनले विश्व र नेपाली युवाहरुको मर्म, भावना र प्रश्नहरुको वैज्ञानिक तरिकाले जबाफ दिनेछ । हाम्रो सङ्गठन क्रान्तिकारी युवाहरुको सङ्गठन हो ।

यसको स्थापना जनमुक्ति सेना हुँदै वाईसीएलको विघटनपछि कमरेड विप्लवको मूल नेतृत्वमा भएको थियो । त्यसपछि यसले प्रथम राष्ट्रिय सम्मेलनले जनमुक्ति सेनाका कमान्डर कमरेड उदयबहादुर चलाउने दीपकलाई अध्यक्ष चयन गरेको थियो । उहाँको नेतृत्वमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा देशव्यापी संघर्षहरु भए । पोखरामा २०७१ सालमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले झकबहादुर मल्ल सुदीपलाई अध्यक्षमा चयन गऱ्यो । दोस्रो नेतृत्वले मधेस र राजमार्ग केन्द्रित झापा-कञ्चनपुर मेची-महाकाली अभियान सञ्चालन गऱ्यो । भारतीय साम्राज्यवादले लगाएको नाकाबन्दीका विरुद्ध यो अभियान केन्द्रित थियो ।

२०७२ साल फागुन १० मा बैतडीको झुलाघाटबाट सङ्गठनका कोषाध्यक्ष सरिता चलाउनेको नेतृत्व र पूर्वको पाँचथर फिदिमबाट सङ्गठनका तत्कालीन सचिव केशव, रवीनालगायतको नेतृत्वमा राष्ट्रघात र भ्रष्टाचारविरुद्ध मेची-महाकाली एकीकृत युवा जागरण अभियान एक महिनासम्म सञ्चालन गरिएको थियो । यो अभियान मध्यपहाडी लोकमार्ग केन्द्रित थियो । यसले प्रतिक्रान्तिका विरुद्ध एकीकृत जनक्रान्तिको सन्देश दिएको थियो । अभियानमा जनयुद्धका महान् सहिद परिवार, बेपत्ता परिवार र घाइतेहरुलाई विशेष भेटघाट गरी नेकपाको राजनीति सम्प्रेषण गर्ने काम भएको थियो ।

त्यसैगरी सङ्गठनले २०७३ साल कात्तिक २७ देखि माघ २७ सम्म काठमाडौँ उपत्यकामा २२ औँ जनयुद्ध दिवस तथा नेकपाको आठौँ महाधिवेशनको प्रचारप्रसार, श्रमदान, सरसफाइ, सङ्गठन निर्माण, जनसेवालगायत काम सञ्चालन गरेको थियो । उक्त अभियान चार कमान्डमा विभाजित थियो । भक्तपुर जिल्लामा सरिता र हरि, ललितपुरमा पुनीत र गौरव तथा पूर्वी काठमाडौँमा विवशको र पश्चिम काठमाडौँमा केशव र रवीनाको नेतृत्वमा अभियान सम्पन्न गरिएको थियो । 'राष्ट्रका लागि युवा अभियान' नाम दिइएको उक्त अभियानमा पार्टी स्थायी समिति सदस्य प्रकाण्डले वीर अस्पताल सरसफाइ गर्नुभएको थियो । उपत्यकामा पनि सहिद परिवार, बेपत्ता परिवार र घाइतेअपांगसँग भेटघाट गरिएको थियो । पार्टीको चुनाव खारेज अभियानमा सङ्गठनले आफ्नो सम्पूर्ण शक्ति परिचालित गरेको थियो ।

यसरी नेपाली राजनीतिमा हाबी हुँदै गएको प्रतिक्रान्तिलाई उल्ट्याएर क्रान्तिको वातावरण बनाउने र एकीकृत जनक्रान्ति सम्पन्न गर्ने आन्दोलनमा सङ्गठन पूर्ण रूपमा होमिएको छ ।



# जनयुद्धसिर्जित साहित्य : सङ्क्षिप्त विवेचना



अशोक सुवेदी

२०५२ साल फागुन १ बाट आरम्भ भएको महान् जनयुद्ध झन्डै ११ वर्षसम्म सञ्चालनमा रह्यो । दर्शन, विचार, राजनीतिमा झैँ यसले साहित्यमा पनि क्रमभङ्ग गऱ्यो र नयाँ यथार्थ निर्माण गऱ्यो । जनयुद्ध लड्दालड्दै स्रष्टाहरू जन्मिए र स्रष्टाहरूले सिर्जनाबाट योद्धाहरू जन्माए । जनयुद्ध सुरु हुनुभन्दा अघि सिर्जनामा तल्लीन जनयुद्ध आह्वान गरिरहेका प्रगतिवादी स्रष्टाहरूका लागि जनयुद्धको त्याग, शौर्य, वीरता र बलिदान सिर्जनाका लागि नयाँनयाँ ऊर्जाहरू बने भने स्रष्टाका विविध विधाका सिर्जना युद्धका ऊर्जा बने । यसरी जनयुद्धमा साहित्य, कला र संस्कृति र युद्ध अर्थात् हतियारका बीच सहकार्य भयो । स्रष्टाहरू सिर्जना गर्दागर्दै सहिद भए । सहिदका विषयमा सिर्जना गर्ने स्रष्टाहरू सिर्जना गर्दागर्दै आफैँ सहिद बने । स्रष्टा, संस्कृतिकर्मीहरू आफैँ पनि सिर्जना गर्दागर्दै युद्धमा सामेल भए । सिर्जना गर्दागर्दै सहिद, बेपत्ता, घाइते र अङ्गभङ्ग भए । महान् वर्गयुद्धमा सामेल हुनेहरू प्रायः नयाँनयाँ अनुभूति, अनुभव र नयाँनयाँ निर्माणसँगै स्रष्टा बने । तिनले विविध विधामा आफ्ना अनुभूतिहरू पस्किए र नयाँ दिशा निर्माणको वातावरण बनाए । एक सय ६० भन्दा बढी स्रष्टा/संस्कृतिकर्मीहरूको युद्धमैदानमै बलिदान भयो । जनयुद्धले निर्माण गरेका वीरता, शौर्य, त्याग र बलिदानका यथार्थ र तथ्यहरू सिर्जनाका विषय बने । स्रष्टाले गरेका त्याग, शौर्य, वीरता र बलिदानका गाथाहरू पार्टीनेता, कार्यकर्तादेखि जनतासम्म सबैका लागि सांस्कृतिक हतियार बने । यसरी महान् जनयुद्ध स्रष्टाका लागि सिर्जना र वैचारिक ऊर्जा बन्यो भने सिर्जना जनयुद्धका लागि ऊर्जा ।

जनयुद्ध समग्र युद्ध भएकाले यसले विचार, राजनीति, साहित्य, कला र संस्कृति सबैतिर प्रभाव पाऱ्यो । यसले पुरानो विचार, सत्ता, संस्कृति, व्यवहार, आनीनी, क्रियाकलापको ध्वंस र त्यसको ठाउँमा नयाँको निर्माण गऱ्यो । साहित्य, कला र संस्कृति पनि नयाँ सत्तासँगै वैज्ञानिक, जनवादी र नयाँ निर्माण हुँदै गए । जनयुद्धका क्रममा र जनयुद्धपछि पनि स्रष्टा र भोक्ताहरूले विभिन्न विधाहरूमा कलम चलाए । साँच्चै वर्गसङ्घर्षमा हेलिएकाहरू जनयुद्ध विसर्जन गरिएपछि केही थाकेझैँ पनि देखिए । कतिपयले भने आरोहसँगै अवरोहको अवस्थालाई आलोचना गर्दै नयाँ शिराबाट वर्गसङ्घर्ष आरम्भ गर्नुपर्छ भने आशयसाथ सिर्जनालाई निरन्तरता दिइरहे ।

जनयुद्ध समाप्त भएको भन्दै कथित शान्तिकालको घोषणा गरेर मूल नेतृत्व वर्गसङ्घर्षबाट पलायन हुँदै गएपछि जनयुद्ध लड्नेहरूभन्दा जनयुद्धलाई सत्तोसराप गर्नेहरू एकएकवटा बहानाबाजी बनाउँदै पार्टी र आन्दोलन लहसिँदै गए । जनयुद्धको समयमा माओवादी नभएर अन्य विभिन्न संसदीय पार्टीमा संलग्न रहेकाहरू र अझ केही त लेकमा भित्तामा टाँसिएर बसेका जुका मानिसको गन्ध पाएपछि सक्सकाएर शरीरभरि टाँसिएझैँ माओवादीमा टाँसिन आइपुगे । यतिबेला ती असली माओवादीलाई पाखा लगाएर निर्लज्ज सांस्कृतिक आन्दोलनको घोडा चढिरहेका छन् । पार्टी सत्तादेखि बुर्जुवा सत्तासम्म तिनै छाएका छन् । कतिपय सांस्कृतिक अगुवा हेर्दाहेर्दै जनयुद्धका महानायक भनिएकाहरूको वैचारिक स्खलन भएजस्तै स्खलित हुँदै भ्रष्टाचार र अनैतिकतामा चुर्लुम्म डुबेका छन् । तर पनि भगौडा र भ्रष्टहरूलाई दलाल, गद्दार र छद्म घोषणा गर्दै एकीकृत जनक्रान्तिसँगै स्रष्टा र संस्कृतिकर्मीहरू सांस्कृतिक आन्दोलन अघि बढाइरहेका छन् । यहाँ हामीले जनयुद्धमा विभिन्न कोणबाट सामेल स्रष्टा, हिजोदेखि आजसम्मका मूलमूल पात्र र सिर्जनाका नाम दिने प्रयास गरेका छौँ । यसलाई जनयुद्धकालीन (जनयुद्ध पक्षधर र समर्थकसमेत) साहित्य/कला/संस्कृतिको एक झलक भन्नु उचित हुनेछ । जनयुद्धले साहित्य, कला, संस्कृतिमा निर्माण गरेको नयाँ यथार्थका बारेमा चैतन्यले क्रान्ति र सौन्दर्यमा विस्तृत चर्चा गरेका छन् । नेकपाका महासचिव विप्लवको एकीकृत जनक्रान्तिका तीनवटै संस्करण, विप्लवका सङ्कलित रचना, खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' का सङ्कलित रचना, हेमन्तप्रकाश वली 'सुदर्शन' को दार्शनिक रचना, धर्मेन्द्र बास्तोलाको समकालीन विश्व कम्युनिस्ट आन्दोलन, असारे काकाको संस्मरणले एकीकृत जनक्रान्तिको दार्शनिक, वैचारिक, राजनीतिक, सांस्कृतिक आधारलाई मार्गनिर्देश गर्दै यो धारलाई समृद्ध पारेका छन् ।

जनयुद्धकाललाई नेपाली प्रगतिवादी साहित्य, कला र संस्कृति निर्माण अर्थात् नयाँ यथार्थ उद्बोधन गर्ने चेतनाका दृष्टिले महत्वपूर्ण अर्थात् उर्वर काल मानिएको छ । मानिस वर्गस्वार्थका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर वर्गसङ्घर्षमा होमिएको कालखण्ड भएकाले र यस अवस्थामा युद्धका तीक्ष्ण अनुभूतिहरू, मानिसका चौतर्फी समस्या, मान्छेका उदात्तता, त्याग, शौर्य, बलिदान अनि मानिसका सीमा र समस्याहरू नजिकैबाट अध्ययन गर्न वा बुझ्न पाएकाले सिर्जनाका विविध क्षेत्र र आयामका रूपमा यसले उपस्थिति देखाएको पाइन्छ । यस कालमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाल, राज्यआतङ्क, सहयोद्धाहरूको बलिदान, वियोगले सिर्जना गरेको बदलाभाव, मान्छेले मान्छेमाथि देखाएको अपार ममता र वर्गवैरीप्रति प्रदर्शन गरेको अपार घृणाका सन्दर्भहरूले निर्माण पाएको देखिन्छ । यसलाई मोटामोटी रूपमा निम्न शीर्षकमा विभक्त गरेर सूचीकृत गर्न सकिन्छ :

### १) कविता विधा

कविता यस अवधिको केन्द्रीय वा मुख्य विषय हो । सबैभन्दा बढी लेखिएको र कृति प्रकाशित विधा पनि कविता हो । केही कविता कृतिमा कृष्ण सेन 'इच्छुक' का इतिहासको यस घडीमा (२०५६), बन्दी र चन्द्रागिरि (२०५७), समकालीन नेपाली कविता (२०५४), जनयुद्धका कविता (२०६६), पूर्ण विरामका गोविन्दले ठीक भन्यो (२०५०), ए ! मेरो आदरणीय लेकाली फूल (२०६४), लड्न जन्मेकाहरूले (०६४), पौवाकी पौवालीलाई (२०६७), अनिल शर्माका मनका खाडलहरू (२०६०) र अग्निपक्षीका गीतहरू (२०६३), आरबी फ्लेमको ज्वालाका रापहरू (२०५४), पुन्य कार्कीका बाघले घाँस खायो (२०५४) र आस्थाको अग्निपथ (२०६५), पोषराज पौडेलका पागल-प्रलाप (२०५५), सहिदगाथा (२०५७) र आदर्श कोकिल (२०६५), गणेश भण्डारीका अन्तिम विजय (२०५५), आस्थाको नीहारिकाबाट (२०६२) र आठौँ महादेशमा कोलम्बस (२०६६), गङ्गा श्रेष्ठका तानाशाहलाई प्रश्न (संयुक्त, २०५३), बन्दी आवाज (संयुक्त, २०५३), म प्रतिध्रुवीय यात्री (२०५६), जूनको देशबाट (२०५७) र एक्काईसौँ शताब्दीका प्रमिथसहरू (२०६३), खगेन्द्र रानाको म र क्यान्टोनमेन्ट (२०६५), हीरामणि दुःखीका परिभाषा (२०६१) र जून पस्किने यात्रामा (२०६६), अशोक सुवेदीका युद्धघोष (२०५५), गाउँको रङ फेरिएको छ (२०६२), नयाँ समयका नयाँ मान्छेहरू (२०६२) र चिहानमाथि ठडिएको सालिक (२०६३), लोकेन्द्र बिष्टका रगतको इतिहास (२०६०) र ओ ! मेरा सुन्दर लालीगुराँसहरू (२०६६), मणि थापाको बगिरहेको सुनकोसी (२०५८) र गङ्गा कावेरी एक्सप्रेसलाई चिठी, विजय शब्द-बिम्ब (२०६३), सहिद हस्ताक्षर (२०६४), ईश्वरज्ञवालीका हुरीका स्पन्दनहरू (२०५६), यसरी देश मरिरहेछ (२०५९), हाम्रो रातो यात्रा (२०६३), आगोका शब्द-बिम्ब (२०६३), बलराम तिमिल्सिनाको युद्धभूमिका गीतहरू (२०६३), दीपशिखाको संसार फेरि रचिनेछ (२०६३), निभा शाहका इन्कलाब जिन्दावाद (२०६३), कालापानीकी द्रौपदी (२०६६), मनसरा (२०७२), आर.पी. तिमिल्सिनाको आगो र सपनाहरू (२०६४), मोदनाथ मरहट्ठाका पाइलाहरू शिखरतिर उकासिँदै गर्दा (२०५५) र उज्यालो जन्मनुअघि (२०६२), वीरबहादुर केसी (रोल्पाली) को राता फूलहरू (२०६३), रामप्रसाद जैसीको सालिक र मान्छेहरू, लोकबहादुर थापामगरको बूढा इम (२०५७), प्रदीप बालाचनका रणमैदानबाट (२०६४) र मेरो माटो, भीमबहादुर फडेराको उसैको मन खोल्दा (२०६३), विद्याधर पोखरेलको लालकिल्ला (२०६४), आक्रोश केसी र कला अनुरागीको हामी ब्यूँझेको बिहान (२०६४), गङ्गामुक्ति पुनको मृत्युञ्जय (२०६३), सत्य पहाडीको आगो, लाभा र हुरी (२०६४), केएल पीडितका सहर पसेपछि (२०५२), झोला र सपनाहरू (२०६२) र हृदयका सरगमहरू, गणेश शाही 'प्रतीक' को सङ्घर्षका डोबहरू (२०६५), विष्णुबहादुर विश्वकर्माको जुनी (२०६४), झकबहादुर मल्लको मैले रोजेको बाटो (२०६५), भीम रानाभाटको रङ, रगत र मान्छे (२०६४), नारायण मरासिनीको रणमैदानबाट (२०६३), परशुराम कोइरालाका नर्कमा रमाउने देवताहरू (२०५८) र माटाको गीत (२०५९), देवेन्द्र लम्सालको बौलाही राइँदाल्नी (२०५६), अनेले सङ्घ ललितपुरको आस्थाको स्तम्भ (२०६६), कुशल बोगटीको श्रीपेचमाथि उभिएर (२०६५), सीताराम केसीको मन्द मन्द मुस्कुराएँ (२०६६), जनक महतराको रक्तिम क्रान्तिको युग (२०६५), डबल महतराको मुक्तियुद्ध (२०६६), शोभा थापाको कठिन यात्राका यात्री (२०६४), तुलराज गिरीको क्रान्ति (२०६५), प्रतिरोध सांस्कृतिक परिवारको प्रतिरोधका आवाजहरू (२०६५), जनार्दन वियोगीको मुक्तिमार्ग (२०५३), अनिल श्रेष्ठका राष्ट्रले शोकधुन बजाएको छ (२०५१), मृत्युपर्व होइन मेरो देश (२०५५), आरु फुलेको साँझ (२०६३) र मफलर युद्ध, धनेश्वर पोखरेलको विद्रोहको युग (२०६४), यज्ञराज प्रसाईंको रगतको इतिहास (२०६३), चुनु गुरुङको बेलिसरा (२०६६), जयन्ता घर्ती रमाको लडाइँका गीतहरू (२०६६), ऋषिराम लामिछानेको आँधी आउँदै छ (२०६६), डी. कौडिन्यको बन्दुक आँसु र फूलहरू (२०६६), हेमराज पहारीको देशको अभिभारा (२०६१), उदयबहादुर चलाउने 'दीपक' को विद्रोहका पदचापहरू (२०६४), दिल साहनीका आस्थाको सगरमाथा (२०६६), फिलिङ्गा (२०५७) र साइलन्ट इको (अङ्ग्रेजी कवितासङ्ग्रह-२०६३), पुण्यप्रसाद आचार्यको भन्न मिल्दैन (२०६२), मगरात राज्यको प्रतिरोधका आवाजहरू, कुलानन्द गिरीको प्रचण्डका सपना र महायात्रामा माड्साब, कल्पना बुढाथोकीको क्रान्तिको लम्बेयात्राबाट, रोल्पाली कवि र कविता, दाङका सुसेली, झपेन्द्रराज वैद्यको अग्रगमन, जनक महताराको रक्तिम क्रान्तिको युग, कमल ढुङ्गेलको तानाशाही माली र कैदी फूलहरू (२०५५), अम्बिका गजुरेलको मुक्तिकामी हरफहरू, गङ्गराज सेजुवालको अमरदीप बलेको छ, पुष्पराज ढुङ्गानाको तानाशाही यज्ञ, गणेश शाही प्रतीकको सङ्घर्षका डोबहरू, समीर यात्रीको हिउँ पनि उम्लिरहेछ, युद्धविक्रम शाहीको प्रिय ! म त आकाश बनेको छु (२०६४), चेतकान्त चापागाईंका यात्रा मुक्तिशिखरको (२०५५), राता फूलहरू (२०६६) र जून अस्ताएपछि(२०७२), शोभा दुलालको ज्वालामुखी फुटेपछि (२०६८), युवराज काफ्ले 'नास्तिक' को भत्केको दरबार (२०६५), वेणु आचार्यको एक चोक्टा इतिहास (२०६१), नारायण पोखरेलका टोपी (२०६१), मर्स्याङ्दी (२०६३) र प्रतिबिम्ब (२०६५), यदुविलास भट्टराईको यही देशमा (२०५६), ऋषि बस्ताकोटीको ज्वालाका रापहरू (२०५५), सोम गुरुङको शिखरमा फुलेका फूलहरू (२०५६), मदन भण्डारी र मन क्षेत्रीको जनयुद्ध जारी छ (२०६४), राजकुमार कुँवरको युद्धरत सगरमाथा (२०६६), सहिद सुमित्रा, माधव र आक्रोशको फेरिएका अर्थहरू (२०६३),झपेन्द्र वैद्यका चम्पा (महाकाव्य, २०६६) र अग्रगमन (२०६५), खगेश्वर भण्डारीको रातो सिपाही (खण्डकाव्य, २०६५), गिरीराज शर्माको आचारविचार (२०५८), बूढा जोरसिमलका रूखहरू (२०४९), देवेन्द्र पौडेलको उन्यू फुलेन कार्कीनेटामा (२०६५), वसन्त वान्तवाको सुनगाभा फुल्न थालेपछि (२०६५), कृष्ण उदासीका अन्तिम संहार (२०५८), अग्निकुण्ड (२०५९) र नयनतालैमा (२०६२), नारायण भट्टराईको नयाँ नेपाल (२०६६), सहिद सिर्जना संरक्षण अभियानको सहिद हस्ताक्षर (२०६५), पुरण क्षेत्रीको जलजलाको नूतन सन्देश (२०६३), भाष्करको रातो वेद (२०६७), इच्छुक रचनावली भाग १ र जनयुद्धका कविताहरू, गुलाफ मगरको इतिहासको कठघराबाट (२०६३), आक्रोश बिहानीको फेरिएका अर्थहरू (२०६३), सहिद टीका श्रेष्ठका कविताहरू (२०६३), रोल्पाली बन्दीहरूको संयुक्त सङ्कलन जन्जिरले बाँधिएका हातहरू (२०५४), घनश्याम ढकालको भवनाका छालहरू (२०६२), पूर्ण इन्फादाको मौन कम्पनहरू (२०५६) र अभिलेख अवशेषहरू (२०६५), ईश्वर रिजाल सुशीलको युद्धका प्रतिबम्बहरू (२०६७),कुमार दिङ्लालीको लालपाती (२०६९), सपना/सचेतको रक्ति युद्धको यात्रा (२०६४), रामचन्द्र श्रेष्ठको लालअभियान (२०६८), सजिना मोक्तानको महासमरका यात्राहरूमा (२०६७), कमल बुढा इमानदारको उद्देश्यको यात्रा (२०६८),धनबहादुर मगरको ङऊ लिङ्घ (२०६५), डा. शिवशङ्कर बस्यालको तिम्रो कानुनका फर्मानविरुद्ध (२०७२) लगायत छन् । हरिबहादुर कर्माचार्य, प्रभात चलाउने, श्रीकृष्ण शुलु, रामचन्द्र फुँयाल, जीवन हमाल, अञ्जना सुवेदी, रसुवाली कवि,छायादत्त न्यौपाने, प्रभात सापकोटा, हरिहर चापागाईं, माधव ढुङ्गेल, विष्णु ज्ञवाली, बन्धुविक्रम क्षेत्री, खेम थपलिया, आशा नेपाली, कमला रोका, रेणु चन्द, भीम क्षेत्री, लम्जेल सङ्घर्षशील, गौरी दाहाललगायत स्रष्टा यस क्षेत्रमा क्रियाशील रहे ।

यीमध्ये अधिकांश जनयुद्धको समयमा जनयुद्धमा सामेल भएर र जनयुद्ध नजिक भएर कविता लेख्ने कवि हुन् । कतिपय कवि जनयुद्धमा आबद्ध नभए पनि नजिकबाट समर्थन र सहयोग गर्नेहरू छन् । नुमराज बरालका माटो र पसिना (२०६०) र हिमशृङ्खला (०६६), ऋषिराम खड्काको घाम उदाएको देश (२०६६) पनि यसै कोटीमा पर्छन् । यसैगरी कविताकृति प्रकाशन गर्नेहरूमा जगदीशचन्द्र भण्डारी, चिन्तु गिरी, नारायणप्रसाद शर्मा (दाङ), पुरुषोत्तम खनाल लगायत छन् ।कुन्ता शर्मा र रामचन्द्र भट्टराईले पनि जनयुद्धपछि जनयुद्धलाई समर्थन गर्दै कविता लेखेका छन् । घनश्याम शर्मा पौड्याल पनि यस कोटीमा पर्छन् । यस्तै मनोहर लामिछानेको विजय यात्रा (०६५), सुकुम शर्माको आगाको यात्रादेखि आगाको यात्रासम्म (२०६५), रामप्रसाद ज्ञवालीका एकादेशमा (२०६१) र असुरुयास (२०६२), चन्द्रा थानीको नारी चेतना (२०५५), कत्लेयाम, हेमराज भण्डारीको क्रान्तिको पहिलो यात्रा (२०६५), सीता शर्माका नालिस (२०५७) र अस्मिताको खोजी (२०६६), चूडा ढकालका समुद्रमा एक थोपा (२०५६) र देश बिरामी हुँदा (२०५७), लक्ष्मी मालीको आगोको याम (२०६२), भानु भण्डारीका सगरमाथाको देशबाट (२०६६) र रातो किल्ला (२०६६), मित्रलाल पंज्ञानीको पृथ्वी कसको ? (२०६५), धीरेन्द्र प्रेमर्षिको समयलाई सलाम (२०६६), ध्रुवसत्यको बकपत्र (२०६५), विष्णुविक्रम नेम्बाङको चुँडाल्दै जञ्जिरहरू (२०६५), गणेश शाहको गीत वन लप्का र छल्का (२०६३), पञ्चकुमारी परियारको सपना र आँखाहरू (२०६२) र जूठी (२०७०)यस कोटीका कवितासङ्ग्रह हुन् । यिनमा अन्यायअत्याचारको विरोध र समानतामूलक समाज निर्माणको कामना छ तर जनयुद्ध, त्यसले सम्बोधन र निर्माण गरेका विषय र त्यसको महानताका बारेमा खासै चर्चा छैन । सहरदेखि ग्रामीण भेगसम्म जनयुद्ध तथा एकीकृत जनक्रान्तिको धारालाई मूल विषय बनाएर कविता, गीत सिर्जना गर्ने हजारौँ स्रष्टाको लर्को लागेको छ, त्यसको विस्तृत चर्चा यहाँ सम्भव छैन ।

कतिपय कवितासङ्ग्रह जनयुद्ध (२०५२-२०६२) जारी रहेकै समयमा र कतिपय जनयुद्ध रोकिएपछिको अवस्थामा लेखिएका छन् । जनयुद्धमा लामबद्ध भएका स्रष्टाहरूले त्यतिबेला र अहिलेसम्म पनि कविता, गीतलगायत माध्यमबाट जनयुद्धको औचित्य, त्याग, शौर्य, बलिदानको औचित्य र महत्तालाई केन्द्रीय विषय बनाएर लेख्ने क्रम जारी छ । सजिलो अवस्थामा माओवादी बनिटोपलेका कतिपयले भने शान्तिकालमा कविता वा अन्य सिर्जना गरेर पनि जनयुद्ध जारी रहेको समयकै मिति उल्लेख गरेको टिप्पणी हुने गरेको छ । त्यो खोजीको विषय छँदैछ । आमूल परिवर्तनका लागि इतिहासमा भएका हरेक आन्दोलन, सङ्घर्ष, क्रान्ति र युद्धपछि एउटा तप्का क्रान्तिलाई निरन्तरता दिने वा रोक्ने विषयको बहसमा निरन्तर क्रान्तिका पक्षमा लामबद्ध हुने गरेको छ र अर्को तप्का थाक्ने, गल्ने वा क्रान्तिबाट पलायन भएर सम्झौतामुखी जीवनदर्शन अपनाउने गरेको छ । २००७ सालदेखि २०२८ सालको झापा विद्रोह, २०३६ सालको जनआन्दोलन, २०५२ साल फागुन १ गतेबाट आरम्भ भएको जनयुद्ध, त्यसैको आधारमा सञ्चालित २०६२-२०६३ को जनआन्दोलन र त्यसपछि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा जारी आन्दोलनहरूमा पनि त्यो प्रवृत्ति पुनरावृत्ति भइरहेको छ । नेपाली प्रगतिवादी कवितामा पनि यसको असर पर्ने गरेको छ । २०६२ सालमा दिल्लीमा भएको १२ बुँदे समझदारी हुँदै २०६३ मा जनयुद्ध समाप्तिको घोषणा, २०६४ सालमा संविधानसभाको निर्वाचन, २०६५ मा राजतन्त्र अन्त्य र गणतन्त्र स्थापनाको घोषणापछि पनि प्रगतिवादी कविहरू नयाँ जनवादी र समाजवादी क्रान्ति हुँदै साम्यवाद प्राप्तिको लक्ष्यलाई मूल केन्द्रबिन्दु बनाएर कविता सिर्जना गरिरहेका छन् भने २०४६ सालको सम्झौता धोका हो भन्दै जनयुद्धमा लागेका र समर्थन गरेका कतिपय कविहरू नयाँ जनवादी क्रान्तिको बाटो परित्याग गरेर संसद्वादी सत्तामा रमाउँदै गएको देखिएको छ । सबैभन्दा विडम्बनाको कुरो त सुगौली, कोसी, गण्डकी र महाकालीमा राष्ट्रघात भएको विषयलाई कविताको केन्द्र बनाउने कतिपय प्रगतिवादी कविहरू बिप्पा, सुपुर्दगी, एयरपोर्ट, जलस्रोत, लिपुलेकलगायतका नेपालको राष्ट्रिय हितविपरीतसन्धि, सम्झौता र सहमतिको समर्थन गरिरहेका छन् वा मौन बसिरहेका छन् । यतिबेला जनयुद्ध हिजोको स्वरूपमा छैन तर जनयुद्धकाल र त्यसपछि पनि जनयुद्धले उठाएका विषयलाई केन्द्र बनाएर प्रगतिवादी कविहरू कविता लेखिरहेका छन् । विशेषगरी यतिबेला नेकपाको नेतृत्वमा सञ्चालित एकीकृत जनक्रान्तिको कार्यदिशालाई केन्द्र बनाएर कविता लेखिरहेका स्रष्टाहरूको एउटा सुन्दर टिम क्रियाशील छ । यो भरोसायोग्य छ ।

### २. कथा

कथा क्षेत्रमा अन्जान विरहीका कथाहरू (२०५५), ऋषिराज बरालका वनमान्छेको कथा (२०५४), सैन्य उपहार (२०५८) र पैयुँ फुल्न थालेपछि (२०६३), बर्की नं ३९९९(२०७१), गङ्गा श्रेष्ठको महासमरका यात्रीहरू (२०५६), भास्करका चोरबत्ती (२०५४) र स्मृतिका पानाहरू (२०५७), सौगात आचार्यको सङ्कल्प यात्रा (२०६६), कमल निओलका नयाँ इतिहास (२०६३) र भोको रात (२०६५), रोहित दाहालको इस्पातले बनेका मान्छेहरू (२०५६), सीपी गजुरेलको प्रतिरोध (२०६०), अशोक सुवेदीका मैले रोजेको बाटो (२०६२), नयाँ बस्ती (२०६२), रामप्रसादको सिसमहल (२०७१), सरला रेग्मीको चुँडाल्दै बन्धनहरू (२०६३) र लाल विधवा (२०७०), क्षितिज मगरको सुनछहरीको ऐनामा (२०६४), नवीन विभासको आधा बाटो हिँडेपछि (२०६३), घनश्याम ढकालका आजको महाभारत (२०५५) र सहिदको सालिक (२०६६) लगायत कथाकारका कथाकृतिहरू आएका छन् । यसरी नै दिल साहनीको खरानी गाउँ (२०६३), सरल सहयात्रीको क्रान्तिका कथाहरू (२०६४), झक्कुप्रसाद पुनको अभ्यस्त सिपाही (२०६२), शशिकिरणको फूलमती घर फर्कनै पाइन (२०६१), परशुराम कोइरालाको निरुत्तर (२०६१), हीरामणि दुःखीको युद्धका कथाहरू (२०७०) पनि जनयुद्ध र त्यस परिवेशलाई उजागर गर्ने कथाहरू हुन् ।

जनयुद्धसँग भन्दा विद्यमान कुरीतिका विरुद्ध केन्द्रित कथामा हरिहर खनालका विगत आगत (२०५५), देशभित्र देश खोज्दै (२०६०), विघटन (२०६३), इस्मालीका माछो माछो भ्यागुतो (२०५२) र घाम घाम जस्तो छैन (२०५८), खगेन्द्र सङ्ग्रौलाका हस्तक्षेप (२०५३), मई दिवस, हरिगोविन्द लुइँटेलको समय र पोखरी (२०५६), इन्द्रबहादुर भण्डारीको त्रिवेणी (२०५९) र दोभान (२०६०) लगायत कथाकारका कृति प्रकाशन भएका छन् ।

### ३. उपन्यास

उपन्यासमा घनश्याम ढकालको रातो आकाश (२०६०), ऋषिराज बरालको समरगाथा (२०६४), भवानीप्रसाद पाण्डे 'भाष्कर' का अमरबस्ती (२०५३) र समर्पण (२०५७), सरला रेग्मीको प्रवाह (२०६६), गङ्गा श्रेष्ठको ज्वालामुखीमाथिको यात्रा (२०६०), नदीराम केसीको विद्रोहको गीत (२०६३), कमल निओलको मुक्तिमार्ग (२०६४), चन्द्र ढकालको दुई मन (२०६४), परशुराम कोइरालाको रक्तज्वाला (२०६५), रविकिरण निर्जीवको कालो कर्णालीको सेतो छाया (२०५६), दलबहादुर साउदको जून फुलेको देशतिर (२०६५), लोकबहादुर थापामगरको आरमिट्च मामरी (२०६६) लगायत जनयुद्धको कथावस्तु र विचारसँग प्रत्यक्ष गाँसिएका उपन्यास हुन् ।

यसैगरी रणेन्द्र बराइलीको इतिहासको एक पैका (२०६५), युग पाठकको उर्गेनको घोडा (२०६५), अर्जुन जीसीको मुक्तियुद्धमा (लघुउपन्यास, २०६५), भानु भण्डारीको बालुवाका घरहरू (२०५८), सूर्यनाथ साप्कोटाको आगोभित्रको मान्छे (२०५८), आहुतिको स्खलन (२०५९), शरद पौडेलको लिखे (२०५९) लगायत उपन्यासमा जनयुद्धको कथावस्तु पाइँदैन तर यिनले चौतर्फी शोषण-उत्पीडनका आम विषयलाई उठाएका छन् ।

### ४. सौन्दर्यशास्त्र र समालोचना

यस क्षेत्रमा प्रकाशित कृतिहरूमा चैतन्यका मार्क्सवादी कला दृष्टि र समीक्षा (२०५४), सङ्घर्षको दर्शन (२०६०), नेपाली समाज र संस्कृति (२०६१), क्रान्ति र सौन्दर्य (२०६४), समीक्षा र सौन्दर्य (२०६५), मार्क्सवाद र संस्कृति (२०६६), क्रन्ति र सिद्धान्त (२०६७), घनश्याम ढकालका मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना (२०५४), यथार्थवादी नेपाली समालोचना (सं. २०६२), सौन्दर्यशास्त्रको आँखीझ्याल (२०६६), मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (संयुक्त सम्पादन २०६७), डा. ऋषिराज बरालका प्रगतिवाद र नेपाली उपन्यास (२०४०), प्रगतिवाद (२०४९), मार्क्सवाद र उत्तरआधुनिकतावाद (२०५२), उपन्यासको सौन्दर्यशास्त्र (२०५६), उत्तरआधुनिकतावाद र समकालीन यथार्थ (२०६३), सङ्गीत र सौन्दर्य (२०६३), सूचनाभूमण्डलीकरण र सांस्कृतिक साम्राज्यवाद (२०६३), साहित्य र समाज (२०६४), सत्ता र संस्कृति (२०६७), आजको साम्राज्यवाद र माओवादी आन्दोलन (२०६९), माओवादी जनयुद्ध (२०६९), डा. ताराकान्त पाण्डेयका कलासाहित्य, भूमिका र मूल्याङ्कन (२०५३), देवकोटाको व्यङ्ग्य कवित्व (२०५७), समसामयिक नेपाली कविताको संरचना (२०६५), प्रगतिवाद र कविता (२०६५), अर्थभ्रान्तिको उत्तरचेतनाका विरुद्ध (२०६५), प्रतिनिधि नेपाली समालोचना (संयुक्त सम्पादन (२०६८), अर्थको आनन्द (२०६८), समय, संवाद र सिर्जना (२०६८), डा. गोपीन्द्र पौडेलको कथाको सौन्दर्यशास्त्र (२०६५), नेपाली कथामा २००७ सालको प्रभाव (२०७०), कथाको सिंहावलोकन (२०७०), डा.जगदीशचन्द्र भण्डारीका प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (२०५५), पृथक् सृजन : पृथक् निरूपण (२०६०), सौन्दर्यको भूमिका (२०६५),अशोक सुवेदीका नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत (२०६२), आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' (लेखन/सम्पादन २०६४), सांस्कृतिक क्रान्तिका नायक कृष्ण सेन 'इच्छुक' (लेखन/सम्पादन २०६५), जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान (लेखन/सम्पादन, २०६६), रामेछाप जिल्लाका साहित्यकार र कवि हितप्रसाद उपाध्याय सुवेदी (लेखन/सम्पादन २०६७), जनविद्रोहको यात्रा (नौलो बिहानी समालोचना विशेषाङ्क, लेखन/सम्पादन २०६८), प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती (लेखन/सम्पादन २०६८), क्रान्तिकारी साहित्य, संस्कृति र पत्रकारिताका स्तम्भ शक्ति लम्साल (लेखन/सम्पादन २०६९), डा. भवानीप्रसाद पाण्डेको पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद (२०६५), गङ्गा श्रेष्ठको संस्कृति, समीक्षा र सौन्दर्य (२०६६), दिल साहनीको अ सर्भे अफ मार्क्सिस्ट एस्थेस्टिक्स (अङ्ग्रेजी, २०६१) लगायत छन् । फुटकर समालोचनामा प्राडा. नन्दीश अधिकारी, डा. राजन पोखेलगायत क्रियाशील रहे । कतिपय अध्येताहरूले अध्ययनको सीमा र आग्रहका कारण जनयुद्धकै समयमा लेखिएका समालोचनाका कृति र समालोचक इतिहास लेखनका क्रममा छुटेछुटाइएका छन् भने कतिपय जनयुद्धपछि समेटिएका स्रष्टा र कृतिहरूमाथि अनावश्यक चर्चा गरिएको दुःखद् अवस्था छ ।

### ५ निबन्ध/संस्मरण/नाटक

संस्मरण जनयुद्धका विषयलाई मिहीन र विस्तृत ढङ्गले व्याख्या गरिएको विधा हो । यस क्षेत्रमा सम्पादनमा अशोक सुवेदीद्वारा सम्पादित दुस्मनका किल्लाहरू कब्जा गर्दा (२०६०), रातो युद्धले जन्माएको राता सहिदहरू (२०६०/२०६३), प्रतिक्रियावादी अखडाहरूमाथि भीषण हमला (२०६०), महान् जनयुद्धका लालयोद्धाहरू लालसलाम (२०६०), युद्धमैदानमा दुस्मनलाई घुँडा टेकाउँदा (२०६०), लालभूमिको यात्रा (२०६८), गोपीन्द्र पौडेलको कामरेडमा नाउँ दरिएन (२०५६), ऋषिराज बरालका फेरि लालभञ्ज्याङमा उभिएर (२०६२), प्रियजनहरूको सम्झनामा (२०६६), कुहिरो र घोडचढीहरू (२०६६), सलाम रोल्पा (२०६९), उमा भुजेलको बन्द पर्खालदेखि खुला आकाशसम्म (२०६४), झकबहादुर मल्लको जेलब्रेक (२०६५), लक्ष्मीप्रसाद चौलागाईं शैलेन्द्रको जनसेनाको जीवन (२०६४), बालकराम बुढाको जनक्रान्तिको दशक भाग १ (२०६४), अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको पीडाभित्रको आक्रोश (२०६४), शोभा कट्टेल प्रतिभाको समरका स्मृतिहरू (२०६८), सीता विक सम्झनाको युद्धभित्रका संस्मरण (२०६८), लेखनाथ न्यौपानेका प्रतिबन्धित कलम (२०६०), तिमी अमर भयौ मेरो मुटु चुँडियो (२०६३), चिठीमा जनयुद्ध (२०६४), अनिल शर्मा विरहीका सम्झनामा भारतीय जेल (२०६५), रसुवामा दुखिरहेको कर्णाली (२०६६), राष्ट्रियता र राप्ती दून (२०७०), प्रकाश खनाल शैलेशको सम्झनामा गजुरी जेल ब्रेक (२०६८), गङ्गबहादुर सेजुवाल विवशको म रोएको त्यो दिन (२०६८), क्षितिज मगरको गण्डक अभियान (२०६८), महेश आरोहीको जनयुद्धका नाउँमा (२०६८), राजु क्षेत्रीको ब्यारेक ब्रेक (२०६४), निर्मल महरा 'एटम' को गौरवशाली इतिहास र युद्ध मोर्चाका अनुभूतिहरू (२०६३), प्रवेश पुनको अलबिदा कमरेड सहनशीला (२०६३), आर.पी. तिमिल्सिनाको जेल र ज्वालामुखी (२०६६), रविकिरण निर्जीवको सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू, पुण्य कार्कीका एउटा हर्कुलसको खोजीमा, कविको छैटौं इन्द्रिय (२०६०), गणेश भण्डारीको बन्दी आकाशविरुद्ध (२०६३), कृष्ण केसीको मानव बधशालाको यात्रा (२०६३), यज्ञराज प्रसाईंको नमेटिने पाइलाहरू (२०६३), प्रभात चलाउने र राजकुमार कुँवरद्वारा सम्पादित बलिदानका गाथाहरू (२०६६), हेमराज पहारीको उत्तरी गोलार्द्धको एक फन्को (२०६३), कृष्णराज अधिकारीको स्मृतिका बिम्बहरू (२०६३), सत्य पहाडीको मृत्युञ्जयी यात्रा (२०६७), ईश्वर रिजाल सुशीलको बिर्सन नसकिने दिनहरू (२०६७), हिम्मत बराल मगर ध्रुवको समरयात्रा, गङ्गा श्रेष्ठको गढी दरबारदेखि सिंहदरबारसम्म (२०६७), अजयशक्तिको आँधीसँग खेल्दा (२०६६), सुरेश पहाडीको युद्धमोर्चाका डोबहरू (२०६४), मोहित श्रेष्ठको ज्युँदो सपना (२०६५), उदयबहादुर चलाउने 'दीपक' का लालमोर्चाका किल्लाहरूमा (२०६४) र जनयुद्ध र जमुक्ति सेना (२०६६), नन्दकिशोर पुन पासाङको इतिहासका रक्तिम पाइला (२०६४), धनेश्वर पाखरेलेको बेनी मोर्चाको स्मृति : शब्दचित्र (२०६७), राजबहादुर बुढा अविनाशको जङ्गको मैदानमा (२०६७), मायाप्रसाद शर्माको सङ्कल्प अभियान (२०६७), रेशम चौलागाईं गोपालको दमन र प्रतिरोध (२०६८), दीपक विश्वकर्माको अपहरणका २२५ घन्टा (२०६४), गङ्गा लामाको दस बर्से जनयुद्ध : स्मृतिका डोबहरू (२०६५), दुर्योधन बस्नेतको यात्रामा रोल्पा र रुकुम (२०६६), मायाप्रसाद शर्माको मुक्तियात्रा (२०६४), सिन्धु शर्माको नसरिनलाई चिठी (२०६३), दीनानाथ शर्माको जीवनयात्रा र जीवन (२०६६), अक्षरको खेती (२०७१), हिमफुलेको

## जनयुद्ध सिर्जित ...

रात (२०७२), खिलबहादुर भण्डारीको कलमहरू जङ्गल पसेपछि (२०६३), लक्ष्मीप्रसाद चौलागाईंको जनसेनाको जीवनी (२०६३), उत्तम कँडेलको जोखिमका पाइला (२०६६), अखिल नेपाल जनसांस्कृतिक महासङ्घको इच्छुक स्मृति ग्रन्थ (२०६५), दिल साहनीको विइङ रेडिकल (अङ्ग्रेजी, २०६१), अनिल श्रेष्ठको फेरि पनि छिम्कालेकमा गुन्जिरहन्छन् यी गीतहरू (२०६६) आदि प्रकाशित भएका छन् । यसैगरी श्यामकुमार बुढामगर चिन्तनको ती आँधीमय दिनहरू, रीतबहादुर खड्का प्रतापको राजनीति र सिर्जना, गोविन्द आचार्यको युद्ध पत्रकारिताका अनुभूति (२०६५), ओनसरी घर्तीमगर उषाको जनयुद्ध र नेपाली महिला आन्दोलन (२०६५), झकबहादुर मल्ल सुदीपको जेल ब्रेक (सुर्खेत जेलब्रेकको अन्तरकथा २०६५), खुमा रिजालको अविचलित यात्रा (२०७१), नरेश भण्डारीको चाँदीको घेरा (२०७२) लगायतले पनि जनयुद्धकालीन विषयवस्तुलाई उठाएका छन् । संस्मरण विधामा कलम चलाउने अरू पनि छन् । साथै पत्रसाहित्यले पनि ठाउँ लिएको छ । हीरामणि दुःखीको स्मृतिका कुइनेटा (२०६९), दीपेन्द्र रोकायाको नाफाको जिन्दगी (२०६९), अशोक सुवेदीको सम्पादनको दोरम्बाहत्याकाण्ड मुक्तिका लागि बलिदान (२०६८), शान्ता श्रेष्ठको अन्धकारभित्रको अन्धकारका दुई शृङ्खला, भौतिक मल्ल जङ्गलीको बाल छापामार डायरी (२०६९), सपना र सचेतको रक्तिम युद्धको यात्रा (संयुक्त, २०६४), सहिद सिर्जना संरक्षण अभियानको सहिदका संस्मरणहरू, अनेरास्ववियु क्रान्तिकारीको अजम्मरी हस्ताक्षर (२०६४), इच्छुक सांस्कृतिक प्रतिष्ठानको जनयुद्धका संस्मरण (२०६७), दीपक सापकोटाको उथलपुथलका दस वर्ष (२०६६) यसबीचमा पुस्तकाकारमा प्रकाशित संस्मरण/निबन्धका कृति हुन् । विनोद दाहालको सम्पादनको सिन्धुलीको बलिदानगाथा (२०७०), विस्फोटन (सिन्धुलीबाट प्रकाशित समसामयिक सङ्कलन २०५८) लगायत कृतिले पनि प्रगतिवादी निबन्धका क्षेत्रमा सहयोग पुऱ्याएका छन् । पछिल्लो समयमा पूर्णबहादुर सिंहको शैक्षिक आन्दोलन र एकीकृत जनक्रान्ति तथा वैज्ञानिक समाजवाद जनगणतन्त्र कोरिया, अशोक सुवेदीका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती, जनगणतन्त्र कोरिया र हाइड्रजन

पुस्तकले एकीकृत जनक्रान्तिका तर यीमध्ये कतिपय स्रष्टा यतिबेला क्रान्तिमार्ग परित्याग गर्दै दलाल संसद्वादी आहालमा डुबिसकेका छन् भने कतिपय एकीकृत जनक्रान्तिको यात्रामा लामबद्ध छन् । केही पात्रहरू भने सहिदको नाममा खोलिएका संस्थाहरूको रकम कुम्ल्याएर प्रतिक्रियावादी सत्ताको अख्तियारले छानबिन गर्नुपर्ने अवस्थासम्म पुगेर बदनाम भएका छन् ।

जनयुद्धकालमा नाटकका सङ्ग्रह प्रकाशित नभए पनि ऋषिराज बराल, मणि थापा, खुसीराम पाख्रिन, चिरन बराल, चुनु गुरुङ, शारदा श्रेष्ठ, सामना सांस्कृतिक परिवारलगायत व्यक्ति र सङ्गठनका नाममा फुटकर नाटक र अपेरा प्रकाशित भएका छन् । सामना सांस्कृतिक परिवारले हालसम्म पनि नाटक र अपेरा लेखन र प्रदर्शन जारी राखेको छ । यतिबेला पनि सामना जनयुद्धको स्पिरिटमै नाटकहरू प्रदर्शन गर्दै देशभर जनजागरण अभियान सञ्चालन गरिरहेको छ । शान्तिकालपछि भने खेम थपलियाका युद्ध र शान्ति (२०६४) र नागार्जुन एक्सप्रेस (२०६६), प्रगतिवादी नेपाली नाटक (सम्पादन, २०७०), शोभित नेपालको अमर मृत्यु (२०६४), लोकेश पुनमगरको अधुरो यात्रा (२०६४) शीर्षक नाटकका पुस्तक प्रकाशित भएका छन् । प्रगतिवादी नाटकका क्षेत्रमा शान्तदास मानन्धर र खगेन्द्र सङ्ग्रौलाका रचना पनि प्रकाशित छन् । तर जनयुद्धमा यी कृतिको कुनै साइनोसम्बन्ध छैन ।

### ६. गीति साहित्य

जनयुद्धकालमा गीति साहित्य उर्वर रहेको पाइन्छ । यस क्षेत्रमा खुसीराम पाख्रिन, माइला लामादेखि मणि थापा, पूर्ण घर्ती, सीता आचार्य, मोहलाल चन्द 'आधार' हरूको क्रियाशीलता बढी देखिन्छ । संस्थागत रूपमा भने अखिल नेपाल जनसांस्कृतिक सङ्घ, सामना सांस्कृतिक परिवार र देशैभरि गठन भएका सांस्कृतिक परिवार र टोलीहरूको योगदान रहेको पाइन्छ ।

प्रगतिवादी गीतहरूले जीवनका विविध पक्षहरूलाई मार्मिक क्रान्तिकारी चेतनाका हिसाबले नयाँ यथार्थका भाव र अनुभूतिलाई अभिव्यक्त गर्ने गीतिसङ्ग्रह तथा चक्काहरू नै अग्रस्थानमा छन् । त्यस किसिमका चक्काहरूमा सामना केन्द्रीय टोलीका जनताका गीतहरू, भाग १, अभिवादन, जलजला, हुरी चल्दैछ, आँधी आउँदैछ, नयाँ नेपाल, रातो घाम (२०६०), क्षेत्रीय सामना परिवारका रणमैदान (२०६३) र परिवर्तित युगसँगै (२०६३), प्रतिरोध सांस्कृतिक परिवारका एकै रातमा धर्ती हल्लियो (२०५८), अब छिट्टै हाम्रो आधारक्षेत्र बन्दैछ, विद्रोहको युग, युगको आवाज (२०५९), जनविद्रोह (२०६३), क्षितिज परिवारको क्षितिज अभियान गीतसङ्ग्रह (२०५४), युद्ध मैदान (२०५५), युगको आह्वान (२०५५), मार्क्सवाद पुरानो छैन (२०६३) र जनताको सुनौलो राज आउँदै छ, शैलुङ परिवारको मुक्तियुद्धका धुनहरू (२०६०), सेनच्याङ परिवारका एक्काईसौं शताब्दीको जनयुद्ध (२०५९), युद्ध मैदानरी रेजिङा (२०५९), आस्थाका स्वरहरू (२०६३), युद्धरी निबाए कोलादा, मर्दैन बलिदान कहिल्यै र लालसलाम गणतन्त्र नेपाललाई, इच्छुक सांस्कृतिक सङ्गमको सांस्कृतिक क्रान्तिका यात्रीहरू (२०६३), विसु परिवारको गर्जन (२०६३), चोमोलोङ्मा सांस्कृतिक परिवारका नयाँ युगका आवाजहरू, सांस्कृतिक क्रान्तिका यात्रीहरू, कञ्चनजङ्घाको एउटा कथा, ताम्सालिङ सांस्कृतिक परिवार (अनेकोट) को लक्ष्य, चुनु-शिल्पा सांस्कृतिक परिवारको जनसन्देश, माइला लामाका नयाँ सङ्कल्प र मातृभूमि (२०६७), मधेस मुक्ति मोर्चाको लालविद्रोह, इच्छुक सांस्कृतिक प्रतिष्ठानको जनयुद्धका गीतहरू आदि चक्काहरू छन् ।

अन्य गीतिचक्काहरूमा जनमुक्ति यात्रा भाग १, थामी राष्ट्रिय मुक्ति मोर्चाको नाका बढ्छिन्टे, झन्कार बुढामगरको सारङ्गीको कथा, प्रदीप देवानको अभियान भाग १, लोकेन्द्र बिष्टको देशको माया हुनेहरूलगायत प्रकाशित छन् । यसरी नै खुसीराम पाख्रिनको रक्तक्रान्तिका गीतहरू (२०६३), माइला लामाको राता मान्छेहरू (२०६०), घनश्याम ढकालको भावनाका छालहरू (२०६२), नरबहादुर जीसीको रातो घाम (२०६६), भक्तिप्रसाद लामिछानेको जनगीतिसङ्ग्रह (२०६६), कृष्ण उदासीका एक हुल कन्याङकुरुङ (२०६०) र मैयामाला (२०६०), अखिल नेपाल जनसांस्कृतिक सङ्घ (जनकपुर-सगरमाथा) को जनसमरका झन्कारहरू (२०६२), जलजला सांस्कृतिक परिवारको जलजलाका गीतहरू, सिस्ने सांस्कृतिक परिवारको सिस्नेका गीतहरू, प्रतिरोध सांस्कृतिक परिवारका प्रतिरोधका गीतहरू, शैलुङ सांस्कृतिक परिवारको जनगीति यात्रा भाग १ जस्ता गीतिसङ्ग्रहका पुस्तकहरू पनि प्रकाशित छन् । निर्मला घिसिङको रहरहरू (२०७२), रमण थामी, अग्र बिष्ट परिवर्तन, आरोह नेपालीलगायत जनकलाकारका रचना, स्वर र सङ्गीतमा गीतहरू धमाधम प्रकाशनमा आएकाछन् । जनयुद्धकालमा ध्रुव ज्ञवाली, मणि थापा, चुनु गुरुङ, शिव श्रेष्ठ, शारदा श्रेष्ठ, मस्त बिष्ट, च्याङ्बा लामालगायत गीतकार, सङ्गीतकार, गायकहरूले देखाएको बाटोमा सामनाका कलाकारहरू हिँडिरहेको पाइन्छ ।

युद्धकालमा सांस्कृतिक अभियान सञ्चालन गर्ने क्रममा एक सय ६० भन्दा बढी स्रष्टाहरू राज्य पक्षबाट मारिएको र माओवादीले सबैलाई सहिद घोषणा गरेको पाइन्छ । सामना परिवारले प्रतिक्रान्तिको प्रतिरोधका साथै संशोधनवाद/नवसंशोधनवादविरुद्ध र एकीकृत जनक्रान्तिका पक्षमा देशव्यापी सञ्चालन गरेको अभियान, त्यसक्रममा सिर्जित गीत, संगीत, नाटक र अपेराहरूले नेपालको प्रगतिवादीगीत/सङ्गीतका साथै सांस्कृतिक आन्दोलनको अगुवाइ गरेका छन् । यसका लागि अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, अखिल नेपाल लेखक सङ्घलगायत सङ्घसङ्गठनहरूको क्रियाशीलता सराहनीय छ ।

### ७. ललितकला

प्रगतिवादी कलाको विकास गर्ने ललितकलाका कलाकारहरूमा अग्निराज पौडेल 'अराप', प्रेम लामा, विश्वम्भर लामिछाने, नरेन्द्रप्रसाद भण्डारी,सूर्य मध्यरात, विकिल स्थापित, खगेश्वर भण्डारी, मङ्गोलपुत्र, रत्न महर्जन, विमल श्रेष्ठर यथार्थवादी तथा आलोचनात्मक यथार्थ कलाको विकास गर्ने कलाकाहरूमा चन्द्रमानसिंह मास्के, तेजबहादुर चित्रकार, कुलमानसिंह भण्डारी, बाबुलाल पुन, रामकृष्ण भण्डारी, देवेन्द्र थुम्केली, नारदमणि हार्तुम्छाली, उमेश श्रेष्ठलगायत छन् । ललितकलाले केही समययतादेखि नयाँ यथार्थलाई आत्मसात् गर्दै विभिन्न माध्यमहरूद्वारा त्यसलाई अभिव्यक्त गरिरहेको छ र समाजवादी-यथार्थवादी चिन्तनधारामा समाहित हुँदै गइरहेको छ । यस कर्ममा अखिल नेपाल ललितकला सङ्घको क्रियाशीलता आसलाग्दो छ । हाल यसको नेतृत्व अग्निराज पौडेल अरापले गरिरहेका छन् ।

### ८. चलचित्रकला

चलचित्रकलामा हाल विवेक सापकोटाको नेतृत्वमा कलाकर्मीहरू क्रियाशील छन् । जनपक्षीय चलचित्रका क्षेत्रमा यसअघि शिवजी लामिछानेका आगो (२०५५) र लालसलाम (२०६३), केपी पाठकको मैना (२०६४), नारायण पुरीको अल्पविराम (२०५९), उदय सुब्बाको कानुन (२०५९), किशोर ढकालको नयाँ नेपाल (२०६२), विजय बस्नेतको सहिद (२०६४), विमल पौडेलको जनयुद्ध (२०६४) र नवल खड्काको आवाज (२०६३) छन् । त्यसैगरी बलिदान (२०५२), रक्षक (२०५३) लगायतथुप्रै चलचित्रहरू निर्माण भए पनि जनयुद्ध र एकीकृत जनक्रान्ति अघि बढाउने कलासहितका चलचित्र बन्नै बाँकी छ ।

जनयुद्धलाई विषय बनाएर साहित्य लेख्ने कतिपय एमाओवादीसँगै संसद्वादमा डुबुल्की मारिसकेका छन् भने कतिपय वैद्य समूहसँगै अकर्मण्य बनेर बसेका छन् । नेकपामा आस्था राख्ने संस्कृतिकर्मीहरू मात्र यतिबेला जनयुद्धप्रति इमानदार देखिन्छन् ।

कविता

## शुभकामना



शान्ता भण्डारी

पङ्क्ति जनयुद्धको थियो, लामबद्ध हुँदै थियौं ।
दुस्मनको गोली लाग्यो, सहादत तिमी भयौ ॥
त्याग बलिदानका लागि, उदाहरण बन्ने तिमीलाई ।
सुन्दर शरीर अर्पण गर्ने महान् सहिद तिमीलाई ॥
म्हान् हाम्रो जनयुद्धको तेईसौं वर्षगाँठमा ।
लालसलाम, बधाई अनि शुभकामना ॥
राजा अब छैनन् यहाँ गद्दी छोडी भागिसके ।
जनयुद्धको नेता पनि धनयुद्धमा लागिसके ॥
यी कुराको जानकारी छ कि छैन तिमीलाई ।
कहाँ छौ नि विपीन, पूर्ण, सीएन, दिल राई ॥
सम्पूर्ण बेपत्ता योद्धा तिमी भयौ महान् ।
लालसलाम, बधाई अनि शुभकामना ॥
वैरीसँग युद्ध लड्दा हातगोडा गुम्यो ।
आखाँ गुमे, कान गुमे, ढाडै बाङ्गो भयो ॥
जनमुक्ति, महान् लक्ष्य, स्वाधीनता पाउनलाई ।
अङ्गअङ्ग त्याग्न सक्ने महान् घाइते योद्धालाई ॥
महान् हाम्रो जनयुद्धको तेईसौं वर्षगाँठमा ।
लालसलाम, बधाई अनि शुभकामना ॥
स्वाधीनता, समानता र समृद्धि चाहनेलाई ।
एकीकृत जनक्रान्तिमा लाग्ने जननेतालाई ॥
म्हान् हाम्रो जनयुद्धको तेईसौं वर्षगाँठमा ।
लालसलाम, बधाई अनि शुभकामना ॥

## एनसेलमाथि देशभर ...

सिरसैया पत्तथरकोट, धनकुटाको धनकुटा नगरपालिकास्थित मार्गा धर्मशालामा रहेको एनसेल टावरमा पनि तोडफोड र आगजनी गरिएको जानकारी प्राप्त भएको छ ।

यसैबीच, सप्तरीको सुरुङ्गा नगरपालिका ७ घाटी र सिराहाको अरुणा गाउँपालिका २ बर्मपुरीमा रहेका एनसेल टावरमाथि पनि सोमबार राती नै आक्रमण गरिएको छ ।

यसैगरी सुदूरपश्चिममाञ्चलमा रहेको कञ्चनपुरको वेदकोट र शुक्लाफाँटा टावर, डँडेल्धुराको काफलीमा रहेको एनसेल क्षेत्रीय टावर, कैलालीका टीकापुर र जानकीनगर टावरमा नेकपाका कार्यकर्ताले आगजनी गरेको बताइएको छ । त्यसैगरी सुर्खेतमा रहेका एनसेलका ३ वटा टावर र जाजरकोटमा २ वटा टावरमा पनि सोमबार राती नै आक्रमण भएको हाम्रा संवाददाताहरूले जनाएका छन् । डँडेल्धुराको काफली टावरको आक्रमणका कारण डँडेल्धुरामा एनसेल सेवा अवरुद्ध भएको सामाचार छ ।

यसैगरी नारायणी ब्युरोअन्तर्गत मकवानपुर जिल्लाको मनहरीस्थित एनसेल टावर र बारा जिल्लाको कलैया उपमहानगरपालिकाको कलैयाबजारस्थित एनसेल टावरमाथि कारबाही भएको समाचारमा जनाइएको छ ।

यसैबीच रोल्पाको माडी गाउँपालिका वडा नं. ६ को मेनहीस्थित एनसेलको टावरमा आक्रमण हुँदा टावर ध्वस्त भएको छ । त्यस्तै रुकुमको पेउँघामा पनि एनसेलको टाउर ध्वस्त भएको खबर प्राप्त भएको छ । पश्चिम रुकुमको त्रिवेणी गाउँपालिकाको पेउँघा र नुवाकोटको सिमानामा रहेको एनसेलको टावरमा आगो लगाइएको छ । चितवनको रत्ननगर नगरपालिकामा रहेको एनसेलको टावरमा आगो लगाइएको समाचार प्राप्त भएको छ । त्यसैगरी काठमाडौँका २ ठाउँमा र भक्तपुरको १ ठाउँमा एनसेलको टावरमाथि आगो लगाइएको हाम्रा संवाददाताहरूले जनाएका छन् ।

▶▶ पृष्ठ १ बाट क्रमशः

# जनयुद्धको २३ औं वार्षिकोत्सव–जिन्दावाद !

अरू केही नभएर क्रान्तिको दौरानमा अनिवार्य रूपमा देखा पर्ने 'जनयुद्धको कचेरा (द्यथउचयमगअत)' थियो, न कि माओवादी पार्टी फुटेको । जुन कुरा भर्खरै सम्पन्न पहिलो र दोस्रोपटकका चुनावले पुष्टि गरेको छ । जति दिन बित्दै गएको छ जनयुद्धको औचित्य र आवश्यकता पुष्टि हुँदै गएको छ । खैर जनयुद्ध अहिले पुरानै रूपमा छैन । यसले जनताको जनगणतन्त्र चुम्ने महान् लक्ष्य बोकेको थियो । यसका लागि करिब ९ हजार सहिद र एक हजारको हाराहारीमा बेपत्ता योद्धाहरूले ज्यान गुमाएका छन् । हजारौं घाइते-अपाङ्ग योद्धाहरू अहिले पनि क्रान्तिको आशामा बाँचिरहेका छन् । जनयुद्धको एक पहलकर्ता र यसलाई निरन्तर अगाडि बढाइरहेको एक इमानदार सिपाहीको हैसियतले म ती वीर सहिद र बेपत्ता योद्धा तथा घाइते-अपाङ्ग भई फेरि क्रान्तिकै पर्खाइमा तड्पिरहेका योद्धाहरूलाई जनयुद्धको २३ औं वार्षिक उत्सवका अवसरमा लालसलाम टक्र्याउन चाहन्छु र सम्मानभाव अर्पण गर्दछु । यससँगै विचलित र धोखेबाज, आत्मसमर्पणवादी दलाल नेताहरूले बीच बाटामा अलपत्र छाडेको अधुरो क्रान्तिको यात्रालाई क. विप्लवले साहस र बुद्धिमताका साथ पूर्णता दिने अभियानको नेतृत्व गरिरहनुभएको छ । यो अन्तिम एउटा अभियानमा सहभागी बन्न र साथ दिन आम न्यायप्रेमी, देशप्रेमी र क्रान्तिप्रेमी मुक्तिकामी जनसमुदायमा हार्दिक अपिल गर्दछु ।

**२) जनयुद्धको औचित्य र आवश्यकता**

जति दिन बित्दै जाँदो छ जनयुद्धको आवश्यकता भएको पुष्टि हुँदै गएको छ तर जनयुद्धविरोधी दलालहरूले यसलाई औचित्यहीन साबित गर्न अहिले जरादेखि टुप्पीसम्मको बल गरेर लागिपरेका छन् । यसमा पहिलोमा नेपाली काङ्ग्रेस, दोस्रोमा नेकपा एमाले र तेस्रोमा प्रचण्ड नेतृत्वको माके, चौथोमा जनयुद्धबाट विचलित र पलायन भएकाहरू लागिपरेका छन् । तिनीहरूमध्ये एकथरीले जनयुद्धको हिजो पनि औचित्य थिएन, आज पनि छैन भन्ने पुष्टि गर्न खोजिरहेका छन् । दोस्रोथरी हिजो आवश्यक थियो तर अब यसको औचित्य सकियो भन्नेमा छन् । दुवैथरी जसरी हुन्छ यो संसदीय व्यवस्थालाई संस्थागत गर्नुपर्छ भन्नेमा छन् । यो नयाँ र पुराना दुवैथरी दलालहरूको कार्यदिसा हो । यसले जनताको अधिकार अझ कुण्ठित बनाइदिएको छ । देश अझ दलाली र राष्ट्रघातको दिसातिर तीव्रत्तर रूपमा अगाडि जाँदैछ । भ्रष्टाचार संस्थागत र व्याप्त बन्दैछ । तस्करी, कमिसन, घूस, महँगी, राष्ट्रघात, बाह्य हस्तक्षेप, राजनीतिक र सामाजिक-सांस्कृतिक विकृति र विसङ्गति कति बढेर गएको छ भने जनताले फेरि जनयुद्धको स्मरण गरिरहेका छन् । त्यसैले जनयुद्धको औचित्य र आवश्यकता अझ बढेर गएको छ ।

**३) जनयुद्धको ऐतिहासिकता र महानता**

जनयुद्ध नेपालको इतिहासमा दुई पक्षबाट महान् र ऐतिहासिक छ : पहिलो, नेपालको समग्र इतिहासको निरन्तरतालाई ब्रेक गरेको छ र जनताको चेतना पक्षलाई एक कदम माथि उठाइदिएको छ । जनतालाई कम्तीमा दास मानसिकताबाट विद्रोहको मानसिकतामा उठाएको छ । बोल्न नसक्ने मान्छेलाई बोल्न सक्ने बनाएको छ । दोस्रो, कम्युनिस्ट आन्दोलनमा रहेको संशोधनवादलाई जबरजस्ती तोडेको छ । पहिलो ऐतिहासिक ब्रेकले राजतन्त्रको अन्त्य गरेर दलाल पुँजीवादलाई सतहमा ल्याइदिएको छ । नेपालमा दलाल पुँजीवादको आगमनको एक मात्र कारण जनयुद्धले पूर्णता प्राप्त नगर्नु र नेतृत्वले बीचमै आत्मसमर्पण गर्नु, साम्राज्यवादका सामु लम्पसार परेर पद र स्वार्थमा पुँजीवादसँग सम्झौता गर्नु हो । त्यसैले ऐतिहासिक दृष्टिले अबको एउटा मात्र नेपाली जनताको विकास र समृद्धिको चुनौती दलाल पुँजीवादको अन्त्य गर्नु हो । दोस्रो महत्वपूर्ण कुरा नेपालमा सामाजिक दलाल पुँजीवादको पनि आगमन भएको छ । यो भनेको कम्युनिस्ट आन्दोलनमा अहिलेको उत्तरसाम्राज्यवादले पठाएको राजनीतिक भाइरस हो । क्रान्तिलाई डिस्टर्भ गर्न वा यसलाई सिध्याउन सामाजिक दलाल पुँजीवाद नामको खतरनाक भाइरस नेपाली कम्युनिस्ट आन्दोलनमा आएको छ । यसको पहिचान नेकपाले गरेको छ र यसलाई स्क्यान गर्न सक्ने एन्टीभाइरस 'एकीकृत जनक्रान्ति' पनि नेकपाले तयार पारेको छ । यो जनयुद्धको विकाससँगै निर्माण गरिएको नयाँ प्रविधि (त्भअजलयययिनथ) हो । यो प्रविधिबाट कम्युनिस्ट आन्दोलन र जनताको दिलदिमागमा संशोधनवाद र नवसंशोधनवादले पारेको जबरजस्त प्रभावलाई स्क्यान गरेर मात्र नेपालमा वैज्ञानिक समाजवादका पक्षमा आम जनतालाई आकर्षित गर्न सकिनेछ । नेपालमा कम्युनिस्ट आन्दोलनको लक्ष्य सफल हुनेछ । यसको प्रस्थानबिन्दु जनयुद्ध थियो र एकीकृत जनक्रान्ति यसको निरन्तरता हो । यस अर्थमा जनयुद्धको ऐतिहासिकता र महानता रहेको छ । यो युगयुग बाँचिरहनेछ ।

**४) जनयुद्ध घुम्तीमा**

क्रान्ति सोझो र सपाट हुँदैन । यो बाङ्गोटिङ्गो बाटोबाट अघि बढ्छ । क. माओले क्रान्तिलाई 'भोजभतेर खाएजस्तो हुँदैन' भन्नुभएको छ । हरेक क्रान्तिहरू समुद्रको छाल र लहरजस्तो भएर अघि बढ्ने गर्दछन् । नेपाली क्रान्ति पनि त्यही नियमको अपवाद रहेन । दस वर्षसम्म सञ्चालित जनयुद्ध दस वर्ष घुम्तीमा फस्यो । संसदीय दलदलमा भासियो । यसलाई दलदलबाट उम्काउनुको साटो ड्राइभर भागेर पर उभिएको अर्को संसदीय गाडी चढेर टाप कस्यो । त्यसपछि क. विप्लवले यसलाई उद्धार मात्र गर्नुभएन, बडो मेहनतका साथ यसलाई नयाँ मोडेलको गाडीमा परिणत गरेर अब कहिल्यै त्यो दलदलमा नफस्ने गरी लक्ष्यतिर कुदाउने हिम्मत गर्नुभएको छ । अरू क्रान्तिले जस्तै नेपाली क्रान्ति अर्थात् नेपालको जनयुद्धले पनि हन्डर र ठक्कर खाँदै अगाडि बढेको छ । अब यसले एउटै चुनौती पार गर्नु पर्नेछ । त्यो भनेको नेपाली जनताको विकास, प्रगति र समृद्धिको बाधक बनेर आएको दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवादको चुनौती । तर यो धेरै दिन टिक्नेछैन । किन अब नेपाली जनताका अगाडि चिरपरिचित संसदीय नेताहरू मिति सकिएको औषधि (म्बतभ क्उबष्चभम :भमष्अष्लभ) जस्तो कामै नलाग्ने भैसकेका छन् । यिनलाई नेपाली जनताले तह नलागाउँदासम्म यी गनाइरहनेछन् । नेपाली राजनीतिको भाइरस भएर हैरान परेसान गरिरहनेछन् । त्यसैले यिनलाई डम्पिङसाइटमा लगेर दफनाउनुपर्छ अनि मात्र नेपालमा नेपाली जनताको परिवर्तनको आकाङ्क्षा पूरा हुनेछ ।

**५) दस वर्षको शान्तिप्रक्रिया**

दस वर्षको शान्तिप्रक्रिया असलीमा माओवादी आन्दोलनलाई तह लगाउन साम्राज्यवादीहरूले लिएको समय हो । जसरी खेलमा कुनै एक पक्षका खेलाडीहरूले सल्लाहका लागि समय माग्छन्, ठीक त्यसरी नै दस वर्षको जनयुद्धमा हार्दै गएका पछि पुँजीवादका छाउराहरूले समय मागे । यो एउटा गम्भीर षड्यन्त्र थियो । नेपाली फुटबल खेलाडीहरूले पैसा खाएर खेलमा हारेजस्तै जनयुद्धका क्याप्टेनलाई नै किनिएपछि जित्ने खेल पनि हारे । यो प्रचण्ड-बाबुरामको करामत थियो । शान्तिप्रक्रिया यसरी नै गुज्र्यो । यो नकारात्मक पाटो थियो । यसैबेला प्रचण्ड-बाबुरामको करामत पनि उजागर भयो । यही मौकामा क्रान्तिकारीहरूले पनि क्रान्तिकारीहरूलाई सङ्गठित र सचेत बनाउने अवसर पाए । पार्टीभित्रका लुकेका अवसरवादलाई नाङ्गेझार पार्ने अवसर पनि क्रान्तिकारीहरूलाई प्राप्त भयो । यो शान्तिप्रक्रियाको महत्वपूर्ण अवसर थियो । यो एक प्रकारको पार्टीको शुद्धीकरणप्रक्रियाको सुरुआत र एउटा महान् टेस्ट पनि थियो । यो टेस्टमा प्रचण्डहरू फेल भए । त्यसपछि दोस्रो शुद्धीकरणको अवधि अढाइ वर्ष रह्यो । यसमा क. किरणहरू पनि फेल भए । त्यसपछि जब २०७१ मङ्सिर ८ आउँछ यो जनयुद्धले उद्धार पाएको र लामो सास फेरेको दिन थियो । सायद इतिहासमा यो दिन पनि अमर बनेर रहनेछ । यो शान्तिप्रक्रियाका महत्वपूर्ण उपलब्धि थियो ।

**७) क्रान्तिको सफलताका आधारहरू**

नेपालमा चारथरी मान्छे छन्- पहिलो केही नबुझेका, दोस्रो जनयुद्ध बुझेका, तेस्रो जनयुद्ध बुझेका तर एकीकृत जनक्रान्ति नबुझेका, चौथो बुझेर पनि बुझ पचाएका (प्रतिक्रान्तिकारी/क्रान्तिविरोधी तत्वहरू) । यी चारथरी मान्छेहरूमध्ये सबभन्दा खराब को होला ? भनेर प्रश्न गर्ने हो भने धेरैले हतारमा जबाफ दिन सक्छन्- केही नबुझेका मान्छे । तर कुरा त्यसो होइन । सबभन्दा खराब मान्छे बुझेर पनि बुझ पचाउने मान्छे हो । सबभन्दा नबुझेको मान्छे कुरा बुझ्यो भने सबभन्दा अब्बल दर्जाको बुझेको मान्छे पनि बन्न सक्छ । क. माओले भन्नुभएको छ- ' कम्युनिस्ट बिग्रियो भने कुहेको अन्डाजस्तो कामै नलाग्ने हुन्छ ।' हिजो कम्युनिस्ट बिग्रियो भने दरबार पस्छ भन्थे आज दिल्ली दरबार र ह्वाइटहाउस पस्ने भए । सबैभन्दा बढी दलालीको खरानी तिनैले घस्ने भए । कम्युनिस्ट क्रान्तिकारी दबाउन तिनै आउने भए । सबैभन्दा उदेकको कुरा त प्रचण्ड प्रधानमन्त्री हुने बेला नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्तालाई सामान्य वाल पेन्टिङसम्म गर्न दिइएन । शान्तिपूर्ण सभा, जुलुससम्म गर्न दिइएन । योभन्दा अरू खरानी के घस्ने ? अब गेरु वस्त्र पहिरेर कृष्ण पहाडी बनेर गए भयो । यी नै कुहेको अन्डाजस्तै सबभन्दा खराब मान्छे हुन् जो स्वार्थका लागि जे पनि गर्न तयार हुन्छन् ।

जहाँसम्म चार प्रकारका मान्छेको कुरो छ- नबुझेको मान्छे सबभन्दा धेरै सङ्ख्यामा छ । बुझेको मान्छे पनि थोरै छ । बुझ पचाएर क्रान्तिका विरुद्ध लाग्ने मान्छे पनि थोरै छन् । अहिले हिजो जनयुद्धमा लागेका, क्रान्ति हुनुपर्छ भन्ने, जनयुद्धको घुम्तीमा पछारिएर बेहोस भएर ब्युँतिन नपाएका र एकीकृत जनक्रान्तिलाई नबुझेका वा बुझ्न नपाएकाहरूको सङ्ख्या पनि केही छ । जनयुद्ध बुझेकाहरूले एकीकृत जनक्रान्ति बुझ्ने प्रयास गर्नु पर्दछ । नबुझेका ठूलो सङ्ख्यालाााई बुझाउने प्रयास गर्नु पर्दछ र बुझ्नै पर्दछ । बुझेकाहरू बुझेका भैहाल्यो । यति कुरा पूरा भयो भने बुझेर पनि बुझ पचाउने मुट्ठीभरहरू मात्र दलाल पुँजीवादका छाउराका रूपमा रहनेछन् । ती जनताका शत्रु हुन् । तिनलाई तह लगाउन धेरै समय लाग्ने छैन । अनि नेपालमा वैज्ञानिक समाजवाद छिट्टै आउनेछ । यो नै हाम्रो विजयको आधार हो । यो नै वास्तवमा जनयुद्धको विजय वा सफलता पनि हो किनकि क्रान्ति रोकिएको छैन । दस वर्षको जनयुद्ध र दस वर्षको शान्तिप्रक्रियामा भएको निरन्तर अन्तरसङ्घर्ष र भीषण दुई लाइन सङ्घर्ष, अढाइ वर्षको छद्म नवसंशोधनवाद र अकर्मण्यतावादका विरुद्ध सङ्घर्ष र यो ३८ महिनाको एकीकृत जनक्रान्तिको विकासको आलोकमा भएका प्रगति एकअर्का जोडिएका छन् । यी सब कडीहरूलाई जोडेर हेर्ने हो भने हामी निरन्तर क्रान्तिमा छौं । यस अर्थमा एकीकृत जनक्रान्तिको सफलता जनयुद्धकै सफलता हुनेछ किनकि यससँग वैज्ञानिक विचार, नेतृत्व र सही कार्यदिशा छ । जनताको समर्थन छ । यही नै क्रान्तिको सफलताको आधार हो ।

**८) जनयुद्धको विकास एकीकृत जनक्रान्तिमा**

जनयुद्ध र एकीकृत जनक्रान्ति फरक पनि छन् र अन्तरनिहित पनि छन् । जसरी जनविद्रोह जनयुद्धविरोधी होइन तर यसको विकास हो, त्यसरी नै एकीकृत जनक्रान्ति जनयुद्धको विरोधी होइन । बरु एकीकृत जनक्रान्तिमा जनयुद्ध र जनविद्रोह पनि अन्तरनिहित छन् भन्नु उपयुक्त हुन्छ । अर्थात् यो जनयुद्ध र जनविद्रोहको विकास वा रूपान्तरित रूप हो । जसरी एउटा मकैको गेडो रोपेपछि मकैको बिरुवा भएर उम्रिन्छ र लहलह हुन्छ । त्यस बेला यसको जरामा मकैको गेडा खोजियो भने भेटिँदैन किनकि त्यो बिरुवामा विकास भइसकेको हुन्छ । त्यसरी नै जनयुद्ध वा जनविद्रोह पनि एकीकृत जनक्रान्तिमा विकास भएको छ । यस अर्थमा यी फरक पनि हुन् र एउटै पनि हो भनिएको हो । यसरी बुझ्न नसक्नु पछि परेको सोचाइ हो । यसलाई बुझ्न अलि माथि उठ्न पर्नेछ ।

**९) अन्त्यमा**

जनयुद्ध नेपाली जनताको त्याग, बलिदान र वीरताको इतिहास हो । एकीकृत जनक्रान्ति त्यसको निरन्तरता हो । यसलाई सफल बनाउन सबै क्रान्तिकारी र देशभक्तहरू एकजुट बनौं । जनयुद्धको यो २३ औं वार्षिकोत्सवका अवसरमा म आमनेपाली जनतामा एकीकृत जनक्रान्तिको विजय अभियानमा सहभागी बन्न आह्वान गर्दै एक्ता र सफलताको शुभकामना दिन चाहन्छु ।

## निराशाको समय ...

उत्पीडनबाट मुक्त गर्दै साम्यवादतर्फ अग्रसर गराउन सक्छ भन्नुभयो। यो नै आजको पनि विषय हो। हामीले भनेको समाजवाद मार्क्स–एङ्गेल्सले भनेको वैज्ञानिक समाजवाद हो भने प्रचण्ड–केपीहरूले भनेको समाजवाद हारेका निम्नपुँजीवादी र बुर्जुवाहरूले भन्नेगरेको समाजवाद हो जो समाजवाद नै होइन, पुँजीवाद हो। त्यसैले हामीले केन्द्रीय समितिको बैठकबाट संश्लेषण गरेकाछौँ- एमाले–माके सामाजिक दलाल पुँजीवादी हुन् र उनीहरूले भन्ने गरेको समाजवाद 'सामाजिक दलाल पुँजीवाद' हो । यो न समाजवाद हो, न त आजको जस्तो वर्गविभाजित समाजमा सम्भव नै छ।

» ***नेपालमा समाजवाद कसरी लागू गर्न सकिन्छ ? त्यसका मुख्य आधारहरू केके होलान् ?***

यसको पहिलो सर्त भनेको नेपालमा आजसम्म सत्तामा बसेर नेपाली श्रमिक जनतालाई मनपरी तरिकाले लुट मच्चाउने, देशको स्वाधीनतालाई नै बेचेर पैसा कुम्ल्याउने, जनतामाथि दमन गर्ने दलाल पुँजीवादी वर्गलाई सत्ताबाट मुन्ट्याउनु हो । त्यसका ठाउँमा कम्युनिस्टहरूले नेतृत्व गरेको र श्रमिक वर्गको प्रभुत्व हुने वैज्ञानिक समाजवाद स्थापना गर्ने हो । त्यसका लागि आजको सन्दर्भमा क्रान्ति, एकीकृत जनक्रान्ति सम्पन्न गर्नु हो। यो क्रान्तिको आधारलाई हामीले ७वटा बुँदामा उल्लेख गरेकाछौँः पहिलो, गाउँ र सहर दुवैतिरबाट यो सत्ताकाविरुद्ध उत्पीडित जनताले विद्रोह गर्नुपर्छ। दोस्रो, मजदुर-किसानसँगै पढेलेखेका युवा-विद्यार्थी र नयाँ श्रमिक वर्गले पनि दलाल सत्ताका विरुद्ध विद्रोह गर्नुपर्छ । तेस्रो, नेपालमा जनजाति, मधेसी, दलित, ब्राह्मण–क्षत्री चारै समुदायले विद्रोह गर्नुपर्छ । चौथो, दलाल सत्ताकाविरुद्ध हुने विद्रोहमा देशभक्त शक्ति र लोकतान्त्रिक शक्ति पनि सहभागी बन्नुपर्छ। पाँचौँ, क्रान्तिलाई आवश्यक पर्ने आर्थिक, भौतिक सहयोग जुटाउनुपर्छ। छैटौँ, सम्पूर्ण तागतका साथ दलालहरूविरुद्ध विद्रोह गर्नुपर्छ र सातौँ, विद्रोह देशको विशेषताअनुरूप गर्नुपर्छ। यी नै यस्ता वस्तुवादी आधारहरू हुन् जसले वैज्ञानिक समाजवादलाई सफल तुल्याउँछन्।

» ***२०७२ सालमा संविधानको घोषणा गरी अहिलेसम्म संसदीय राज्य व्यवस्थाअन्तर्गत सबैतहका चुनावहरू सकिएका छन् । यसलाई उनीहरूले संविधानको कार्यान्वयन भनेका छन् । चुनावपछिको नेपालको राजनीतिमा देखिएका परिदृश्यलाई कसरी हेर्नुभएको छ ?***

हाम्रो केन्द्रीय समितिको बैठकले संश्लेषण गरेको छ दलाल संसदीय व्यवस्थाको चुनावपछि देश दुई ध्रुवमा विभक्त हुन पुगेको छ। वैचारिक, राजनीतिक र व्यावहारिक दृष्टिले एकातिर संसद्‌वादी राजनीतिक ध्रुव बनेको छ भने अर्कोतिर वैज्ञानिक समाजवादी ध्रुव बनेको छ। एकातिर एमाले–माके, काङ्ग्रेसको नेतृत्व छ भने अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व छ। यो स्थितिमा उनीहरूले संविधानको कार्यान्वयन भनेकाछन् भने हामीले क्रान्तिको नयाँ प्रक्रियाको सुरुआत भनेका छौँ । हाम्रो विचारमा राज्यसत्तामा एकवर्गको धारा पूर्ण रूपले हाबी नभएसम्म यो चलिरहनेछ। तर भविष्यको कोणबाट हेर्दा वैज्ञानिक समाजवादी ध्रुव नै विजयी हुनेछ।

» ***गत केन्द्रीय समितिको बैठकले एमाले–माओवादी केन्द्रको गठबन्धनलाई 'सामाजिक दलाल पुँजीवादी' भनेको छ ।सामाजिक दलाल पुँजीवादी किन भनिएको होला ?***

ठीक भन्नुभयो । हामीले केन्द्रीय समितिबाट एमाले–माके गठबन्धन र धारलाई 'सामाजिक दलाल पुँजीवादी' धार भन्ने संश्लेषण गरेका छौँ । यो कुनै मनोगत वा पूर्वाग्रही निष्कर्ष होइन, सम्पूर्ण दृष्टिकोणले उनीहरूको वस्तुगत संश्लेषण हो। हामीले यो किन भन्यौँ भने एमाले झापा विद्रोहपछि पुँजीवादी सत्तासामु आत्मसमर्पण गर्न पुगेको धार हो। अहिले प्रचण्डहरू पनि जनयुद्धलाई विसर्जन गर्दै पुँजीवादकै शरणमा पुगे। यी दुवै दलहरूले अहिले विचार मिल्यो भन्दै एक्ताको प्रचार पनि गरेकाछन् र यो सही पनि हो। तर यी दुवैले मुखले भन्दा आफूलाई कम्युनिस्ट नै भन्छन् । उनीहरू भन्छन्- आजको दुनियाँमा लोकतान्त्रिक शक्ति उनीहरू नै हुन् । प्रचण्डले त जे पायो त्यही बोल्दै हिँडेकाछन् । उनीहरू आफैँले भनेअनुसार अब क्रान्ति समाप्त भयो । पुँजीवाद छ, लोकतन्त्र मान्छौँ भन्ने अनि क्रान्ति सकियो भनेपछि पुँजीवादनै त भयो । तर नेपालमा त पुँजीवाद पनि क्रान्तिकारी र प्रगतिशील पुँजीवाद छैन । यो दलाल चरित्रको पुँजीवाद हो। त्यसैले हामीले भन्यौँ- केपी र प्रचण्डले पुँजीवाद मानिसकेपछि पुँजीवादीनै भए तर कम्युनिस्टको नाम पनि राखेकाले यी रूपमा सामाजिक पनि देखिने भए । त्यसैले हामीले संश्लेषण गर्‍यौँ- केपी–प्रचण्ड भनेको कम्युनिस्ट नाम भिरेका पुँजीवादी हुन् । यसलाई राजनीतिक भाषामा भन्दा 'सामाजिक दलाल पुँजीवादी' भन्नु वस्तुवादी हुन्छ। अर्थात् जीवन र कर्म दलाल पुँजीवादी, नाम समाजवादी भएकाले हिसाब 'सामाजिक दलाल पुँजीवादी' भयो।

» ***जनयुद्धका मुख्य अभियन्ता मानिएका प्रचण्डहरूले प्रतिक्रियावादका सामु आत्मसमर्पण मात्र गरेनन्, जनयुद्धका सबै उपलब्धिहरू गुमाएका छन् । यसक्रममा नेपाल कम्युनिस्ट पार्टीले भग्नावशेषमा उभिएर एकीकृत जनक्रान्तिको जग हालेको छ । नेकपाको मुख्य नेतृत्व भएकाले कस्तो अनुभव गरिराख्नुभएको छ ?***

यो निकै मर्मस्पर्शी प्रश्न हो । हाम्रो टिम जसले प्राधिकारप्राप्त भनेका नेताहरूसँग भीषण दुई लाइन सङ्घर्ष गर्नुपर्‍यो । नेतृत्वको गद्दारी र धोकाले आँखाअगाडि जहाज डुब्दैछ, एउटा गौरवपूर्ण यात्रा भुमरीमा पर्दैछ, विजयको आनन्द महसुस पूरै गर्न नपाउँदै सारा उपलब्धिहरूलाई माटोमा मिलाइँदैछ । कैयौँ मान्छेहरू केवल बर्बाद भो मात्र भनेर टोलाएका छन्, एउटा ठूलो हिस्सा सिक्रीले बाँधिएका बँधुवा र गुलामजस्तो टाउको झुकाएर लुरुलुरु लत्रिँदै हिँडेको छ। रगतले साटेका हतियार, जनताको मानो मुट्ठीबाट जम्मा पारेर तयारगरिएको सेना र ड्रेस दुस्मनलाई सुम्पिँदैछन् अनि हामी उनीहरूको काखमै उभिएर भीषण सङ्घर्ष गरिरहेकाछौँ । यो वास्तवमै अनुपम अनुभूति हामीसँग छ। सायद कैयौँ रात हामी निदाएनौँ पनि । तर हामीले सर्वहारा वर्गको मोर्चा, असल कम्युनिस्टको मोर्चा यहाँ पनि समाल्यौँ। हामीले गद्दारी गर्ने फटाहाहरूको हातबाट क्रान्तिको झन्डा खोस्यौँ, मालेमावाद र नेपाली क्रान्तिको विचारलाई सबैले देख्ने गरी फहरायौँ। हामीले खुलेआम घोषणा गर्‍यौँ-कि तिम्रो सत्ता,कि हाम्रो सत्ता । बीचमा कुनै ठाउँ छैन। हामीलाई कूपमण्डुकहरूले पनि गाह्रो पारे तर आज हामी नेपाली क्रान्तिको मौलिक कार्यदिशा 'एकीकृत जनक्रान्ति' को वैज्ञानिक कार्यदिशा संश्लेषण गरेर वैज्ञानिक समाजवादी सत्ता स्थपना गर्ने महान् यात्रामा डटेका छौँ। हामीलाई पूर्ण विश्वास छ- शान्तिप्रक्रियाको धोकाले निरास भएका नेपाली श्रमिक जनताले बाँकी क्रान्तिलाई पूरा गर्न हामीलाई पूर्ण रूपले साथ दिनेछन्। सबैतिरबाट पार्टीलाई प्राप्त भइरहेको सहयोग, समर्थन र व्यक्त विश्वासले यसलाई प्रस्ट देखाउँछन्।

» ***अहिले नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका बीचमा एक्ता र ध्रुवीकरण गर्ने समाचारहरू आइरहेका छन् नि ? एक्ता वा ध्रुवीकरणका मुख्य आधारहरू केलाई बनाइरहनुभएको छ ?***

हाम्रो केन्द्रीय समितिले यसबारेमा पनि प्रस्ट निर्णय लिएको छ। पहिलो कुरा प्रतिक्रान्ति, प्रतिगमन, राष्ट्रघात, संशोधनवादीहरूको साँठगाँठ, साम्राज्यवादीहरूको षड्यन्त्रका विरुद्ध क्रान्तिकारीहरूको एक्ता ऐतिहासिक आवश्यकता बनेको छ । त्यसैले भएका क्रान्तिकारी कम्युनिस्टहरू एक्ताबद्ध हुनुपर्छ । यसको मुख्य आधार भनेको मालेमावाद, सशस्त्र सङ्घर्ष, वैज्ञानिक समाजवाद मान्दै दलाल पुँजीवादी सत्ताकाविरुद्ध लड्ने हो । दोस्रो कुरा हाम्रो पार्टीले संश्लेषण गरेको नेपाली क्रान्तिको कार्यदिशा 'एकीकृत जनक्रान्ति' नै आजको मालेमावाद हो। यसले नेपाली वस्तुस्थितिको ठीक प्रतिनिधित्व गर्छ। यसलाई लागू गर्नेगरी सबैसँग वैचारिक एवमूराजनीतिक सहमति आवश्यक छ । यसलाई छोडेर फेरि बहस गर्नु पछि फर्किने मात्र हुन्छ। तेस्रो कुराश्रमिक जनताको अपेक्षाअनुरूप योजनाहरू चौतर्फी सञ्चालन गर्ने पार्टी निर्माण गर्नेमा एउटै बुझाइ हुनुपर्छ। यति भयो भने यो निकै राम्रो हुनेछ। यद्यपि हामी बहस, छलफलका लागि खुला हुनुपर्छ र त्यो राम्रो भई पनि राखेको छ।

» ***अहिले कुनकुन पार्टीसँगएक्ता हुने सम्भावना रहेको छ ?***

ठोस रूपमा हाम्रो छलफल कमरेड किरणले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सँग भइरहेको छ । त्यसैगरी माकेबाट विद्रोह गर्नुभएका कमरेड लोकन्द्र बिष्ट(अभ्यास) सँग पनि छलफल चलेकोछ। अन्य पार्टी र कमरेडहरूसँग पनि छलफल चल्दैछ। यस सन्दर्भमा म विशेष प्रकारले माकेभित्रका इमानदार कमरेडहरू जसले क्रान्तिबाट वैज्ञानिक समाजवादी नेपालको सपना देखेर जीवनलाई क्रान्तिमा होम्नुभएको थियो र आज पनि क्रान्तिभन्दा अर्को सोचिरहनुभएको छैन, उहाँहरूलाई विशेष आग्रह गर्न चाहन्छु- आत्मसमर्पणवाद र विसर्जनवादसँग विद्रोह गर्नुस् । जनताको हितमा विद्रोह गर्नु क्रान्तिकारीहरूको अधिकारसँगै विशेष जिम्मेवारी हो। साथै क्रान्तिकारी ध्रुवीकरणमा एक्ताबद्ध बनौँ। क्रान्ति प्रबल सम्भावनासहित हाम्रासामु छ।

» ***नेकपाले अहिले केकस्ता कार्यक्रमहरू सञ्चालन गरिराखेको छ ?***

केन्द्रीय समितिले ऐतिहासिक चुनाव खारेज अभियानको संश्लेषण गर्दै आउँदो ३ महिने ' जनजागरण अभियान' सञ्चालन गर्ने निर्णय लियो। हामीले ५ तयारीमा सम्पूर्ण ध्यान केन्द्रित गरेकाछौँ। आफ्नो विचार र राजनीतिलाई जनतासम्म पुर्‍याउने, जनतालाई सम्भव भएसम्म सङ्गठित गर्ने, राष्ट्रियता, जनअधिकार र दैनिक समस्यालाई लिएर सङ्घर्षमा परिचालित हुने, आवश्यक आर्थिक व्यवस्थापन गर्ने र साधनस्रोतलाई व्यवस्थित गर्ने । निर्णयलाई यही माघ १५बाट उद्‌घाटन पनि गरिसकिएको छ र कार्यक्रमहरूशानदारढङ्गले सञ्चालन भइरहेकाछन्। यस अवसरमा म सबै अभियात्री कमरेडहरूलाई धेरैधेरै शुभकामना दिन चाहन्छु।

» ***जनयुद्धको २३ औँ वार्षिकोत्सवका अवसरमा केही भन्न चाहनुहुन्छ कि ?***

जनयुद्ध दिवस भव्य उत्साह र उमङ्गका साथ मनाऔँ ! निराशाको समय गयो ! नयाँ कार्यभार पूरा गर्ने दिन आएको छ। जनयुद्ध र जनविद्रोहको उच्च संश्लेषण 'एकीकृत जनक्रान्ति' को मार्गमा लामबद्ध बनौँ। वैज्ञानिक समाजवादका लागि क्रान्ति, क्रान्ति र फेरि पनि क्रान्ति ! सबैलाई पुनःहार्दिक शुभकामना !







## क्रान्तिप्रति ...

गर्नैपर्छ। हामी एकताबद्ध हुनैपर्छ। यसमा हामीले विशेष परिश्रम गर्नुपर्छ। नयाँ नेपाल निर्माण गर्न क्रान्तिकारीहरू गोलबन्द गर्नुबाहेक अरू विकल्प छैन। यसबाट मात्र बाँकी रहेका क्रान्तिका कार्यभार, राष्ट्रियता र जनजीविकाको समस्या समाधान गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशामा जानका निम्ति हामी एकताबद्ध हुनुपर्छ।

सबैभन्दा पहिला त यहाँहरूको पत्रिकामार्फत देशभित्रका सबै क्रान्तिकारीहरू, शुभेच्छुकहरू, आमजनसमुदाय र अन्तर्राष्ट्रिय क्षेत्रका पनि भाइचारा, शुभचिन्तक, सर्वहारावर्गलाई म पार्टीका तर्फबाट विशेष क्रान्तिकारी अभिवादन गर्न चाहन्छु। हार्दिक शुभकामना दिन चाहन्छु। हामीले यो जनयुद्ध दिवस संयुक्त रूपमा मनाएका छौँ। हामीले क्रान्तिको प्रक्रियामा लाग्नुपर्छ भन्ने प्रतिबद्धता जरुरी छ र हामी प्रतिबद्ध छौँ।

(कुराकानीमा आधारित)

## गोरखा जेलब्रेक ...

घन्टाजति छड रेट्यौँ तर अलिकति पनि काटिएन। तैपनि काट्दै थियौँ। त्यही बेला घ्याक्क ढोका खोलेको जस्तो ठूलो आवाज आयो । हामी खुब आत्तियौँ । हातखुट्टा फत्याकफुतुक्क गले । विश्चय नै अब यहाँको आवाज बाहिर सुनियो अनि पुलिसहरू भित्र पसे भन्ने सोझै अड्कल गर्‍यौँ । हतासिँदै ढोकामा गएर कान थापेर चाल सुन्यौँ । १० मिनेटजति काम रोक्यौँ । दुस्मनको गतिविधि केही दखिएन । अनि होइन भन्ने विश्वास लागेपछि पुनः काम चालू गर्‍यौँ। धेरै प्रयास गर्‍यौँ तर अलिकति पनि छड काटिएन। १० बजेसम्म नाचगान पनि अस्वाभाविक हुन्छ । यहाँको ढ्याकढुक आवाज बाहिर निस्कन्छ। के गर्ने के नगर्ने ? तीनैजना काम छोडेर टोलाउन थाल्यौँ। उता फेरि सम्झियौँ बाहिर सबै तयार भइसकेछ, हामी रातभरिमा हिँडिसक्नुपर्छ, नभए भोलि नै सबै एक्सपोज हुन्छ । कामको थालनीदेखि नै धेरै अप्ठ्याहरू आए तर त्यसबेलाजति म कहिल्यै आत्तिएकी थिइनँ आज । तर जसरी भए पनि निस्कनैपर्छ । फेरि हिम्मतसाथ लाग्यौँ । हेक्सो ब्लेड, रामोको सहायताले छड गाडिएको झ्यालको काठ काट्न थाल्यौँ। धेरै प्रयास गरेपछि ९ बजेतिर एउटा छड निकालियो। मैले टाउको छिराएर विचार गरेँ । टाउको त छिर्‍यो तर हेर्दा अझै पनि साँघुरो देखियो । तर फेरि अर्को झिक्दा धेरै समय लाग्ने भएकाले बाहिर आवाज जाने खतरा देखियो। त्यसबाट जसोतसो छिर्ने सोच्यौँ, सकिएला भन्ने पनि लाग्यो। अब दुईवटै अजङ्गका पर्खालहरू हाम्रा लागि खुला भए। बल्ल मन ढुक्क भयो- अब हामीलाई कसैले छेक्न सक्दैन।

कामको अन्तिम क्षण अर्थात् २०५७ चैत १७ गते राति बाहिर चारैतिर सुनसान थियो। लाग्छ संसार मस्त निद्रामा डुबेको थियो । हामी भने अन्धकारको स्वर्गमाथि अन्तिम धावा बोल्न तम्तयार अवस्थामा थियौँ। सम्भावित सफलता, खुसी अनि अनिश्चितताको द्वन्द्वले फुलेको छाती र उफ्रिरहेको मुटुलाई संयमित पार्दै बेलाबेलामा भित्ताको घडीमा आँखा लगाइरहेका थियौँ। रात आफ्नै गतिमा छिप्पिँदै गइरहेको थियो। निष्पट्ट रातको सन्नाटामा घडीको सुईको टकटक आवाज झन् बढ्दै गएजस्तो भान हुन्थ्यो। घन्टा सुई १२ बाट तल ओर्लंदै थियो। हामी सबै चुपचाप निश्चित समयको प्रतीक्षामा बसिरहेका थियौँ । बोल्ने शब्द कसैलाई आइरहेको थिएन। सबैको चेहरा गम्भीरतामा चुर्लुम्म डुबेको थियो। ठीक पौने एक बज्यो। हाम्रो प्रतीक्षाको घडी समाप्त भयो । हामी शान्तपूर्वक उठ्यौँ र पङ्क्तिबद्ध भएर फर्मेसनमा उभियौँ। त्यसबेला मलाई पहिलेपहिले फौजी कारबाहीमा जाने बेलाको बिदाइको सम्झना आयो। कारबाहीको प्रकृति फरक भए पनि यो पनि एक प्रकारको एक्सन नै थियो। बाहिर निस्कनका लागि क्रम मिलाएका थियौँ । पहिलो उमा, दोस्रो कमला, तेस्रो एन्जिला, चौथो सञ्जु, पाँचौँ रीता र छैटौँमा मीना। फर्मेसनमै मैले अत्यावश्यक सवालमा ५ मिनेटमा कुरा राखेँ। मृत्युलाई जितेर मात्र अब अन्तिम सफलता हासिल गर्न सक्छौँ। मृत्युसँग डराएका छैनौँ। मृत्युलाई जित्न सक्छौँ। सबैको मुखबाट उत्तर आयो। अनि सबैजना एकअर्कासँग हात मिलाउँदै पङ्क्तिबद्ध भएर नयाँ जीवनका लागि मृत्युसँग लड्न निर्णायक पाइला अघि बढायौँ।

म झ्यालनजिक पुगेँ। झ्याल अलि अग्लो थियो भने छिर्ने ठाउँ साँघुरो साथै दुस्मनको एक नम्बर सेन्ट्रीपोस्टबाट त्यो झ्याल सोझै देखिन्थ्यो। हामीसँग त्यहाँभन्दा राम्रो विकल्प थिएन। झ्याल अग्लो भएकाले टाइप मेसिन राख्ने टेबुल त्यहाँ राखेका थियौँ। म त्यसैमा टेकेर झ्यालबाट छिर्ने प्रयास गरेँ। साँघुरो भएकाले कहिले टाउको त कहिले खुट्टा पसाएर बाहिर निस्कन खोजेँ तर सकिनँ। ढिलो गर्नु भनेको छिटो मर्नु हो भन्ने सोच्दै बल्लबल्ल शरीर कोल्टे पारेर म छिर्न सफल भएँ। त्यसपछि कमलालाई बाहिरतिरबाट तानेँ । छिर्ने तरिका थाहा भयो। उहाँ आउन गाह्रो भएन। हल्का खुट्टाको पछाडि हेर्‍यौँ, एन्जिला झ्यालबाट बाहिर निस्किसक्नुभएको थियो । सेन्ट्रीले चाल नपाएको बुझियो । हामी भित्र पस्यौँ । सुरुङभित्र एकअर्कालाई छोइएर आउने मिलाएका थियौँ। क्रलिङ गर्दै अघि बढ्यौँ। सुरुङभित्र घिस्रँदाघिस्रँदै मेरो टाउको बाहिर निस्कियो। त्यहीँबाटै यताउता हेरेँ। जताततै बिजुलीको प्रकाश परेको थियो। त्यो थोरै ठाउँ मात्र छाया परेको रहेछ। जमिनमा हात टेक्दै बाहिर निस्किएँ। बाहिरको चिसो हावाले खुसी हुँदै स्वागत गर्‍यो। म छायामा उभिएँ। यताउता हट्नासाथ उज्यालो पर्थ्यो। कतातिर बढ्ने भन्नेबारे बाहिर गएर नै निर्णय लिने भन्ने थियो। सबै निस्किएपछि मात्र अघि बढ्ने सोचियो । दुस्मनले थाहा पाइहाल्यो भने नि फायरिङबीचबाट भाग्दा कोही न कोही बचिन्छ। क्रमशः बहिनीहरू आउँदै ओझेलमा उभिनुभयो । अन्त्यमा मीना पनि आइपुग्नुभयो। हामी अब खुला आकाशमुनि थियौँ। फराकिलो नयाँ संसारमा पाइला टेकेका थियौँ। आकाशका ताराहरू खुसीले चम्किँदै हामीलाई हेरिरहेका थिए। उत्साहले हाम्रो छाती फुलेको थियो, सास बढेको थियो। हामीले आफ्नो खुसी रोक्न सकेनौँ। सबैले दरिला हाल मिलायौँ, एकअर्कालाई अँगालोमा हालेर छातीमा टाँस्यौँ तर हामी आफैँ खतरामुक्त भइसकेका थिएनौँ। जेलको पर्खालबाट सोझै दूरी बढाएर अघि बढ्न हाम्रो लागि अनुकूलता देखिएन। उल्टै पर्खालको किनारैकिनार दुई नम्बर सेन्ट्री पोस्टको तल हुँदै मूलढोकाको अगाडितिर पो बढ्नुपर्ने भयो। जोखिम अवश्य थियो तर हामीलाई त्यसको कुनै परवाह थिएन। हामी फेरि क्रलिङ गर्दै दुई नम्बर सेन्ट्री पोस्टतिर अघि बढ्यौँ। पोस्ट वालमाथि थियो । लस्करै भएर घिस्रिँदै सेन्ट्री पोस्टको ठीक तल आइपुग्यौँ । ड्युटीको पुलिस चलमलाइरहेको, खेतको गह्रामा छायाँ देखिन्थ्यो। दुई नम्बर पोस्ट पार गरियो र एक नम्बर पोस्ट मूल ढोकातिर अघि बढ्यौँ। खस्याङखुसुङ कत्ति पनि आवाज ननिकाली घिस्रँदा समय बढी नै लाग्यो । करिब पौने एक घन्टामा एक नम्बर सेन्ट्री पोस्टको नजिकै आइपुगियो। त्यसभन्दा अगाडि अलिकति खाली भाग थियो । तर छ्याङ्गै बिजुलीको उज्यालो परेको थियो, सेन्ट्रीले देखिहाल्थ्यो । छेकिन मिल्ने कुनै कभर पनि थिएन । दुस्मनले चाल पाउने सम्भावना देखियो। हामी चुपचाप अडियौँ र साउतीका आधारमा सल्लाह गर्‍यौँ। त्यो भाग पार गरेपछि एउटा पर्खाल भेट्टाइन्थ्यो। सङ्केतअनुसार सबै एकैचोटि जम्प गरियो। भ्वाक्क आवाज निस्किहाल्यो। ड्याम्म ! तुरुन्तै एक नम्बर पोस्टबाट दुस्मनले फायर गर्‍यो । दुस्मनले चाल पाएको बुझियो । खबरदार ! तिमीहरू घेरामा परिसकेका छौ, टोली फायर गर! माइन चार्ज गर। ने.क.पा. (माओवादी)- जिन्दावाद ! एक्कासि म त कासन गर्न पो थालेछु। त्यसपछि भिरालो जमिनमा कान्लाकुन्ली नाघ्दै दौडियौँ। जेलमा दुस्मनको खलबल बढेजस्तो लाग्यो। हामी भीषण लडाइँको अन्तिम र निर्णायक विजयको सन्निकट पुगिसकेका थियौँ। धेरै समयपछि फायरिङको आवाजले हाम्रो दिमाग र शरीर अझ फुर्तिलो भयो। अब दुस्मनको गोलीले हामीलाई रोक्न सक्दैनथ्यो। कुनै पनि शक्तिले हामीलाई छेक्न सक्दैनथ्यो। करिब मुक्त भइसकेको आभासले हाम्रो शक्ति र स्फुर्ति कयौँ गुणा बढेको थियो। किनभने बाहिरी संसारको स्वस्थ हावा हाम्रो शरीरभित्र प्रवेश गरिसकेको थियो। हामी वेगवान् गतिमा अघि बढ्यौँ। खोल्साखोल्सी र पाखाहरूको कुनै परवाह भएन।

करिब २५-३० मिनेट दौडिएपछि दुस्मनको गतिविधिको कुनै सङ्केत देखिएन। हामी दुस्मनको बुताबाहिर पुगिसकेका थियौँ। पिँजडा तोडिइसकेको थियो। हाम्रा पखेटा र खुट्टाहरू बन्धनमुक्त भइसकेका थिए। पहिले दुस्मनसँग बच्न र पछि हाम्रो सफलताको खुसीयालीमा हामी दौडिरह्यौँ । सास बढ्दै थियो। मुटुको ढुकढुकी बढ्दै थियो हरेक पल सफलताको सुनिश्चिततासँगै।

**खुला आकाशमुनि**

अँध्यारो रातको शून्यतालाई सफलताको पदचापले भङ्ग गर्दै वेगवान् गतिमा हामी अघि बढ्यौँ। धेरै दिनपछि भेटघाट भएका रूखबिरुवा, घाँसपात, गोरेटो र चौतारीहरू सुम्सुम्याउँदै, खोला, खोल्सा र भीर पाखाहरूको हालचाल बुझ्दै कहिले प्यारो माटो सुँघ्दै, डाँडाकाँडासँग हातको इशाराले हामी आइपुग्यौँ भन्ने जानकारी गराउँदै हाम्रा पाइलाहरू निरन्तर बढिरहे। अनगिन्ती कठिनाइबाट प्राप्त सुखले मान्छेहरूलाई आनन्दित र उत्साहित बनाउँदो रहेछ।

दुस्मनको क्याम्पमा भएको सम्भावित चित्कार र पार्टी सम्पर्कको सुखद कल्पनाको संयोजित अन्तरद्वन्द्वमा रमाउँदै, चराचुरुङ्गीहरूको सुमधुर गीतसङ्गीतको तालमा गोडाहरू आफ्नै गतिमा चलिरहे।

५ घन्टासम्म लगातार एउटै स्पिड कायम गर्‍यौँ। उघ्रँदै गएको नयाँ बिहानीले हाम्रो बाटो गाइड गर्न थाल्यो। मिर्मिर हुँदा मोटरबाटो पार गर्‍यौँ। छर्लङ्ग उज्यालो हुँदा पर पाखामा बक्राङ गाउँ देखियो । एकअर्कालाई हेर्दै हाँस्यौँ। हाम्रो शरीर, कपडाहरू हिलोले लत्पत्तिएको थियो । खुट्टामा जुत्ताचप्पल थिएन । तर पनि हाम्रा पाइलाहरू पटक्कै रोकिन मानेनन्। जनताको चुम्बकीय मायाले हामीलाई तानिरहेको थियो। आफ्नो प्यारो बन्दुक अँगाल्दै जनमुक्ति सेनाको लस्करमा सामेल हुन, महान् पार्टीका नेताहरू, योद्धाहरूसँग न्यानो हात मिलाउन हामी निकै आतुर थियौँ।

क्षितिज रक्ताम्य भयो र रातो लाली जताततै पोखियो। सूर्यको किरण पनि सधैँभन्दा गाढा सुनौलो र पारिलो थियो। आकाश पनि सफा र निर्मल थियो। कतै पनि बादलको कालो धब्बा थिएन। सबै कुरा सुन्दर थिए। किनभने त्यो हाम्रो आफ्नै सूर्य थियो आफ्नै धर्ती र आफ्नै आकाश थियो।

त्यही स्वच्छ र खुला आकाशमुनि हामी ५ जना पन्छीहरू मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथको अजेय, अविचल वैचारिक मार्गदर्शनमा शीघ्र नै विश्वक्रान्तिको महासमरमा समाहित हुने उच्च अभिलाशासहित स्वतन्त्रपूर्वक उडिरह्यौँ, उडिरह्यौँ...अनन्त-अनन्तसम्म !

## युवा सम्मेलन ...

नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओलीले गर्नुहुने भएको छ। सम्मेलन स्थलको व्यवस्थापनको नेतृत्व गरिरहनुभएका सङ्गठनका केन्द्रीय सदस्य पाटनले पूर्वी क्षेत्र र कार्यक्रम स्थलको तयारी अन्तिम चरणमा पुगेको बताएका छन् जसअनुसार जनकपुरबाट ५ वटा बस, उदयपुर-भोजपुरसहित सगरमाथाबाट ६ वटा बस विराटनगर प्रवेश गर्नेछन्। सुनसरीबाट तीन सय र मोरङबाट छ सय युवा उद्‌घाटन कार्यक्रममा सहभागी हुनेछन्।

उद्‌घाटन कार्यक्रम विराटनगरको ट्राफिक चोकबाट र्‍यालीसहित जुलुस सुरु भएर गुद्री बजार, पुरानो जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, अस्पताल सडक हुँदै गुद्री बजारमै आएर सभामा परिणत हुनेछ।

## निराशाको समय ...

एकीकृत जनक्रान्ति' को मार्गमा लामबद्ध बनौँ। वैज्ञानिक समाजवादका लागि क्रान्ति, क्रान्ति र फेरि पनि क्रान्ति ! सबैलाई पुनः हार्दिक शुभकामना !'

यसै सन्दर्भमा जनयुद्ध दिवसको अवसर पारेर नेपाल कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) द्वारा संयुक्त रूपमा मनाइएको छ। काठमाडौँको राष्ट्रिय सभागृहमा आयोजना गरिएको उक्त कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले सम्बोधन गर्दै भन्नुभयो, 'महान् जनयुद्धलाई नेपालका नवसंशोधनवादीहरूले बीचैमा ध्वस्त पारेका थिए । अहिले नेपालका क्रान्तिकारीहरूले नयाँ शिराबाट क्रान्तिलाई अगाडि बढाउने चेष्टा गरिराखेका छन्। प्रचण्डहरूले कम्युनिस्ट पार्टीलाई पूरै प्रतिक्रियावाद उन्मुख बनाएका बेलामा त्यहाँ रहेका क्रान्तिकारी साथीहरूले त्यो पार्टीसँग सम्बन्धविच्छेद गर्दै क्रान्तिकारी ध्रुवीकरणमा आउनुपर्छ।' उहाँले विचार र राजनीतिका आधारमा केही समयमा नै नेकपासँग एकता हुने बताउनुभएको थियो।

उक्त कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य सुदर्शनले मार्क्सवादलाई सही तरिकाले आत्मसात गरेर बलप्रयोगको सिद्धान्तलाई लागू गर्ने बताउनुभयो। बल प्रयोगबिना पुरानो राज्यलाई ध्वस्त गरी नयाँ राज्य निर्माण गर्न नसकिने उहाँले बताउनुभयो। उहाँले अहिले सानो राष्ट्र भए पनि जनगणतन्त्र कोरियाले आणविक हतियार निर्माण गरेर विश्वको सबैभन्दा बलियो भन्ने गरिएको अमेरिकालाई थर्कमान पारेको बताउनुभयो । हतियार भएकैले अहिले कोरियाले अमेरिकालाई बिनासर्त वार्ता गर्ने ठाउँमा पुर्‍याएको उहाँले बताउनुभयो। उक्त कार्यक्रममा नेकपा (माके) का विद्रोही नेताहरू लोकेन्द्र बिष्ट, गोपाल किराँती र विश्वभक्त दुलाल (आहुति) ले माओवादी केन्द्रका मुख्य नेताहरूले क्रान्तिकारी विचार र राजनीति पूर्ण रूपले छाडी आत्मसमर्पण गरेकाले त्यहाँबाट क्रान्तिकारीहरूले विद्रोह गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो।

## जनयुद्ध दिवस ...

जनक्रान्तिमार्फत पूरा गर्ने बताए। कार्यक्रममा माओवादी केन्द्रका पोलिट्ब्युरो सदस्य टङ्कमणि शर्मा, एमालेका पुरुषोत्तम घिमिरे, काङ्ग्रेसका हरिबहादुर आचार्य, राष्ट्रिय जनमोर्चा रूपन्देही अध्यक्ष दीपक पौडेल, नयाँ शक्तिका यज्ञ पोखेल, नेकपा (क्रान्तिकारी माओवादी) का केजी कुमार पौडेल, फोरमका अशोक बर्मा, साहित्यकार तथा वाम बुद्धिजीवी दिल सहानी, मार्क्सवादी विचार सङ्घका मीनबहादुर गुरुङ, नेपाल पत्रकार महासङ्घका अध्यक्ष यानेन्द्र जीसी, अग्रज पत्रकार बालकृष्ण चापागाईंलगायतले जनयुद्धको २३ औं वर्ष प्रवेशका अवसरमा शुभकामना व्यक्त गरेका थिए। नेकपाका जिल्ला सचिवालय सदस्य नवीन थारूले स्वागत र कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी अमर रोक्काले गरेका थिए।

२३ औं जनयुद्ध दिवस चितवनको माडी नगरपालिकाको बगौडामा भव्य रूपमा मनाइएको जानकारी चितवन संवाददाताले दिएका छन्। यसैबीच मेची ब्युरोअन्तर्गत झापा जिल्लाको केर्खामा रहेको प्रथम डिभिजनको सहिद स्मारक गेटमा २३ औं जनयुद्ध दिवस मनाइएको छ। २३ वटा झन्डा र जनयुद्धको झल्को दिने गरी २३ वटा पटका पट्काउँदै दिवस मनाइएको हो। उक्त कार्यक्रममा नेकपाका पूर्वी कमान्ड इन्चार्ज अनिल शर्मा ' विरही', केन्द्रीय सदस्य निर्मलले शुभकामना राखेका थिए। कार्यक्रममा मेची ब्युरोका सदस्य शर्व श्रेष्ठ, ब्युरो सदस्य दर्शन, उमेश, राजुको उपस्थिति रहेको थियो भने झापा जनसरकार प्रमुख सुमनसिंहले कार्यक्रम सञ्चालन गरेका थिए। सभाध्यक्ष झापा जिल्ला सेक्रेटरी सौगातले गरेका थिए।

यसैबीच २०० जनाको उपस्थितिमा सर्लाही जिल्ला बागमती नपा ५ शंखरपुर गाउँमा २३ औं जनयुद्ध दिवस मनाइएको छ। नेकपा केन्द्रीय सदस्य सन्देश पौडेलले सङ्घर्षमा नआत्तिईकन लाग्न जनतालाई अपिल गर्नुभयो। सभाध्यक्ष कुमार पौडेलले गर्नुभएको थियो।

भोगवु नयाँ बसपार्कको व्यापारिक पसल कवलहरुको
बुकिङ्ग खुल्ला



लोत्से बहुउद्देश्यीय प्रा. लि.
सम्पर्क नं.: ९८०११००८०३, ९८०११००८०४, ९८०११००८०५

एक वर्षको समृद्धि चाहनुहुन्छ भने अन्न वाली लगाउनुहोस
१० वर्षको समृद्धि चाहनुहुन्छ भने रुख विरुवा रोप्नुहोस्
१०० वर्षको समृद्धि चाहनुहुन्छ भने बालबालिकामा लगानी गर्नुहोस् जनशक्ति विकास गर्नुहोस् ।
- कन्फ्युसियस



टोखा नगरपालिकाको कार्यालय
काठमाडौं

Govt Lic. No.: 1122/073/074
सुरक्षित र भरपर्दो वैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्
साजन अधिकारी, निर्देशक
मालिका ओभरसिज प्रा.लि.
टोखा–१०, काठमाडौं
फोन : ०१–४३५८०९०, ४३८८४९३
www.malikagroups.com

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५



Study in Australia
• Study at globally reputed universities and colleges
• Choose from a wide range of courses with study options
IELTS CLASSES AVAILABLE
SCHOLARSHIPS AVAILABLE
THE NEXT Education Consultancy Pvt. Ltd.
Putalisadak (way to Dillibazar), Kathmandu, Nepal
T: 4427241,4010522, 4010523, E: info@thenext.edu.np, W: www.thenext.edu.np
AUSTRALIA: Suit 217, 185 Elizabeth Street, Town Hall Sydney NSW, Australia, T: +61292863443
BUTWAL OFFICE: Milanchowk 11, Butwal, T: 071-540737 / 550737
CHITWAN OFFICE: Lions Chowk, Narayangarh, T: 056-571091
POKHARA OFFICE: Chipledhunga-Pokhara, T: 061-539544

राष्ट्रिय बाणिज्य बैंक लि. प्रस्तुत गर्दछ
व्यवसायिक कर्जा



Swift : RBBANPKA
www.rbb.com.np
संस्थागत तथा साना मझौला कर्जा विभाग
फोन नं. : ९७७-१-४२५२५९५, EXT ३७११ र ३७१२, फ्याक्स नं.: ९७७-१-४२६८४०८
सम्पर्क : नजिकको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरू
राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं